# परिच्छेद एक

## शोध परिचय

### शोध शीर्षक र त्यसको परिचय

### १.१ शोध शीर्षक

यस शोधपत्रको शीर्षक “बुद्धि घिमिरेको कवित्वको विश्लेषण र मूल्याङ्कन” रहेको छ ।

### १.२ शोधार्थीको नाम : नरेन्द्रप्रसाद अधिकारी

### १.३ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, श्री महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम, नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्र प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.४ शोध समस्या कथन

वि.सं. २००६ साल पौष २० गते इलाम जिल्लाको सुम्बेक गा.वि.स. वडा नं. ५ मा जन्मेर संस्कृत तथा नेपाली साहित्यको गहिरो अध्ययन गर्दै वि.सं. २०२६ देखि नेपाली काव्य साहित्यको गहिरो अध्ययन गर्दै आएका साहित्यकार बुद्धि घिमिरेको कवित्व सम्बन्धि निम्नलिखित समस्यामाथि केन्द्रित भएर शोधकार्य गरिएको छ :

(१) साहित्यकार बुद्धि घिमिरेको जीवनी र व्यक्तित्व के कस्तो छ ?

(२) साहित्यकार बुद्धि घिमिरेको साहित्य यात्रा र चरण विभाजन के कस्तो छ ?

(३) साहित्यकार बुद्धि घिमिरेको कृतित्व के कस्तो छ ?

## १.५ शोधकार्यको उद्देश्य

नेपालको शैक्षिक क्षेत्र ज्यादै कमजोर रहेको तत्कालीन अवस्थामा आफूले चाहे अनुसारको शिक्षा प्राप्त गर्न साहित्यकार बुद्धि घिमिरेले निकै ठूलो संघर्ष गर्नुपर्‍यो । यही संघर्षमय जीवनीलाई उनको सम्पूर्ण जीवन वृत्तमा प्रकाश पार्न उनका व्यक्तित्वका विविध पक्षमा परिचय गराउने उद्देश्य राखिएको छ। घिमिरेको व्यक्तित्व कुन कुन पक्षमा के कसरी निर्माण भएको छ भन्ने विषय पनि शोधपत्रमा उल्लेख गरिएको छ । यसका साथै मूलभूत रुपमा यस शोधकार्यमा निम्नानुसारका उद्देश्यहरु प्राप्तिको लागि चर्चा गरिएको छ ।

(१) साहित्यकार बुद्धि घिमिरेको जीवनी र व्यक्तित्वको निरुपण गर्नु,

(२) साहित्यकार बुद्धि घिमिरेको साहित्य यात्रा र चरण विभाजन केलाउनु,

(३) साहित्यकार बुद्धि घिमिरेको कृतित्वको विश्लेषण गर्नु,

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउँदै आएका बुद्धि घिमिरेका सम्बन्धमा भएका पूर्वकार्यमा प्राप्त हालसम्म भएका अध्ययन तथा चर्चा परिचर्चालाई समीक्षा सहित निम्नानुसार विवरणमा प्रस्तुत गरिएको छः

(क) गंगा अधिकारीले नयाँ प्रकाशन “म बाँचेको छु” “यथार्थ कुरा”, पाक्षिक (२०५४) पृष्ठ १६

यसमा ‘म बाँचेको छु’ कविता सङ्ग्रहका विषयमा अति सामान्य परिचय मात्र भएकाले यसले पूर्ण विवरण दिन सकेको छैन ।

(ख) डिल्लीप्रसाद दुवाडीले “समयचक्र काव्यप्रति चक्षुस्पर्स”, ‘अभ्यास’ द्वैमासिक (२०६५) पृष्ठ ४

यसमा समयचक्र खण्डकाव्यले दिन खोजेको सन्देश एवम् भाषाशैलीका विषयमा चर्चा गरिएको भएपनि कालक्रमिक रुपमा यस कृतिको स्पष्ट मूल्याङ्कन नभएकाले

यस विषयमा थप अनुसन्धान गर्नुपर्ने आवश्यकता अनुभव गरी यहाँ विस्तृत अध्ययन गरी तथ्यहरुको विश्लेषण गरिएको छ ।

(ग) माधव भण्डारीले 'आमुख' 'किसान' र मान्छे खण्डकाव्यद्वय (२०६१)

यसमा किसान र मान्छे खण्डकाव्यको सामान्य परिचय गराउने कार्यमात्र भएकाले यो चर्चा अपुरो देखिन्छ ।

(घ) समयचक्रको भूमिकामा, चूणामणि रेग्मीले समयचक्र खण्डकाव्यका बारेमा अति सामान्य चर्चा मात्र भएकाले यो चर्चा अपुरो देखिन्छ ।

(ङ) सागर खतिवडाले साहित्यकार बुद्धि घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको मूल्याङ्कन शीर्षकको अप्रकाशित शोधपत्रमा उनको कवित्व सम्बन्धमा सामान्य चर्चा मात्र गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य, महत्व र उपयोगिता

यस सोधकार्यमा परिष्कारवादी र प्रगतिशील साहित्य सिर्जनामा तीन दशक व्यतीत गरिसकेका साहित्य साधक बुद्धि घिमिरेका बारेमा यथेष्ट जानकारी गराउने प्रयास गरिएको छ । यसका साथै यस शोधकार्यले नेपाली साहित्यकै अनुसन्धान परम्परामा एउटा ईंटा अवश्य थपिएको छ । यसमा बुद्धि घिमिरेको कवित्वको अध्ययन गरिएकाले घिमिरेको जिज्ञासु पाठक एवम् साहित्य चिन्तक सबैका लागि प्रस्तुत शोधकार्य महत्वपूर्ण रहेको छ । त्यसैले यो शोधकार्य औचित्यपूर्ण, महत्वपूर्ण र उपयोगी रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधकार्यमा साहित्यकार बुद्धि घिमिरेको कवित्वका विविध पक्षबारे जानकारीका साथै प्रकाशित कविता सङ्ग्रह तथा खण्डकाव्यका बारेमा सघन र गहन अध्ययन गरी प्रकाश पार्नु यसको सीमाङ्कन रहेको छ ।

## १.९ सामग्री सङ्कलन तथा अध्ययन विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न सामग्री सङ्कलन सम्बन्धित व्यक्ति (शोधनायक), पुस्तकालय, प्रश्नावली, विज्ञहरु समालोचक, अनुसन्धानकर्ता र समकालीन व्यक्तिहरुसँग मौखिक अन्तर्वार्ता विधि पुस्तकालयीय अपनाइएको छ । साथै विभिन्न पत्रपत्रिका, पुस्तक, विश्वविद्यालयका शोधपत्रबाट पनि सङ्कलन गरिएको छ । परिचयात्मक, सर्वेक्षणात्मक, वर्णनात्मक र विवरणात्मक पद्धति अपनाई यो शोधपत्र तयार पारिएको छ ।

## १.१० शोधकार्यको रुपरेखा

शोधकार्यलाई स्पष्ट र सुव्यवस्थित पार्न विषयवस्तु अनुसार परिच्छेद र शीर्षकहरु दिइएका छन् । जस अनुसार यस शोधपत्रको संरचना निम्नानुसार रहेको छ ।

### परिच्छेद एक

शोधपरिचय अन्तर्गत शोधशीर्षक, शोधार्थीको नाम, शोधकार्यको प्रयोजन, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन तथा अध्ययन विधि र शोधकार्यको रुपरेखा राखिएको छ ।

### परिच्छेद दुई

बुद्धि घिमिरेको जीवनीका बारेमा जानकारी गराउने उद्देश्यले राखिएको यस परिच्छेदको मूल शीर्षक 'बुद्धि घिमिरेको जीवनी र व्यक्तित्व' राखिएको छ । यस अन्तर्गतका उपशीर्षकहरु जन्म र जन्मस्थान, बाल्यकाल, शिक्षादीक्षा, जागिरे जीवन र पारिवारिक जीवन रहेका छन् ।

बुद्धि घिमिरेको व्यक्तित्वका विविध पक्षहरुमा जानकारी गराउने उद्देश्य राखिएको यस परिच्छेदमा बुछि घिमिरेको व्यक्तित्वका विविध पक्षहरु अन्तर्गत आमुख, शारीरिक व्यक्तित्व, स्वभाव र रुचि शीर्षकमा चर्चा गरिएको छ । यसैगरी व्यक्तित्वका प्रमुख पक्षहरु उपशीर्षक अन्तर्गत कवि व्यक्तित्व, खण्डकाव्यकार व्यक्तित्व, सम्पादक व्यक्तित्व, समालोचक व्यक्तित्व, प्राध्यापक व्यक्तित्व र राजनैतिक व्यक्तित्व शीर्षकमा चर्चा गरिएको छ ।

परिच्छेद तीन

यस परिच्छेदमा बुद्धि घिमिरेको 'साहित्य यात्रा र चरण विभाजन' अन्तर्गत आमुख, लेखनकार्यका निम्ति प्रेरणा र प्रभाव, कविता र खण्डकाव्यको विकासक्रमको सन्दर्भमा बुद्धि घिमिरेको उपस्थिति, साहित्यकार बुद्धि घिमिरेको जीवन यात्रा एवम् साहित्य यात्राको चरण विभाजन र सम्मान तथा पुरस्कार जस्ता शीर्षकहरुमा चर्चा गरिएको छ ।

परिच्छेद चार

बुद्धि घिमिरेका कृतिको अध्ययन र विश्लेषण मूल शीर्षक राखिएको यस परिच्छेदमा कृतिको विधागत वर्गीकरण कविका रुपमा बुछि घिमिरे, 'म बाँचेको छु' मा सङ्ग्रहित कविताको अध्ययन, खण्डकाव्यकार बुद्धि घिमिरे, बुद्धि घिमिरेका खण्डकाव्यगत विशेषता, बुद्धि घिमिरेको खण्डकाव्यगत प्रवृत्ति, किसान खण्डकाव्यको अध्ययन र विश्लेषण, मान्छे खण्डकाव्यको अध्ययन र विश्लेषण समयचक्र खण्डकाव्यको अध्ययन र विश्लेषण तथा बुद्धि घिमिरेको मूल प्राप्तिको विधा कृति शीर्षकका चर्चा गरिएको छ ।

परिच्छेद पाँच

यस परिच्छेदको मूल शीर्षक उपसंहार राखिएको छ । यस अन्तर्गत बुद्धि घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्व र कवित्वको समग्र मूल्याङ्कन उपशीर्षक राखि चर्चा गरिएको छ ।

✡✡✡

# परिच्छेद दुई

## बुद्धि घिमिरेको जीवनी र व्यक्तित्व

### २.१ जन्म र जन्मस्थान

बुबा श्रीनारायण घिमिरे र आमा मधुमाया घिमिरेका कान्छा छोराका रुपमा बुद्धि घिमिरेको जन्म भएको हो ।[१]उनको यथार्थ जन्म मिति प्राप्त सामग्री अनुसार वि.सं. २००६ साल पौष २० गते हो । घिमिरेको जन्मस्थान जिल्ला इलाम हालको सुम्बेक गा.वि.स. वडा नं. ५ चित्रे भन्ने गाउँमा रहेको छ ।[२]

### २.२ बाल्यकाल

बुद्धि घिमिरेको बाल्यकाल सामान्य शैक्षिक वातावरणमा बितेको पाइन्छ । उनी दुई दाजु र तीन जना दिदीका कान्छा भाइका रुपमा चिनिन्छन् । घिमिरेका बुबा संस्कृत साहित्यका सामान्य ज्ञाता र ज्योतिष शास्त्रका ज्ञाता भएकाले अक्षरारम्भको साथ साथै उनले घरमै सामान्य रुपमा 'रुद्री', 'चण्डी' पढ्ने ज्योतिषको पञ्चाङ्ग गणना गर्ने अवसर प्राप्त गरेको पाइन्छ ।[३]समग्रमा बुबा, आमा, एवम् दाजु, दिदीको उचित भरण पोषणका कारण घिमिरेको बाल्यकाल राम्रोसँग वित्यो । यहीं घिमिरेको बाल्यका भनेर औपचारिक शिक्षा आरम्भ गर्नुभन्दा अगाडिको समयलाई मात्र सङ्केत गरिएको छ ।

---

[१] शोधार्थीलाई शोधनायकबाट प्राप्त जानकारी ।

[२].ऐजन ।

[३].ऐजन ।

## २.३ शिक्षादीक्षा

आफ्नो घरबाट नै अक्षरारम्भ एवम् रुद्री, चण्डी र ज्योतिषको सामान्य ज्ञान प्राप्त गरिसकेका बुद्धि घिमिरेले ६ वर्षको उमेरदेखि औपचारिक शिक्षामा प्रवेश गर्ने मौका पाएका थिए ।[४] उनले अधयन शुरु गरेको विद्यालयको नाम सुम्बेक मिडिल स्कूल थियो ।[५] भारतीय भूतपूर्व संनिकहरुको संस्था सोल्जर बोर्डको सहयोगमा निर्मित सुम्बेक मिडिल स्कूललाई हाल सुम्बेक प्रस्ताविक मा.वि. भनिन्छ ।[६] बुद्धि घिमिरेले यस विद्यालयमा कक्षा एक नपढी एकै चोटी कक्षा दुईबाट अध्ययन शुरु गरेका थिए ।[७] घिमिरेले यस विद्यालयमा दुई वर्षसम्म अध्ययन गरे ।

हिन्दू परम्परा संस्कार अनुसार आठ वर्षको उमेरमा ब्रतबन्ध गरेपछि बुद्धि घिमिरेले गुरु टीकाराम भण्डारीसँग संस्कृतको अनौपचारिक पढाइ शुरु गरे । यसक्रममा घिमिरेले अमरकोष, रघुवंश, लघु सिद्धान्त कौमुदी, हितोपदेश मित्रलाभ आदि कृतिहरु अध्ययन गरेका थिए ।[८]

नेपालमा तत्कालीन अवस्थामा आफूले सोचेअनुसार शिक्षा प्राप्त गर्ने अवसर नभएका कारण घिमिरेले निकै दुःख गरेर शिक्षा आर्जन गरेको पाइन्छ । शिक्षा अध्ययनका लागि विदेशिनु पर्दा पाएका केही उल्लेख्य दुःख कष्ट एवम् शिक्षा आर्जन प्रक्रियाको यहाँ छोटकरीमा उल्लेख गर्ने प्रयास गरिएको छ । गुरु माधव भण्डारीको विद्वत व्यक्तित्व देखेर आफू पनि त्यस्तै बन्ने इच्छा बुद्धि घिमिरेको मनमा सानै उमेरमा पलाएको पाइन्छ । यही आन्तरिक प्रेरणाले घिमिरेलाई बृन्दावनतिर प्रस्तान गरायो । घिमिरे वि.सं. २०१९ सालको

---

[४].ऐजन ।

[५].ऐजन ।

[६].गुरुप्रसाद पोखेलबाट प्राप्त जानकारी ।

[७].शोधार्थीलाई शोधनायकबाट प्राप्त जानकारी ।

[८].ऐजन ।

अषाढ महिनामा घरमा कसैलाई थाहा नदिइकन शान्तिराम भट्टराई, नेत्र कट्टेल र मातृका पोखेल (सुम्बेक) का साथमा बृन्दावनतिर प्रस्तान गरे ।[९]

निकै दुःख कष्ट भेल्दै तीन दिन लगाएर तीनैजना भारत उत्तरप्रदेशको मधुरा जिल्लामा पर्ने बृन्दावन पुगे । दावानलकुण्ड भन्ने आश्रममा केही दिन तीनै जनासँगै बसे । यस समयमा घिमिरेसँग नेपालमा रहदा रुद्री, चण्डी पढेर जम्मा गरेको केही रकम स्थानीय बजार जमुनामा कृषि उत्पादका (आँप, कोदो, आरु आदि) बेच्न लाँदा सञ्चित गरेको केही रकम साथमा थियो । त्यही पैसाले बृन्दावनको 'दावानल कुण्डमा' केही समयसम्म गुजारा चल्यो ।[१०]

यसपछि तीनै जना मिलेर अध्ययन गर्ने विद्यालयको खोजमा जुटे । फलत शान्तिराम भागवतको अध्ययन गर्न थाले, मातृका रंगलक्ष्मी संस्कृत विद्यालयमा प्रथमाको परीक्षा दिने तयारीमा लागे भने घिमिरे पनि सोही विद्यालयमा संस्कृतको अध्ययन गर्न थाले । घिमिरे अध्ययनमा तगडा भएका कारण उक्त विद्यालयले मासिक रु२।- का दरले छात्रवृत्ति पनि दिने भयो । यसपछि घिमिरे आफ्ना साथीहरुसँग जुटेर कलाधारी बगैचाका छेउमा रहेको श्रीकृष्ण आश्रममा गएर बस्न थाले । वि.सं. २०१९ सालको अषाढदेखि भदौसम्म यही आश्रममा बसेर घिमिरेले आफ्नो अध्ययन कार्यलाई अघि बढाए । असोजमा दशैं परेकाले साथीहरुको खोज गर्दै जाँदा इलामकै साथीहरु मातृका पोखेल र कोमल पोखेल (बरबोटे) संग घिमिरेको भेट भयो तीनैजनासँगै घर फिर्ने निर्णय गरेतापनि घर आउनका लागि चाहिने पैसा कसैसँग पूरा थिएन । केही उपाय नलागेपछि सबैसँग भएको पैसा जम्मा गरेर कोमल पोखेलका नाममा एउटा रेलको टिकट काटेर सबै सामान उनलाई जिम्मा लगाए । पानी पिउने लोटा र केही सुख्ख खाना आफ्ना साथमा लिएर टिकट विना नै दुईजना मातृका पोखेल र घिमिरे सिलिगुढी आउने रेलमा चढे । टिकट नभएको कारण बुद्धि घिमिरेलाई औडिहार भन्ने जक्सनमा टी.टी. ले रेलबाट उतारेर जेल लाने तयारीमा लगभग ७८ घण्टा त्यही राख्यो । अन्त्यमा धेरै विन्तिभाउ गर्दा रेल प्रशासनले छोडिदियो । त्यसपछि फेरि अर्को रेल पक्रेर

---

९.ऐजन ।

१०.ऐजन ।

घिमिरे सिलिगुढी आइपुगे । पूर्वसल्लाह बमोजिम सिलिगुढीको फौजी होटलमा तीनैजनाको भेट भयो ।[११]

एकरात फौजी होटलमा व्यतीत गरेपछि भोक, प्यास र थकइसँग सङ्घर्ष गर्दै भोलिपल्ट तीनै जना घरतिर प्रस्थान गरे । बाटामा विभिन्न फलफूल माग्दै चोर्दै आएका घटना पनि घिमिरेका जीवनमा अविस्मरणीय रहेका छन् । यही क्रममा पानी घट्टा भन्ने ठाउँमा एकजना ब्रहमणका घरमा तीनै जना बास बसे । भोलिपल्ट फिक्कल हुँदै तीन दिनको कष्टमय एवम् अविस्मरणीय यात्रा सम्पन्न गर्दै घिमिरे आफ्नो घर आइपुगे । परिवारसँगको आकास्मिक भेटले घरमा निकै खुशीयाली छाएको स्मरण घिमिरेको मस्तिष्कमा अझै ताजा छ ।[१२]

पढाइतिर अत्यन्त लागि परेका कारण वि.सं. २०१९ को माघ महिनामा झापाको घैलाडुबा गा.वि.स. को गायत्री मन्दिरको छेउमा रहेको संस्कृत पाठशालामा गएर बुद्धि घिमिरेले संस्कृत अध्ययन गर्न शुरु गरे । गुरुकुल पद्धतिमा पठनपाठन हुने उक्त स्कूलको पढाइबाट असन्तुष्ट भएका घिमिरे परीक्षा प्रणाली अन्तर्गतको पढाइ हुने विद्यालयको खोजीमा लागे । यसका लागि खर्साङलाई उपयुक्त ठानी वि.सं. २०२० सालमा घिमिरे त्यसैतर्फ लागे । यसमा घिमिरेले दुईवर्षसम्म अध्ययन गरेर 'प्रथमा' र 'मध्यमा' परीक्षा उत्तीर्ण गर्न सफल भए ।[१३]

आफ्नो अध्ययनलाई अझ निरन्तर दिने उद्देश्यले वि.सं. २०२२ सालको अन्तिमतिर अन्य साथीहरुका साथ घिमिरे बनारस तर्फ प्रस्थान गरे ।[१४] बनारसमा गएर घिमिरेले संस्कृत साहित्य विषयमा पूर्वमध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरे ।[१५] यसपछि वि.सं. २०२४ मा पूर्व मध्यमा उत्तीर्ण गरेकै विश्वविद्यालयमा शास्त्री तहको अध्ययन शुरु गरे ।[१६] वि.सं.

[११]. ऐजन ।
[१२]. ऐजन ।
[१३]. ऐजन ।
[१४]. ऐजन ।
[१५]. ऐजन ।
[१६]. ऐजन ।

२०२६ सालमा घिमिरेले कुशलताका साथ शास्त्रीतह पनि उत्तीर्ण गरे ।[१७] वि.सं. २०१९ सालमा आचार्य तह पनि प्रथम श्रेणीमा घिमिरेले उत्तीर्ण गर्न सफल भए ।[१८] वि.सं. २०२९ सालमा आचार्य अध्ययन गर्दा वाणारसेय 'संस्कृत विश्वविद्यालय' सम्पूर्णानन्दमा निरन्तरता दिंदै घिमिरेले वि.सं. २०३१ सालमा त्रि.वि. वि. बाट द्वितीय श्रेणीमा नेपाली विषयमा स्नातकोत्तर तह पनि उत्तीर्ण गरे ।[१९] यसै अवधिमा प्रयाग विश्वविद्यालयबाट हिन्दी साहित्यरत्न परीक्षा पनि द्वितीय श्रेणीमा उत्तीर्ण गरे । यसैबेला बंगीय संस्कृत शिक्षा परिषद कलकत्ताको "काव्यतीर्थ" मा पनि द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ ।[२०] यसैगरी वि.सं. २०३२ सालमा "कुलचन्द्र गौतमका कृतिहरुको समीक्षात्मक अध्ययन" शीर्षकका सम्पूर्णनन्द विश्वविद्यालयबाट विद्यावरिधि आरम्भ गरे पनि त्यो चाँहि पूर्ण सफल हुन सकेन ।[२१] यसरी घिमिरेको औपचारिक अध्ययन प्रक्रियाले विश्राम लिएपनि स्वाध्यायन र पठनपाठन तर्फ भने केन्द्रित भएको पाइन्छ ।

## २.४ जागिरे जीवन

आफ्नो नियमित पढाइ समाप्त भएपछि बुद्धि घिमिरेले जागिरे जीवनी प्रवेश गरे । सबैभन्दा पहिले घिमिरेले चिद्घानन्द संस्कृत महाविद्यालय वरणासीमा सहायक साहित्याध्यापक भएर अध्यापन गर्दै आफ्नो जागिरे जीवनको सुरुवात गरेको पाइन्छ । उक्त महाविद्यालयमा वि.सं. २०३१ देखि २ वर्षसम्म उनले अध्यापन गरे । यसपछि 'हरिहर संस्कृत महाविद्यालय मंगलागौरी वाराणसीमा पनि २ वर्षसम्म उनले अध्यापन गरे । यसरी हेर्दा चारवर्षसम्म घिमिरेले वाराणासी मै अध्यापन गर्दै आफ्नो जागिरे जीवनको सुरुवात गरेको पाइन्छ । वि.सं. २०३५ सालमा घिमिरे नेपाल आए । नेपाल आएपछि म.र.ब. क्याम्पस इलाममा नेपाली विषयको सहायक प्राध्यापकको रुपमा नियुक्ति भई अध्यापन कार्य

[१७].ऐजन ।
[१८].ऐजन ।
[१९].ऐजन ।
[२०].ऐजन ।
[२१]. ऐजन ।

हालसम्म पनि जारि नै छ ।[२२] घिमिरेले नै दिएको जानकारी अनुसार वि.सं. २०४८/०४९ मा १५ महिनासम्म मेची बहुमुखी क्याम्पस, भद्रपुरमा प्रध्यापन गरेका थिए ।

## २.५ पारिवारिक जीवन

जुनसुकै व्यक्तिले जीवनका अनगन्ति मोडहरु पारकादैं जाँदा विभिन्न अनुभूतिहरु सङ्गाल्दै जान्छ । उसको परिवार समाज र राष्ट्रले व्यक्तिको जीवनसँग प्रत्यक्ष अन्तरसम्बन्ध कायम गरेकै हुन्छ । समाज राष्ट्र र विश्वका विविध गतिविधिले व्यक्तिको मस्तिष्कमा पारेका प्रभावलाई साहित्यका माध्यमले प्रस्फुटन गर्न पारिवारिक सहयोग र हौसला पनि निकै महत्वपूर्ण रहेको पाइन्छ ।

यसरी हेर्दा साहितयकार घिमिरेले सङ्घर्षमय अध्ययन यात्रा व्यतीत गर्नुपर्दा सानैदेखि परिवारसँग वियुक्त हुनुपऱ्यो । आमाबाबुको मायाममतासँग रमाउँदै अध्ययन गर्ने । मौका उनले पाएनन् । तथापि दोश्रो वैवाहिक जीवनमा प्रवेश गरेपछि भने बुद्धि घिमिरेले निरन्टर पारिवारिक जीवनको अनुभव व्यतित गरिरहेको पाइन्छ ।

हिन्दु परम्परा संस्कृति अनुसार घिमिरेका आमा बाबुले १३ वर्षको कलिलो उमेरमै इलाम जिल्ला बरबोटेका लक्ष्मीकान्त बरालकी माइली छोरी पवित्रासँग विवाह गरिदिएका थिए । यो नै उनको पहिलो विवाह हो ।[२३] तर उनको जीवनमा रहेका कारण दशै तिहारमा घर आएको समयमा मात्र पवित्रासँग भेट हुने गर्थ्यो । पवित्रा शारीरिक र मानसिक रुपले परिपक्क भैसक्ता पनि आमा बन्न नसकेकी र डाक्टरले पनि उनीबाट सन्तान हुन नसक्ने प्रमाणित गरिदिएपछि घिमिरेले दोश्रो विवाह  गर्न बाध्य भएका हुन् ।[२४] पवित्रा हाल घिमिरेको मूलघर सुम्बेकमा माइला दाजु शेषप्रसाद घिमिरेसँग बस्तै आएकी छिन् ।

बुद्धि घिमिरेको दोश्रो विवाह वि.सं. २०३३ सालमा झापा जिल्ला बुधबारे गा.वि.स. वडा नं. ५ निवासी रङ्गलाल पोखेल तथा डम्बरकुमारी पोखेलकी जेठी छोरी टीका पोखेलसँग

---

[२२]. ऐजन ।

[२३]. ऐजन ।

[२४] शोधकार्यको लागि शेषप्रसाद घिमिरेबाट प्राप्त जानकारी ।

भएको हो ।[२५] वि.सं.२०३९ देखि इ.न.पा. वडा नं. ८ पिपलबोटेमा स्थायी निवास गर्दै आएका घिमिरेका दुई छोरी र दुई छोरा रहेका छन् । छोरीहरु वैवाहिक जीवनमा प्रवेश गरिसकेका र छोराहरु अध्ययनको सिलसिलामा घर बाहिरै रहेकाले आफ्नो निजी निवासमा हाल घिमिरे दम्पत्ति मात्र रहेका छन् ।[२६] वास्तवमै टीका घिमिरेसंगको सहयात्राले बुद्धि घिमिरेको पारिवारिक जीवनमा मात्र नभएर साहित्यिक जीवनमा पनि निकै ठूलो प्रेरणा र हौसला प्राप्त भएको पाइन्छ । उनका हालसम्म जति पनि साहित्यिक कृतिहरु प्रकाशित भएका छन् ती सबैको प्रकाशन गरिदिने कार्य टीका घिमिरेले लिएकी छिन् । त्यतिमात्र होइन साहित्यकार बुद्धि घिमिरेलाई बारम्बार साहित्य लेखनको लागि प्रेरणा हौसला दिने कार्य तन, मन र बचनले हृदय देखि नै दिने गरेकी छिन् भन्दा अत्युक्ति नहोला ।[२७]

## २.६ बुद्धि घिमिरेको व्यक्तित्वका विविध पक्षहरु

### २.६.१ आमुख

हरेक व्यक्तिलाई समाजमा चिनाउन उसको व्यक्तित्वको निकै ठूलो हात रहेको हुन्छ । सामान्यतः व्यक्तित्व भन्नाले उसको शारीरिक बनावट, लवाइ, बानी व्यवहार, रुचि, स्वभाव, सामाजिक  कार्य, पेशा, आदि कुरा भन्ने बुझिन्छ । यही कुशल व्यक्तित्वकै कारण समाजमा व्यक्ति अनुकरणीय बनिरहन सक्छ । यसरी हेर्दा साहित्यिक, राजनैतिक, सम्पादन, प्राध्यापन आदि क्षेत्रमा सक्रिय भूमिका निर्वाह गरिरहेका बुद्धि घिमिरे विविध व्यक्तित्वका धनी मानिन्छन् । यहाँ उनका व्यक्तित्वका विविध पक्षलाई चिनाउने कोसिस गरिएको छ ।

### २.६.२ शारीरिक व्यक्तित्व

स्वस्थ्य एवं मोटो शरीर ५ फिट २ इन्चको उचाई गहुँ गोरो वर्ण एवं हँसिलो चेहरा भएका बुद्धि घिमिरेको शारीरिक व्यक्तित्व निकै आकर्षक देखिन्छ । घरमा बस्दा सामान्य पोशाकमा रहने घिमिरे बाहिर हिँड्दा नेपाली टोपी, सर्ट-पेन्टको

---

[२५]. शोधनायकबाट प्राप्त जानकारी ।

[२६]. श्रीमती टीका घिमिरेबाट प्राप्त जानकारी ।

[२७]. शोधनायकबाट प्राप्त जानकारी ।

पोशाक, कम्बरमा छालाको पेटी र कालो छालाको जुत्तामा विशेष रुचिका साथ सजिएर हिड्ने गर्दछन् ।

### २.६.२.१ स्वभाव

बुद्धि घिमिरे सानैदेखि सत्य कुरामात्र गर्ने, छलकपट नगर्ने, पेटमा कुविचार नराख्ने, आफ्ना सहकर्मीहरुको उन्नति र प्रगतिमा इर्ष्या नगर्ने स्वभाव भएका व्यक्तित्वका रुपमा परिचित छन् ।[२८] आफूलाई चित्त नबुझेको कुरा हाँसी-हाँसी तर कटु व्यङ्ग्यका माध्यमले अभिव्यक्ति गर्ने शैलीका कारण उनका अगाडि सहकर्मीहरु निकै होसियार रहन्छन् ।[२९] त्यसो त विद्यार्थीहरु पनि बुद्धि सरको व्यङग्य वाणदेखि निकै सतर्क रहन्छन् ।

संस्कृत भाषमा निकै दख्खल भएका कारण शिक्षणका क्रममा संस्कृतका श्लोकहरुको प्रस्तुतिले कतिपय साधारण विद्यार्थीहरुलाई अन्योलमा पार्ने गरेको पनि पाइन्छ तर त्यसको साधारणीकरण वहाँबाटै फेरि हुने हुनाले त्यस्तो अवस्था स्थायी रुपमा रहँदैन ।

समाजका गरीब दुःखीहरु प्रति निकै माया भाव व्यक्त गर्ने घिमिरे धनी वर्गको अन्यायप्रति निकै रोस प्रकट गर्दछन् । समाजले जात-भात, छुवाछुत प्रथाको अन्त्य गरेर नयाँ सामाजिक संरचनाको सुरुवात गर्नुपर्ने विचारप्रति घिमिरे सधैं दृढ रहेका छन् ।[३०]

कसैसँग भेट हुँदा ठट्यौली पाराले बोल्ने स्वभावका कारण जो कोही व्यक्ति पनि घिमिरेप्रति निकै आकर्षित बन्दछन् । आफ्नो विषयमा निपूण भएका कारण कसैसँग नदब्ने, निडर एवं स्वाभिमानी स्वभाव उनमा रहेको छ ।

---

[२८] चेतनाथ निरौलाबाट प्राप्त जानकारी ।

[२९] ढिल्ली दुवाडीबाट प्राप्त जानकारी ।

[३०] घिमिरेका साहित्यिक कृतिहरुको अध्ययनबाट प्राप्त जाकारी ।

### २.६.२.२ रुचि

मान्छेलाई कर्मक्षेत्रतिर प्रवृत्त गराउने प्रमुख आन्तरिक तत्व भनेको उसको रुचि हो । रुचिकै कारण मान्छे कर्मक्षेत्रमा प्रवृत्त हुन्छ, अनि सफलता पनि प्राप्त गर्न सक्छ । अतः व्यक्तिको सम्पूर्णता बुझ्नका लागि उसको रुचि क्षेत्रको अध्ययन पनि जरुरी देखिन्छ ।

साहित्यकार बुद्धि घिमिरे एक कुशल बौद्धिक व्यक्तित्व बन्नुका पछाडि उनका बाल्यावस्थादेखिका रुचिहरु नै प्रमुख जिम्मेवार रहेको पाइन्छ ।

बुद्धि घिमिरेमा सानैदेखि संस्कृत साहित्यको अध्ययन गरेर विद्वान बन्ने चाहना जागेर आयो । आखिर धेरै सङ्घर्ष गरेर भए पनि घिमिरेले आफ्नो चाहना पूरा गरेरै छाडे । यसै गरी कविता रचना गर्ने, राजनीति गर्ने विभिन्न सभा गोष्ठीहरुमा भागलिने, नयाँ ठाउँको भ्रमण गर्ने, नेतृत्व गर्ने, सम्पादन गर्ने, नयाँ-नयाँ खोज अनुसन्धान गर्ने, पत्रपत्रिका पढ्ने, संस्कृत, हिन्दी र नेपालीका विविध दर्शनहरुको गहिरो अध्ययन गर्ने, समालोचना गर्ने आदि रुचीहरु घिमिरेमा जीवित छन् ।[३१] किसानका छोरा भएकाले फुर्सदको समयमा गाईको स्याहार गर्ने, खेतीपाती गर्ने आदि रुचिहरु पनि घिमिरेमा रहेको पाइन्छ । समग्रमा अध्ययन, अध्यापन र साहित्य सिर्जना नै घिमिरेका प्रमुख रुचिका विषय हुन् ।[३२]

## २.७ व्यक्तित्वका प्रमुख पक्षहरु

जीवनका उनन्साठी (५९) वसन्त पार गरिसकेका बुद्धि घिमिरेले प्रारम्भिक अवस्थादेखि नै निकै दुःख कष्ठ झेल्नु पऱ्यो । उनको जीवन कष्टमय बन्नुमा रहर र बाध्यता दुवै थियो । रहर विद्वान बन्ने थियो भने बाध्यता नेपालमा उनले चाहे अनुसारको शिक्षाको अभाव थियो । अध्ययनका क्रममा भौतारिनुपर्दा उनले नेपाल र भारतका विभिन्न ठाउँमा जाने अवसर पाए । यो घुमाई बाध्यताको थियो तथापि विविध स्वभावका व्यक्ति र समाजको सम्पर्कले घिमिरेलाई परिपक्क र अनुभवी बन्न भने निकै सहयोग गऱ्यो । फलतः घिमिरेमा कवि व्यक्तित्व, खण्डकाब्यकार

[३१] शोधकार्यको लागि शोधनायकबाट

[३२] ऐजन

व्यक्तित्व, सम्पादक व्यक्तित्व, समालोचक व्यक्तित्व जस्ता विराट व्याक्तित्वको विकास भएर गयो । जसको क्रमिक रुपमा चर्चा यहाँ गरिएको छ ।

### २.७.१ कवि व्यक्तित्व

'मुटु जल्न लागेको छ' गद्य कविता प्रकाशित गरेर बृद्धि घिमिरेले आफ्नो औपचारिक कविता यात्रा प्रारम्भ गरेका हुन् । उनको उक्त कविता नेपाली छात्र मण्डल वाराणसीको मुखपत्रको रुपमा प्रकाशित 'सामूयिक मुखपत्र' (वि.सं. २०२६) मा प्रकाशित भएको हो ।

वि.सं. २०२६ बाट औपचारिक कवि जीवनमा प्रवेश गरिसकेका घिमिरेले हालसम्ममा धेरै गद्य-पद्य कविताहरु लेखीसकेका छन् । घिमिरेद्वारा रचित धेरै कविताहरु विभिन्न पत्र पत्रिकामा प्रकाशित पनि भैरहेका छन् । कविता सङ्ग्रहका रुपमा भने उनन्तीस (२९) वटा कविताको सङ्गालो 'म बाँचेको छु' मात्र प्रकाशित भएको छ । यो कविता सङ्ग्रह वि.सं. २०५४ मा प्रकाशित भएको हो । यसमा रहेका कविता मध्ये धेरै कविता संस्कृत वर्णमात्रिक छन्दमा र थोरै कविता मात्र गद्यात्मक छन्द्रमा लेखिएका छन् ।

यस कविता सङ्ग्रहका बारेमा कविता सङ्ग्रहको अग्रभागमा आफ्नो भनाइ राख्तै घिमिरे स्वयं भन्छन्-"कुनै अवस्था वा विचार लिएर चाकरी र चापलुसीमा नलागी ठूला रुखको छायाँ र दह्रो चोकमा झोला झुण्डाउने वा कुर्सीवालको कोटको धुलो झार्ने सीप नभएका मानिसहरुलाई यस प्रकारको समाजमा बाँच्न नै निकै सङ्घर्ष गर्नु पर्दो रहेछ । सीमित राष्ट्रिय ढिकुटीका मुसाहरुले ९० प्रतिशतको गाँस, बाँस कपासलाई पजेरोमा लादेर बाहिऱ्याउँदै छन् । यहाँका कविताले हालको प्रजातान्त्रिक नेपालको विडम्बनापूर्ण स्थितिको केही झलक दिदैं जागरण सम्बन्धी आह्वान गरेका छन् । आफ्नो अस्मितालाई दवाई राख्न पनि नेपालीलाई धौ-धौ छ । बाँचेको आभास दिनुपर्ने आवश्यकता छ ।"

समग्रमा अहिलेसम्म रचिएका घिमिरेका प्राय सबै कविताहरुमा समसामयिक युगबोधको भावना प्रवल भएर आएको पाइन्छ । समाजका अन्याय अत्याचार गरीबहरुका पीडा, देशमा घटेका राजनैतिक परिवर्तनका घटनाहरु र ती घटनाले

जनतामा परिवर्तनको आभास दिन नसकेका प्रसङ्गहरु नै घिमिरेका कविताका प्रमुख विषय बन्ने गरेको पाइन्छ । यसरी फुटकर कविताका दृष्टिले घिमिरेलाई हेर्दा परिष्कारवादी-प्रगतिवादी शैलीका कवि भन्न सकिने देखिन्छ ।

### २.७.२ खण्डकाव्यकार व्यक्तित्व

"म बाँचेको छु" (२०५४) कविता सङ्ग्रह प्रकाशित गरेपछि पाठकको निकै माया र सद्भाव पाएर बुद्धि घिमिरेको लेखनी फुटकर कविताबाट खण्डकाव्यतर्फ दौडन्छ । यो दौडाइले निरन्तरता पाउँदै जाँदा वि.सं. २०६१ मा किसान खण्डकाव्य प्रकाशित भयो । यसमा 'किसान' र 'मान्छे' नामका दुई खण्डकाव्यहरु समावेश छन् । 'समय चक्र' (२०६२) उनको तेस्रो खण्डकाव्य हो ।

समयसामयिक विषय वस्तुलाई टपक्क टिपेर विविध शास्त्रीय वर्णमात्रिक छन्दमा रचना गरिएका खण्डकाव्यहरुले घिमिरेको कुशल खण्डकाव्यकार व्यक्तित्वको परिचय दिन सकेका छन् ।

### २.७.३ सम्पादक व्यक्तित्व

अध्ययनका सिलसिलामा वनारसमा रहँदाको समयदेखि नै बुद्धि घिमिरेले विभिन्न साहित्यिक पत्रिकाहरुको सम्पादन गरेर आफ्नो सम्पादक व्यक्तित्वलाई विकसित गरेको पाइन्छ । घिमिरेले सबै भन्दा पहिले सम्पादन गरेको साहित्यिक पत्रिका 'मञ्जरी' हो । सम्पूर्णानन्द विश्व विद्यालयबाट वार्षिक मुखपत्रका रुपमा प्रकाशित उक्त पत्रिकाको वि.सं. २०२५/२६ का लगातार दुई अंकको उनले सम्पादन गरेका थिए ।[३३]

यसैगरी मेची अञ्चल छात्र समुदायद्वारा वार्षिक मुखपत्रकै रुपमा प्रकाशित 'समर्पण' (२०२८/२९) का लगातार दुई अंकको पनि घिमिरेले सम्पादन गरेका थिए ।[३४] यो उनको सम्पादन गरेको दोस्रो पत्रिका हो । "नेपाली प्रगतिशील अध्ययन मण्डल वाराणसी द्वारा वार्षिक मुखपत्रकै रुपमा प्रकाशित 'मिर्मिरे'

---

[३३] ऐजन ।

[३४] ऐजन ।

नामक साहित्यिक पत्रिकाको २०३३/३४ का अङ्कहरु पनि घिमिरेकै सम्पादकत्वमा निस्किएका देखिन्छन् ।[३५]

विद्यार्थी कालदेखिनै विभिन्न साहित्यिक पत्रपत्रिकाको सम्पादन गरेर निकै अनुभव बटुली सकेका घिमिरेले हालसम्म पनि सम्पादनको कार्यलाई जारी राखेको पाइन्छ । नेपाल प्राध्यापक संघ इलामको वार्षिक मुखपत्रको रुपमा प्रकाशित भइरहेको 'अन्वेषण' नामक पत्रिकाको घिमिरेले वि.स. २०४६ देखि हालसम्म सम्पादन गरिरहेका छन् ।[३६] यस्तै म.र.व. क्याम्पस इलामको नेपाली विभागद्वारा प्रकाशित 'समस्यापुर्ति' कविता सङ्ग्रह वि.सं. २०६२ को पनि उनले सम्पादन गरेका थिए ।[३७] आफ्नो अध्ययनकै क्रममा घिमिरेले 'छात्र प्रभा' (वि.सं. २०२८/२९) को पनि सम्पादन गरेका थिए ।[३८] यो साहित्यिक पत्रिका नेपाली छात्र परिषद वाराणसीको वार्षिक मुखपत्रको रुपमा प्रकाशित भएको थियो । इलामबा नै निस्केको साहित्यिक पत्रिका "समता लहर २०५३/०५४ का दुई अङ्कको पनि घिमिरेले नै सम्पादन गरेको देखिन्छ ।

यसरी हेर्दा साहित्यिक पत्रकारिताको क्षेत्रमा घिमिरेको सम्पादक व्यक्तित्व निकै प्रखर भएर देखापरेको पाइन्छ ।

### २.७.४ समालोचक व्यक्तित्व

साहित्यका विविध विधामा कलम चलाएर आफूलाई सफलताको सिँढीमा उकाल्दै गरेका घिमिरेले आफ्नो अध्ययन कालदेखि नै समालोचना क्षेत्रमा पनि कलम चलाउन थालेको पाइन्छ । "देवाशुर संग्राम परिचायात्मक चिन्तन" शीर्षकको समालोचना नै घिमिरेले प्रकाशन गरेको पहिलो समालोचना हो । यो समालोचना बनारसबाट प्रकाशित भएको 'मिर्मिरे' नामक साहित्यिक पत्रिकाको वि.सं. २०३३ को

---

३५ ऐजन ।

३६ ऐजन ।

३७ ऐजन ।

३८ ऐजन ।

पहिलो अंकमा प्रकाशित भएको थियो ।[३९] यसपछि विभिन्न साहित्यिक पत्र-पत्रिकाहरुमा घिमिरेका समालोचनाहरु प्रकाशित भैरहेका छन् । आफ्ना प्रकाशित केही महत्वपूर्ण समालोचनाहरुको सङ्ग्रहको रुपमा 'समालोचना कुसुम' हाल प्रकाशन गर्ने तयारीमा घिमिरे जुटेका छन् ।[४०] यसमा १६ वटा समालोचना रहने छन् । ती समालोचनाका शीर्षक यसप्रकार रहेका छन् :-

(क) महाकाव्यको विकास र नेपाली महाकाव्य

(ख) बालकृष्ण सम र उनको आगो र पानी खण्डकाव्यको समीक्षात्मक अध्ययन ।

(ग) खण्डकाव्य सिद्धान्त एवं नेपाली खण्डकाव्यको विकासक्रम ।

(घ) संस्कृत काव्यशास्त्र छोटो चिनारी ।

(ङ) पूर्वीय साहित्यका सन्दर्भमा ध्वनिवाद ।

(च) लेखनाथ र उनको नव्यकाव्य तरुण तपसी ।

(छ) सोमनाथ सिग्द्याल र उनको महाकाव्य आदर्श राधव ।

(ज) विश्वेश्वर प्रसाद कोइरालाका उपन्यासमा नारीवाद ।

(झ) देवासुर संग्राम परिचयात्मक चिन्तन ।

(ञ) कथाकार विष्णु नवीन र लोग्ने स्वास्नी कथाको छोटो विवेचना ।

(ट) माधव भण्डारीको पौराणिक कथा सङ्ग्रह पार्वती परिणय एक समीक्षा ।

(ठ) माधव भण्डारीको क्यालेण्डरका घुम्तीहरू कथासंग्रको छोटो समीक्षा ।

(ड) नेपाली साहित्यको सन्दर्भमा आधुनिकता, प्रगतिशीलता र यथार्थवाद ।

(ढ) हिन्दु संस्कृतिमा प्राचीन गुरुकुल परम्परा समीक्षात्मक अध्ययन ।

(ण) पोखरेली प्रतिनिधि हास्यव्यङ्ग्यकार विश्व शाक्यको छोटो चर्चा ।

(त) कवि श्यामकृष्ण श्रेष्ठको कवितामा छन्दोपयोग र सौन्दर्यचेतना एक समीक्षा ।

---

[३९] शोधार्थीलाई शोधनायकबाट प्राप्त जानकारी ।

[४०] ऐजन ।

यसरी घिमिरेले आफ्नो व्यक्तित्वलाई प्रखर बनाउदै ल्याएका छन् ।

### २.७.५ प्राध्यापक व्यक्तित्व

बुद्धि घिमिरेका व्यक्तित्वका विविध पक्ष मध्ये प्राध्यापक व्यक्तित्व पनि एक निकै महत्वपूर्ण पाटो हो । आखिर घिमिरेको जीवन निर्वाहको बाटो पनि प्राध्यापन पेशा नै हो । बनारस बसाइकै क्रममा "चिदानन्द संस्कृत महाविद्यालय" र "हरिहर संस्कृत विद्यालयमा दुई-दुई वर्ष प्राध्यापन गरेर यस पेशाको घिमिरेले सुरुवात गरेको पाइन्छ ।[४१]यसपछि महेन्द्र रत्न बहुमुखी क्याम्पस इलाममा उनले प्राध्यापन गर्न थालेका हुन् । वि.सं. २०३५ देखि हाल सम्म यस क्याम्पसमा घिमिरे अध्यापनरत रहेका छन् ।[४२]अध्यापनकै क्रममा वि.सं. २०४८/४९ मा मेची बहुमुखी क्याम्पस भद्रपुरमा १५ महिनासम्म उनले प्राध्यापन गरेका थिए ।[४३]

म.र.व. क्याम्पस इलामको नेपाली विभागको विभागीय प्रमुखका रुपमा समेत रहेका घिमिरे नेपाली विषयका एक अत्यन्त कुशल प्राध्यापक मानिन्छन् । संस्कृत र नेपाली विषयको बृहद् ज्ञान भएका घिमिरेको अध्यापन कलाबाट तल्लो तहका विद्यार्थी भन्दा माथिल्लो तहका विद्यार्थीहरु बढी लाभान्वित हुने गरेको पाइन्छ । स्नातक तथा स्नातकोत्तर तहका विद्यार्थीहरुलाई धेरै भन्दा धेरै जानकारी आवश्यक हुने र घिमिरेबाट त्यसको परिपूर्ति हुने भएकाले त्यस्तो हुन गएको हो ।

### २.७.६ राजनैतिक व्यक्तित्व

अहिले आएर बुद्धि घिमिरेका जति व्यक्तित्वका पाटाहरु प्रखर रुपमा देखापर्दै आइरहेका छन् ती सम्पूर्णको पृष्ठभूमि वनारसको अध्ययनक्रमसँग जाडिएर आएका छने । यसरी नै घिमिरेको राजनैतिक व्यक्तित्वको शुरुवात पनि वनारसबाटै भएको पाइन्छ ।

---

[४१] ऐजन ।

[४२] ऐजन

[४३] ऐजन ।

वनारसका प्रगतिशील विद्यार्थीहरुको सामाजिक व्यवहारबाट आकर्षित बन्दै उनीहरुको सङ्गतमा लागेपछि घिमिरेले विस्तारै कम्युनिष्ट विचारधाराको विषयमा बुझ्ने अवसर पाए । प्रगतीशील पक्षबाट सन् १९७८ ई. मा नेपाली छात्रा परिषद वाराणसीको अध्यक्षमा भारी बहुमतले चुनिएर विद्यार्थी हितमा काम गरेको पाइन्छ । त्यस्तै वाराणसीको १३ वर्षको अध्ययनकालमा विद्या धर्म प्रचारिणी नेपाली समिति वाराणसीको सदस्य, नेपाली पुस्तकालयको उपाध्यक्ष र नेपाली संस्कृत महाविद्यालय वाराणसीको नेपाली विषयको प्राध्यपक भई केही समय स्वयंसेवकको काम समेत गरेको थाहापाइन्छ । फलत उनी वि.सं. २०२४/२५ देखि नै कम्युनिष्ट राजनीतितर्फ होमिए ।[४४] नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव कमरेड पुष्पलालसँगको सम्पर्क एवं सहवासबाट उनले प्रगतिशील आन्दोलन एवं मार्क्सवादी विचारधाराका बारेमा निकै जानकारी प्राप्त गर्ने अवसर पाए ।[४५] तत्कालीन वाराणसेय संस्कृत विद्यालयमा स्नातक तहमा अध्ययन गर्दा नै स्नातक दोस्रो वर्षको कक्षा प्रतिनिधिको रुपमा विश्वविद्यालय छात्र संघमा समेत वराणसीको हिन्दुस्तानी बहुलता भएको ठाउँमा समेत चुनावद्वारा निर्वाचित भएको देखिन्छ । यसबाट घिमिरेमा विद्यार्थीकाल देखिनै राजनैतिक कुशलता रहेको प्रष्ट हुन्छ ।

✡✡✡

[४४] ऐजन ।

[४५] ऐजन

# परिच्छेद तीन

## बुद्धि घिमिरेको साहित्य यात्रा र चरण विभाजन

### ३.१ आमुख

कुनै पनि सर्जकलाई अमर बनाउने प्रमुख तत्व भनेकै उसका सिर्जना हुन् । कतिपय चिन्तकहरूले न साहित्यकारको दृष्टिचेतलाई सूर्यको प्रकाश भन्दा पनि टाढासम्म देख्न सक्ने अर्थात् 'जहाँ पुग्दैनन् रवि त्यहाँ पुग्छन् कवि' भनेर उकासेको पनि पाइन्छ । कविहरू सूर्यले नदेखेका ठाउँमा पनि पुग्न सक्छन् या सक्तैनन् त्यो आफ्नो ठाउँमा छ, तथापि समाजको विश्लेषण गर्दै खराब तत्वको पर्दाफास गरेर समाजलाई सुधार्ने सङ्केत भने हरेक सर्जकका रचनामा पाइन्छ । आखिर साहित्यकार कति जीवन्त रहन्छ भन्ने कुरा उसका रचनाहरुको गम्भीरतामा नै भरपर्ने हुन्छ । साँच्चै नै साहित्यकारहरू मनका धनी हुन्छन् अत्यन्तै कोमल पनि हुन्छन् । त्यही कोमलताकै कारणले अरुका दुःख चाँडै बुझ्न सक्छन् अनि त्यसलाई यो मेरै पीडा हो भनेर कलात्मकताका साथ व्यक्त गरिदिन्छन् । यस्ता सिर्जनाहरूले समाजका धेरै भन्दा धेरै व्यक्तिहरुको प्रतिनिधित्व गर्ने साहस र सामर्थ्य राखेका हुन्छन् । त्यसैले त यी कोमल रचनाहरूले पाठकको चाँडै मन पगाल्न सक्छन् अनि जनमानसमा सधैं जीवन्त रहिरहन सक्छन् ।

केलाएर हेर्दा समग्र मानिसको जीवन नै एउटा यात्रा हो तर यो यात्रा कार, प्लेन र पजेरोको यात्रा होइन, खाली खुट्टाले हिड्ने बगरको यात्रा हो अनि भलबाढीले बस्ती डुवानमा परेपछि पारीतर्न ढल्मलाउँदै ढल्मलाउँदै नौकाबाट गर्ने सङ्कटमय यात्रा हो, जसले विगतका यात्राका पृष्ठभूमिमा पाइला राखेर भविष्यको रेखाङ्कन गरिएको हुन्छ । साँच्चै बुद्धि घिमिरेको साहित्य यात्रा पनि खारिएका अनुभवको पुञ्ज हो, अनि समाज मुक्तिको शंखघोष हो । आफ्नो रचना यात्राको शुरुदेखि आजसम्म

आइपुग्दा अनि आफ्नो फुटकर कवि व्यक्तित्वलाई खण्डकाव्यकार व्यक्तित्वमा परिणत गरिसक्ता पनि घिमिरेले समाजमा तल्लो वर्गले अन्यायमा परिरहनु परेको देखेका छन् । आखिर यो हाम्रो समाजको यथार्थ पनि हो ।

## ३.२ लेखनकार्यका निम्ति प्रेरणा र प्रभाव

कसैले कोही व्यक्तिलाई कवि अथवा साहित्यकार बनाउन सक्तैन । जबर्जस्ति कसैलाई साहित्यकार बनाउन खोज्दा बोकेको कुकुरले मृग मार्दैन भने झैं असफलता हातलाग्न सक्छ । पूर्वीय साहित्य चिन्तकहरूले बताए झैं कवि बन्नका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यास जस्ता तत्वहरूको आवश्यकता देखिन्छ । तथापि कोही व्यक्तिमा कवि बन्ने प्रतिभा छ भने त्यसलाई समय सापेक्ष रुपमा प्रस्तुत गर्ने पूर्ववर्ती एवं समकालीन साहित्यकारहरुको प्रेरणा र प्रभावको भने जरूरी नै देखिन्छ । यसरी हेर्दा बुद्धि घिमिरेमा भएको सहज कवि प्रतिभाले केही पूर्ववर्ति साहित्यकारहरु र समकालीनको प्रेरणा लिदै अघिबढ्ने अवसर पाएको देखिन्छ ।

अध्ययनका क्रममा वि.सं. २०२२ तिर बनारस पुगेपछि घिमिरेले संस्कृत साहित्यका विविध रचनाका साथ-साथै हिन्दीका सुमित्रानन्दन पन्त, जयशङ्कर प्रसाद, सूर्यकान्त त्रिपाठी, (निराला) आदिका रचनाहरू पढ्ने अवसर पाए ।[४६] यिनीहरूका रचनाले घिमिरेलाई साहित्य सिर्जना गर्न निकै प्रेरणा मिल्यो । आफ्नो अध्ययनको निरन्तरताकै क्रममा घिमिरेले अंग्रेजी साहित्यका टी.एस. इलियट, आई ए रिचर्डस कामु, काफ्का, सार्त्र, मार्क्स जस्ता लेखकहरूको रचनाको पनि अध्ययन गर्ने अवसर पाए । यसले पनि घिमिरेलाई साहित्य सिर्जनागर्ने निकै प्रभाव मिल्यो । प्रगतिशील अध्ययन मण्डल वाराणसी नामक संस्थाको संस्थापक सदस्य भई मिर्मिरे नामक पत्रिका निकाल्ने क्रमबाट सम्पादन र समीक्षा क्षेत्रमा पनि निकै प्रेरणा प्राप्त गर्न सफल भए ।

---

[४६] ऐजन ।

यसका अतिरिक्त घिमिरेले साहित्य सिर्जनाका लागि पाएको प्रेरणा र प्रभावलाई बुँदागत रुपमा यहाँ व्यक्त गरिएको छ।[४७]

(क) वनारसी नेपालीहरूले नेपाली साहित्यप्रति गरेको माया । पुस्तकालयको स्थापना र विविध पुस्तकहरू प्रकाशनबाट प्राप्त प्रेरणा ।

(ख) स्वयम् साहित्यको विद्यार्थी भएकाले स्वतस्फूर्त रुपमा आएको आन्तरिक प्रेरणा ।

(ग) घिमिरेलाई धेरै मनपरेको लेखनाथको 'ऋतु विचार' अझ त्यसमा भएको प्रकृतिको मानवीकरण ।

(घ) संस्कृत साहित्यका महाकवि कालिदासको काव्यकला ।

(ङ) कवि युद्धप्रसाद मिश्रको छन्दकला एवं कवि मिश्रसँगको सहवास ।

(च) प्रगतिशील साहित्यकारहरु युद्धप्रसाद मिश्र, डि. पि. अधिकारी मोदनाथ प्रश्रित आदिको प्रभाव ।

(छ) संस्कृतका विद्वान तथा प्राध्यापक/शिक्षक द्विजेन्द्रनाथ मिश्र "निर्गुण" को प्रेरणा र उनका कथाहरुको अध्ययन ।

(ज) डा. गोविन्द कविराज (सुवेदी) संस्कृत विश्वविद्यालयका नेपाली विभाग प्रमुखको निर्देशन र प्रेरणा ।

यसै गरी बुद्धि घिमिरेलाई लेखन कार्यका लागि बारम्बर हौसला प्रदान गर्दै उनका सम्पूर्ण कृतिहरूको प्रकाशकीय भूमिका निर्वाह समेत गरिदिने श्रीमती टीका घिमिरेको प्रेरणा पनि निकै उल्लेख्य रहेको छ। समयचक्र खण्डकाव्यको अग्र भागमा संक्षिप्त टिप्पणी गर्दै श्रीमती घिमिरे लेख्छिन् "वि.सं. २०२५-०२६ देखि नै विभिन्न समसामयिक पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका र केही अप्रकाशित रचनाहरूलाई समेत सङ्कलन गरी पाण्डुलिपि सार्न सहयोग गर्दै वि.सं. २०५४ मा

---

[४७] ऐजन

'म बाँचेको छु' नामक कवितासङ्ग्रहको रुपमा मैले प्रकाशित गरी आदरणीय पाठक समक्ष ल्याइसकेको कुरा स्मरण गराउन चाहन्छु । त्यस्तै लेखनकार्य जारी राख्ने आग्रहका साथ उहाँका दुईवटा खण्डकाव्यहरु 'किसान' र 'मान्छे' वि.सं. २०६१ मा प्रकाशित गरी 'किसान' शीर्षकमा पाठक समक्ष दोस्रो कृतिका रुपमा प्रस्तुत गरेको कुरा यहाँहरूमा विदितै छ । हाल प्रकाशित गर्न लागिएको 'समय चक्र' खण्डकाव्य पुस्तकाकार रुपमा तेस्रो र कृतिको हिसाबमा चौथो कोसेली श्रद्धेय पाठक वर्गमा पुऱ्याउने पुनित उद्देश्य राखिएको हो ।"[४८]

३.३ कविता र खण्डकाव्यको विकासक्रमका सम्दर्भमा बुद्धि घिमिरेको उपस्थिति

### ३.३.१ कविताको विकासक्रमको सन्दर्भमा बुद्धि घिमिरेको उपस्थिति

खासगरी नेपाली साहित्यको कविता लेखन परम्परा वीर धाराबाट उठान भई प्राथामिक कालमै राम भक्ति धारा, कृष्ण भक्ति धारा र निर्गुण सन्त परम्परा जस्ता चरणहरु पार गर्दै माध्यमिक कालमा श्रृङ्गारिक कविता लेखनमा अभ्यस्त बनेको देखिन्छ । यसैगरी लेखनाथ पौड्यालले परिष्कारवादी कविता लेखेर नेपाली कविता परम्परालाई आधुनिकतातिर धकेल्न सफल भए । आधुनिकताको प्रवेशपछि पाश्चात्य साहित्यमा देखापरेका विविध वाद प्रणालीमा आवद्ध भएर कविता सिर्जना गर्ने नेपाली श्रष्टाहरु प्रसस्त देखापर्दै गए । फलत नेपाली कविता परम्परामा स्वच्छन्दतावाद, प्रगतिवाद, अस्तित्ववाद, प्रयोगवाद जस्ता विविध वाद प्रणालीहरु स्थापित भैसकेका छन् भने केही स्रष्टाहरू नव-नव लेखन तर्फ अग्रसर भएका छन् । यसरी हेर्दा कवि बुद्धि घिमिरे आधुनिक कालमा देखापरेका एक परिष्कारवाद प्रगतिवाद फाँटका कविका रूपमा रहेका छन् । घिमिरेका कवितामा एकातिर शास्त्रीय नियमको पालना गरेको पाइन्छ भने अर्कातिर वर्गीय विभेदको स्पष्ट प्रस्तुति रहेको पाइन्छ । आधुनिक नेपाली कविताको इतिहासमा परिष्कारवाद र प्रगतिवादी आ-आफ्नै पहिचान लिएर स्थापित भैसकेका र यी सिद्धान्तहरूमा आवद्ध भएर कलम चलाउने प्रतिभाहरू पनि प्रसस्तै रहेका छन् । तथापि आफूले देखेको, भोगेको र अनुभव गरेको समसामयिक विषयवस्तुलाई परिष्कारवादी र प्रगतिवादी दुवै

[४८] समयचक्र खण्डकाव्यको 'प्रकाशकीय' शीर्षक भूमिकाबाट साभार गरिएको ।

मान्यताका आधारमा एकसाथ प्रस्तुत गर्ने कविका रूपमा आधुनिक नेपाली कविताको इतिहासमा बुद्धि घिमिरेको उपस्थिति रहेको पाइन्छ ।

### ३.३.२ खण्डकाव्यको विकासक्रमको सन्दर्भमा बुद्धि घिमिरेको उपस्थिति

नेपाली साहित्यको इतिहासमा माध्यमिक कालबाटै खण्डकाव्यले स्पष्ट विधागत पहिचान लिएर आएको पाइए पनि शास्त्रीय नियममा आवद्ध भएर चाँहि लेखनाथ पौड्यालबाट अघिबढेको पाइन्छ । नेपाली खण्डकाव्यको इतिहासमा लेखनाथ पौड्यालबाट नै आधुनिककालले प्रवेश गर्ने अवसर प्राप्त गरेको हो । लेखनाथले प्रारम्भ गरेको परम्परालाई भीमनिधि तिवारी, बालकृष्ण सम, महानन्द सापकोटा लगायतका सर्जकहरुले निरन्तरता दिइरहे । लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, भानुभक्त पोखेल लगायतका श्रष्टाहरुले पनि प्रायः परिष्कारवादी शैलीमै रहेर खण्डकाव्यहरु रचना गरेको पाइन्छ । मदन रेग्मी मोहन कोइराला ईश्वर वल्लभ लगायतका श्रष्टाहरुले खण्डकाव्यलाई प्रगोगवादी लेखनतर्फ प्रेरित गरे पनि शास्त्रीय नियममा आवद्ध भएर खण्डकाव्य रचना गर्ने प्रवृत्ति पूर्णरुपमा अन्त्य हुनसक्ने स्थितिमा भने छैन । यसरी हेर्दा वर्तमान समयमा देखा परेका खण्डकाव्यकार बुद्धि घिमिरे समसामयिक विषयवस्तु एवं सामाजिक समस्यालाई शास्त्रीय नियम भित्रै आवद्ध भएर खण्डकाव्यत्मक स्वरुप प्रदान गर्ने व्यक्तित्वका रुपमा उपस्थित भएका छन् ।

### ३.४ साहित्यकार बुद्धि घिमिरेको जीवनयात्रा एवं साहित्य यात्राको चरण विभाजन

चरण विभाजन गरेर अध्ययन गर्ने क्रममा यहाँ बुद्धि घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व तीनै पक्षलाई समेटिएको छ ।

(क) प्रथम चरण -शुरुदेखि वि. सं. २०५४ सम्म)

(ख) दोस्रो चरण -वि. सं. २०५५ देखि हाल सम्म)

### ३.४.१ प्रथम चरण

वि.सं. २०५४ पूर्वको समय अथवा शुरुदेखि 'म बाँचेको छु' कवितासङ्ग्रह प्रकाशनसम्मको अवधिलाई प्रथम चरणका रुपमा लिइएको छ । यस चरणमा घिमिरेले शारीरिक, मानसिक , शैक्षिक एवं व्यवहारिक परिपक्कता प्राप्त गरिसकेका छन् । यस अवधिमै घिमिरेको शुरुका दिनका सङ्घर्षहरूले क्रमशः फलप्राप्ति गर्न थालेको पाइन्छ । घिमिरेको यो चरणलाई पनि क्रमशः पूर्वार्द्ध र उत्तरार्द्ध गरी निम्न दुई चरणमा विभाजन गरिएको छ ।

(क) पूर्वार्द्ध चरण (शुरुदेखि वि.स. २०२४ सम्म)

(ख) उत्तरार्द्ध चरण (२०२५ देखि वि.स. २०५४ सम्म)

#### ३.४.१.१ पूर्वार्द्ध चरण

यस चरणमा बुद्धि घिमिरेले सुम्बेक मिडिल स्कूल हालको सुम्बेक मा.वि.,झापाको संस्कृत विद्यालय, बृन्दावन अनि खर्साङमा भौतारिदै मध्यमा सम्मको अध्ययन पूरा गर्न सफल भए । समग्रमा अनिश्चितताको भुमरीमा रूमलिएको अध्ययन यात्राको शुरुवात नै यस चरणको प्रमुख विशेषता हो ।

#### ३.४.१.२ उत्तरार्द्ध चरण

सर्खाङको अध्ययन समाप्तिपछि बुद्धि घिमिरे जब वनारसतर्फ लाग्दछन्, यही समयदेखि उनको अध्ययनले स्थिरता पाएको देखिन्छ । तेह्र वर्षे वनारस बसाइकै क्रममा घिमिरेले शास्त्री, आचार्य, 'साहित्यरत्न' तथा नेपाली एम्.ए. सम्मको अध्ययन कुशलताका साथ सम्पन्न गर्न सकेका छन् ।[४९] यही समयमा विभिन्न संघसंस्थाहरूसँगको सहभागिता साहित्य सिर्जना गर्ने जोस जाँगरका कारण घिमिरेका हरेक व्यक्तित्वहरूले फस्टाउने अवसर पाए । फलतः उनमा कवि व्यक्तित्व, सम्पादक व्यक्तित्व, समालोचक व्यक्तित्व, प्राध्यापक व्यक्तित्व एवं राजनैतिक व्यक्तित्व जस्ता व्यक्तित्वका विविध पाटाहरूले विकसित हुने अवसर

[४९] शोधनायकबाट प्राप्त जानकारी ।

प्राप्त गरे । यसका साथै वि.सं. २०३३ सालमा घिमिरे दोस्रो वैवाहिक जीवनमा प्रवेश गर्छन् अनि वि.सं. २०३५ देखि क्याम्पस चिफ केदार बास्तोलाको आह्वानमा नेपालमा आइ महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाममा नेपाली विषयको प्राध्यापन गर्न समेत शुरुवात गर्छन् ।[५०]

यसरी हेर्दा घिमिरेको हालसम्मको सबैभन्दा महत्वपूर्ण एवम् सफलताको चरणका रुपमा यो समयावधिलाई मानिन्छ । यही समयावधिमा उनका विभिन्न पत्र-पत्रिकाहरुमा प्रकाशित तथा अप्रकाशित २९ वटा कविताको सङ्गालो 'म बाँचेको छु' (२०५४) कविता सङ्ग्रह पनि प्रकाशित हुन्छ । समग्रमा असफलता र अस्थिरतालाई क्रमशः पन्छ्याएर स्थिरता र सफलतालाई हात पर्न थालेको समयावधिका रुपमा यस चरणलाई लिइन्छ ।

### ३.४.२ दोस्रो चरण

वि.सं. २०५५ देखि हालसम्मको यो समयावधि घिमिरेको अत्यन्त सफल जीवन यात्राको अवधि हो । वि.सं. २०३५ देखि निरन्तर महेन्द्ररत्न बहुमखी क्याम्पसमा प्राध्यापन गर्दै यसलाई आफ्नो मुख्य पेशाका रुपमा घिमिरेले लिएका छन् । उनले यही समयावधिमा इलामको पिपलबोटेमा स्थायी निवास बनाएर सफल पारिवारिक जीवन पनि व्यतीत गरिरहेका छन् । पहिलो चरणमा फुटकर कविता मात्र सिर्जना गरेका घिमिरेले यस चरणमा तीन-तीन वटा खण्डकाव्य प्रकाशित गरिसकेका छन् । यसका साथै फुटकर कविता र समालोचना पनि विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भैरहेका छन् । आफ्ना समालोचाहरूको सङ्ग्रह 'समालोचना कुसुम' पद्य कविताहरूको सङ्ग्रह पनि प्रकाश गर्ने अन्तिम तयारीमा घिमिरे जुटेका छन् ।[५१] यसरी पूर्वार्द्ध चरणमा विकसित भएका सम्पूर्ण व्यक्तित्वहरूलाई अझ प्रखर बनाउँदै नेपाली साहित्य एवं समालोचनाका क्षेत्रमा एक प्रतिष्ठित इलामे प्रतिभाका रुपमा आफूलाई चिनाउन घिमिरे यस चरणमा सफल भएका छन् ।

---

[५०] ऐजन ।

[५१] ऐजन ।

## ३.५ कविता प्रवृत्ति

कविवर बुद्धि घिमिरेले फुटकर कविता प्रकाशन गरेर औपचारिक कविता यात्रामा लागेको समयले करिब तीन दशक व्यतीत गरिसकेको पाइन्छ । खण्डकाव्यको प्रकाशन भने त्यति लामो पाइदैन । वि.सं. २०२६ सालबाटै औपचारिक कवि जीवनमा प्रवेश गरेका घिमिरेको पहिलो खण्डकाव्य द्वय किसान र मान्छे वि.सं. २०६१ हुन् । यसपछि वि.सं. २०६२ मा 'समयचक्र' खण्डकाव्य पनि प्रकाशित गरेर घिमिरेले नेपाली साहित्यमा आफ्नो कवितागत र खण्डकाव्यगत व्यक्तित्वलाई चिनाउन सफल भएका छन् ।

बुद्धि घिमिरेका कविता सङ्ग्रह र तीनवटै खण्डकाव्यले मानव जीवनका जटिलतम् परिस्थिति, अन्याय, अत्याचार, शोषण र त्यसबाट उत्पन्न भएका आक्रोसका अभिव्यक्ति प्रकट गरेका छन् । आफ्ना फुटकर कवितामा झैं समाजमा देखिएका वर्गीय विभेदहरुलाई उनले कवितागत र खण्डकाव्यगत प्रस्तुतिको मुख्य आधार बनाएका छन् । यसरी परम्परागत लेखनशैली र नवीन सामाजिक चेतनाको उद्घाटन नै घिमिरेका खण्डकाव्यमा पाइने प्रमुख प्रवृत्ति एवम् विशेषता हुन् ।

समग्रमा बुद्धि घिमिरेका कवितागत प्रवृत्तिहरुलाई निम्न बुँदामा समेट्न सकिन्छ ।

(१) प्रगतिवादी साहित्यकार

(२) परम्परागत शैली र नवीन विषयको संयोजन

(३) विविध दन्द एवम् अलङ्कारको प्रयोग

(४) राजनैतिक एवम् सामाजिक चेतनाको स्वर

(५) अस्तित्ववादी जीवनदृष्टि

(६) सरल एवम् सुकोमल भाषा शैली

(७) भाव र शैलीका बीचमा सुमधुर सम्बन्ध स्थापित ।

(८) मानव जीवनसँग सम्बन्धित विविध प्रतीक, विम्वको प्रयोग

(९) शैलीशिल्पगत परिष्कारवादिता ।

(१०) क्रान्तिकारी एवम् समालोचनात्मक साहित्यकार ।

(११) राजनीतिक चेतनाका प्रखर कविका रुपमा आफ्ना कविताहरुको रचना गर्नु ।

(१२) राष्ट्रवादी चिन्तन प्रस्तुत गर्नु ।

(१३) मानवतावादी स्वर प्रकट गर्नु ।

(१४) कर्मवादी धारणामा विश्वास गर्नु ।

## ३.६ सम्मान तथा पुरस्कार

साहित्यलाई रुखो हुन्छ भन्नेहरूको संख्या यहाँ प्रसस्तै छ तर साहित्यकारहरू अथवा साहित्यप्रेमिहरू धनका धनी नभए पनि मनका धनी भने अवस्य हुन्छन् । लाखौ करोडौका पुरस्कारले साहित्यकारलाई पुरस्कृत गर्न नसके पनि विशाल हृदय पारेर एउटा सम्मानपत्र सानो पुरस्कार अनि मीठामीठा शब्द गुच्छाले विभूषित गरिदिन्छन् । साहित्यकारहरू पनि मनका धनी भएकै कारण सानो पुरस्कारमै धेरै खुसी व्यक्त गरिदिन सक्छन् । त्यसोत साहित्यमा तल्लीन भएर लागेका व्यक्तिहरू सम्मान र पुरस्कारै नभए  पनि आफ्नो कलम भने अगाडि बढाइनै रहन्छन् । हुन पनि पुरस्कारको आशाले कसले कृति रचना गरेको हुन्छ र ? त्यो त केवल समयले गरेको एउटा मूल्याङ्कन न हो ।

यसरी हेर्दा साहित्यकार बुद्धि घिमिरेले जीवनमा थोरै भएपनि केही महत्वपूर्ण सम्मान तथा पुरस्कार प्राप्त गर्न सकेका छन् । जसले उनको साहित्ययात्रामा अवश्य केही प्रेरणा थपेको अनुभव हुन्छ । घिमिरेलाई साहित्य क्षेत्रमा लामो समयदेखि सक्रिय रही कलम चलाएको प्रति सम्मान व्यक्त गर्दै कवि शिरोमणी लेखनाथ पौड्याल १२२ औं जन्म जयन्ती समारोहका उपलक्ष्यमा सार्वजनिक अभिनन्दन गरिएको पाइन्छ । लेखनाथ पुस्तकालय चन्द्रगडी झापाले प्रत्येक वर्ष छन्दोबद्ध कविता सर्जकहरू मध्येबाट उत्कृष्ट एकलाई दिइने उक्त सम्मान तथा

पुरस्कार वि.सं. २०६२ पौष २६ गते मंगलबारका दिन घिमिरेलाई प्रदान गरेको हो । यसैगरी घिमिरेले नेपाली साहित्यमा दिएको योगदानको मूल्याङ्कन गर्दै इलाम महोत्सव (वि.सं.२०६०) र माइपोखरी महोत्सव (वि.सं. २०६२)मा समेत सम्मानपत्र र पुरस्कार प्रदान गरिएको पाइन्छ । यसका अतिरिक्त सानातिना प्रतियोगिताहरूमा पनि घिमिरेका रचनाले प्रसस्तै उत्कृष्टता प्राप्त गर्न सकेका छन् । तिनीहरूको एकिन तिथिमिति उपलब्ध हुन नसकेका कारण यहाँ समावेश गर्न सम्भव भएन । जे भए पनि घिमिरेका काव्यकृतिहरू उत्कृष्ट छन् भन्ने कुराको ज्वलन्त प्रमाण स्वरुप चारवटा काव्यकृति प्रकाशित भइसकेका छन् । यिनीहरूबाटै पनि हामीले घिमिरेको काव्यकलाको यथेष्ट परिचय पाउन सक्छौं ।

## ३.७ योगदान तथा मूल्याङ्कन

सत्य बाटो पक्डिएर अघि बढ्ने व्यक्तिहरु नै जीवनमा सफल बन्न सक्तछन् । सानातिना बाँधा तथा अड्चन र अभावमा तिघ्रा कमाउनेहरुले जीवनमा सफलता हाँसिल गर्न सक्तैनन् । कुनै एउटा सफल व्यक्तिको जीवनभित्र यस्ता बाँधा, अड्चन, दुःख पीडामा भनेको कथा व्यथा लुकेका हुन सक्छन् । जीवन यात्रामा कुनै त्यस्ता बाधा, अड्चन देखेर फर्कियो भने कुनै व्यक्ति पनि लक्ष्यमा पुग्न सक्तैन ।

एउटा सामान्य शिक्षित परिवारमा जन्मिएका बुद्धि घिमिरेमा सानैदेखि संस्कृत भाषा अध्ययन गरेर माधव भण्डारी गुरु जस्तै विद्वान बन्ने जुन प्रेरणा पलायो । त्यसलाई पूरा गर्न निकै कठिनाइ बेहोर्नुपरेको देखिन्छ । सानै उमेरमा राम्रो संस्कृत पढाइ हुने विद्यालयको खोजमा बृन्दावन, खर्साङ र बनारसतिर जाँदा उनले धेरै दुःख कष्ट भोगेर वैचारिक अनुव समेत सङ्गाल्ने अवसर प्राप्त गरे । त्यसैक्रममा उनले साहित्याचार्य, साहित्यरत्न र नेपालीमा स्नातकोत्तर तह समेत उत्तीर्ण गरेर एक कुशल शैक्षिक व्यक्तित्वका रुपमा स्थापित गर्न सकेको पाइन्छ ।

वि.सं. २०६२ मा 'मुटु' जल्न लागेको छ कविता प्रकाशित गरेर औपचारिक कवि जीवनमा प्रवेश गरेका बुद्धि घिमिरे वर्तमानसम्म काव्य सिर्जना एवम् विविध साहित्यिक गतिविधिमा सक्रियताका साथ लागि परिरहेका छन् । जीवनमा धेरै दुःख कष्ट, आँसु र हाँसो बेहोर्दै संस्कृत एवम् नेपाली साहित्यको गहिरो अध्ययन गरेका

घिमिरेका परिपक्क विचारका अभिव्यक्तिहरु उनका साहित्यिक रचनामा यथेष्ट पाइन्छ । 'म बाँचेको छु' (वि.सं. २०५४) कविता सङ्ग्रह, किसान र मान्छे, (वि.सं. २०६१) खण्डकाव्यपूण र समयचक्र -वि.सं. २०६२) खण्डकाव्य गरी चार वटा कृति प्रकाशन गरिसकेका घिमिरेका फुटकर रचनाहरु विभिन्न साहित्यिक पत्र-पत्रिकामा यथेष्ट अध्ययन गर्न पाइन्छ ।

पद्यलाई बढी मनपराए तापनि गद्य-पद्य दुवैमा घिमिरेले फुटकर कविता रचना गरेका छन् । रस, भाव, अलङ्कार एवम् परिस्कृत भाषाशैलीका कारण घिमिरेका फुटकर कविताहरु निकै ओजपूर्ण बनेका छन् । सरल किसिमको बिम्ब प्रतीकको प्रयोग समसामयिक विश्व राजनैतिक घट्नाक्रमको बेजोड प्रस्तुति र देशको वर्तमान राजनैतिक घटनाक्रममा नै उनका फुटकर कविताहरु केन्द्रित भएको पाइन्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने साहित्यकार बुद्धि घिमिरे जस्ता सिद्धहस्त परिपक्क, विचासील एवम् बौद्धिक कविका हातबाट आजका नवीनता चाहाने बौद्धिक पाठकले अपेक्षा गरे अनुसारको साहित्यिक रचना हुन सके नेपाली साहित्यले अवश्य फट्को मार्नेछ भन्नु कुनै अत्युक्ति नहोला । घिमिरेका जे-जति रचना अहिलेसम्म प्रकाशित भएका छन् । तिनीहरुले नेपाली साहित्यमा एउटा इँटा अवश्य थपिएको छ र अझैं थपिदै जाँदा विश्वास नेपाली जनताले लिएको छ ।

✡✡✡

# परिच्छेद चार

## बुद्धि घिमिरेका कविता र काव्य कृतिको अध्ययन र विश्लेषण

### ४.१ कृतित्वको विधागत वर्गीकरण

आधुनिक नेपाली साहित्यको कविता तथा काव्य विधामा शसक्त कलम चलाउने साहित्यकारहरुमध्ये बुद्धि घिमिरे एक हुन् । साहित्य सिर्जनाका क्षेत्रमा तीन दशक व्यतीत गरिसकेका बुद्धि घिमिरेले हाल सम्ममा जम्मा ४ वटा कृति प्रकाशन गरेका छन् । 'म बाँचेको छु' कवितासङ्ग्रह (२०५४), 'किसान र मान्छे' खण्डकाव्यद्वयको संयुक्त प्रकाशन (२०६१) र 'समयचक्र' खण्डकाव्य (२०६२) उनका प्रकाशित कृतिहरु हुन् । समालोचना सङ्ग्रह तथा पद्य कविता सङ्ग्रह प्रकाशन गर्ने अन्तिम तयारीमा रहे पनि प्रकाशित भने भैसकेका छैनन् । अरु प्रकाशित कृतिका आधारमा विधागत हिसाबले फुटकर कविता सङ्ग्रह खण्डकाव्य गरी उनका रचनालाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ । यस परिच्छेदमा प्रकाशित कृतिहरूको क्रमशः चर्चा गरिएको छ ।

### **४.१.१ कविका रूपमा बुद्धि घिमिरे**

#### ४.१.१.१ आमुख

वनारसको साहित्यिक वातावरणबाट निकै प्रभावित बनेका बुद्धि घिमिरेले "मुटु जल्न लागेको छ"(२०२६) कविता मार्फत औपचारिक कविता-यात्रा प्रारम्भ गरेका हुन् । यसरी फुटकर कविता प्रकाशन गरेर कवि बनेका घिमिरेले वि.स. २०५४ मा 'म बाँचेको छु' कविता सङ्ग्रह प्रकाशन गर्दछन् । यसमा उनका जम्मा ३३ (तेत्तीस) वटा कविता रहेका छन् । कविता विधाका मुख्य दुई भेदमध्ये पद्यलाई

बढी मनपराए तापनि गद्य-पद्य दुवैमा घिमिरेको कलम चलेको पाइन्छ । यो कविता सङ्ग्रहका २९ वटा कविता मध्ये ८ वटा गद्यमा र २१ वटा पद्यमा रहेका छन् । घिमिरेका प्राय सबै कविताहरूमा नेपाली कविताको परम्परागत मान्यतालाई नतोडी रचना गरिएका छन् । उनका प्रायः सबै कवितामा परिष्कारवादिता र प्रगतिशीलताको छाप पाइन्छ ।

"कवि प्रा. बुद्धि घिमिरेलाई पनि  देशका अन्य बुद्धिजीवी र समाज सुधारक पुरुषहरूलाई झैं यिनै सबै वस्तुस्थितिको पर्याप्त जानकारी छ । त्यसैले राजनैतिक नेता भएर भाषण दिने मञ्चबाट कुर्लिन अवसर नभए पनि आफ्ना विचार र दृष्टिकोणलाई कविताका माध्यमद्वारा जनसमक्ष प्रस्तुत गरेका छन् । कविले आफ्ना कविताहरूमा देशको विद्यमान परिस्थितिमा देखापरेका समस्याहरूको चित्रण मात्र गरेका छैनन् त्यस्ता समस्याहरूको समाधानार्थ घोरिएर उपायहरू आविष्कार गर्ने छटपटीमा पनि छन् ।"[५२]

यसरी समय सापेक्ष अनुभूतिहरूलाई सचेत रुपमा व्यक्त गरेकै कारण 'म बाँचेको छु' कविता सङ्ग्रहले पाठक एवं समालोचकहरूबाट निकै प्रशंसा प्राप्त गरेको छ ।

४.१.१.२ 'म बाँचेको छु' मा सङ्ग्रहित कविताको अध्ययन र विश्लेषण

२९ वटा कविताको सङ्गालोको रूपमा आएको 'म बाँचेको छु' कविता सङ्ग्रह भित्रका कविताहरूको क्रमशः अध्ययन तथा विश्षेण गर्दै यहाँ प्रकाश पारिएको छ ।

## जाग

अनुष्टुप छन्दमा रचित यो 'जाग' शीर्षक कविता वीर देशभक्तहरूलाई शहीदको सपना साकार पार्न अनि शान्तिका लागि सचेत भएर उठ्न आह्वान गरिएको छ । नयाँ नेपालको सिर्जना गर्ने भनेर देशभक्तिको फोस्रो नारा लिएर उठ्नेहरूप्रति रोस प्रकट गर्दै जनता र देश मरन्च्यासे बन्दै गएकोमा कवि दुःखित

[५२] म बाँचेको छु कविता सङ्ग्रह रामलाल अधिकारी "बँचाइको आभास दिनेप्रति" (२०५४) पृ.क. ।

छन् । देशका भोका नाङ्गालाई टाठावाठा भनाउँदाहरूको स्वार्थजाल चुडाउन सचेत पार्दै कवि लेख्छन् ।

पाखापर्वतका भोका-नाङ्गालाई उठाउन

टाठावाठाहरूको त्यो स्वार्थजाल चुडाउन

खेतालाहरूको इच्छा पूरा गर्न लिई प्रण

झोपडी भित्र त्यो नौलो खुला आनन्द बर्सन ॥

नयाँ त्यो भूमिको रेखाकोर्न जाग निरन्तर

लक्षपूराहुनालाई आफैं भित्र छ निर्भर

नेपाली भूमिका बन्धु जुनसुकै ठाउँमा भए

स्वजाति देश सेवाको खुल्दुली भित्र त्यो भए ।

रोग, भोक अशिक्षा र गरिबीका कारण हाम्रा दिनचर्याहरू दुःखित भए पनि हृदयमा उत्साह भरेर देशलाई दुर्गति हुनबाट बचाउनु हाम्रो कर्तव्य हो भन्ने कविको भनाइ रहेको छ । देशका ठूलाबडा भनाउँदाहरूका कानमा नपरे पनि देशमा भएका असमान सन्धि सम्झौताहरूले भोलि देशको दुर्गति हुने कुरा कविले बेलैमा देखाएका हुन् । साँच्चै आज नेपालले ती असमान सन्धि सम्झौताको परिणाम भोग्न थालिसकेको आभास हुन्छ सायद कविका यी उद्गारहरू बेलैमा सचेत भएर पालना गरिएको भए यस्तो हुँदैन थियो कि भने जस्तो लाग्छ । भारतसँगको कोशी सम्झौताको परिणाम बाँध फुटेर आज लाखौ नेपालीको दुर्दशा भइरहेको तथ्य हाम्रा आँखा अगाडि आउँदा कविताका केही उद्गारहरूको एक पटक स्मरण हुन्छ । कवि लेख्छन् ।

असमान भयो सन्धि कोशी, गण्डकी कालीमा

कर्णाली, सेतीमा यस्तै भेदभाव हुँदा यहाँ

छ हजार नदीनाला बिक्तै जाँदा कुनै दिन

हाम्रो देश मरुभूमि तुल्य हुन्छ कुनै दिन

अवश्यम्भावी यो संझी आफ्नो सम्पत्तिरक्षण

गर्नु पर्दछ जागा भै उत्साह बटुली कन ॥

सबै उत्साह शक्तिको सञ्चार गरेर भ्रष्ट प्रशासन घुसखोरी महङ्गी जस्ता हाम्रो समाजमा देखिएका वर्तमान समस्याको समाधान गर्न सबै जाग्नुपर्ने सन्दर्भ यो 'जाग' शीर्षक कविताले दिएको छ ।

## नेपालीका नाउँमा

"नेपालीका नाउँमा" शीर्षक यस कवितामा कवि बुद्धि घिमिरेको राष्ट्र र राष्ट्रियता प्रतिको भाव राष्ट्रकवि माधव घिमिरेकै शैलीमा व्यक्त भएको छ । यस कविताका हरेक श्लोकमा नेपाल र नेपाली प्रकृतिप्रतिको सकारात्मक चिन्तन प्रस्तुत गरिएको छ । यहाँका हिमश्रृंखला ठूला-ठूला पर्वतहरू र नदीनालाले देशलाई सिगारी रहेको देखेर कवि मख्ख परेका छन् । यी पाखा पर्वत अनि समस्त रमणीय नेपाली प्रकृतिलाई फूलका थुँगा जस्तै मनका थुँगासँग तुलना गर्दै कवि लेख्छन्-

हाम्रा यी मनका थुँगाहरु सधैं नेपालकै खातिर

फक्रुन मस्त भएर छर्वर सुधा छर्केर पाखातिर

मान्छेको दिल एक पार्न मनमा सल्कोस दियालो नयाँ

बाधादूर गरी सुकार्य रचियोस् सद्भाव भर्दै यहाँ ॥

यस कवितामा कवि घिमिरेले हरेक नेपालीका झोपडीहरू दिव्य सुवास लिएर चम्कि रहुन् भन्ने कामना व्यक्त गरेका छन् । झोपडीमा बस्नेहरूप्रति सधैं अन्याय हुनेबारेको देख्ने कवि अन्यायीहरुको दमन गरी सुन्यायका पक्षमा लाग्न सके झोपडीहरूमा दिव्य सुवास आउन सक्ने कुरामा आशावादी रहेका छन् ।

तराई, पहाड र हिमाल सबै ठाउँमा बस्ने नेपालीहरू शान्ति र देश विकासका पक्षमा लागेर विश्व भरी सत्सन्देश पुऱ्याउने आव्हान गर्दै कवि लेख्छन्-

पाखा पर्वत फाँटभेक सधना त्यो हैम छाया मुनी

बस्ने बीर सुता र बीर रमणी सत्पुत्रसारा गुणी

गर्दै देशविकास शान्ति छर है ! हाम्रो नयाँ गाउँमा

सत्सन्देश पुऱ्याउ विश्वभर नै नेपालीका नाउँमा

भावगत स्वच्छन्दता र शैलीगत परिष्कारवादिताले भरिपूर्ण भएको प्रस्तुत कविता शार्द्वलविक्रीडित छन्दमा रचिएको छ । यहाँको पद्यका प्रत्येक दुई-दुई हरफमा अन्त्यानुप्रासको कुशल संयोजन गरिएको छ । शब्द, शैली र भावका बीचमा अत्यन्त सन्तुलन मिलाइएकाले कविताको भाव बोध एवं लय बोधमा कुनै कठिनाइ नहुने देखिन्छ । प्रस्तुत कविता ४ वटा पद्यको लघु संरचनामा रहे पनि भावका दृष्टिले अत्यन्त उच्च रहेको छ ।

### प्रतिज्ञा

शास्त्रीय वंशस्थ छन्दमा लेखिएको 'प्रतिज्ञा' शीर्षकको यस कवितामा कविले अन्यायीहरूका विरुद्धमा लडेर न्यायको शंखघोष गर्ने प्रतिज्ञा व्यक्त गरेका छन् । कवि लेख्छन्-

म चड्कने बज्र समानको भई

चिरेर भूमण्डल तोड्छु वैरिलाई

लडेर अन्याय धुल्याइ न्यायको

समात्छु बाटो भइ पूर्ण निर्भय ॥२॥

भए भरी तागत साथ दौडँदै

विचारका साँगरभित्र पौडदै ।

म अभिदिन्छु जनमञ्चमा गर्छ

जनार्दन ती जनको खबी भई ॥३॥

यस कवितामा एकातिर कवि युद्ध मैदानमा उत्रेको योद्धा जस्तो आक्रोसित भाव व्यक्त गर्छन् भने अर्कातिर आफू सदा विवेकी सौम्य एवम् सेवक बनेर श्रद्धासित देशको रक्षा गर्ने प्रतिज्ञा व्यक्त गर्छन् । कवितामा कविको प्रगतिवादी राजनैति चेतनाको छाप स्पष्ट देख्न सकिन्छ । लाग्छ यो कुनै राजनैतिक नेताले जनताका सामु गएर खाएको कसम हो । कवि निर्धालाई दह्रो बनाएर शिक्षाको दियालो घर-घर फैलाउने चाह व्यक्त गर्दै लेख्छन्-

निर्धाहरुलाई दह्रो बनाउँदै

शिक्षा दियालो घरघर लगाउँदै

गुणी र ज्ञानी जनता बनाउन

गरी प्रतिज्ञा नवभाव भर्दिन ॥

यो कविता पाँच चौपाइको लघु संरचनामा रहेको छ । छन्द संयोजन र अन्त्यानुप्रासमा कताकति फितलोपना देखिए पनि वीर रसको कलात्मक अभिव्यक्तिका कारण कविता अत्यन्त सुन्दर बन्न सकेको छ ।

## साहस

पञ्च चामर छन्दका पाँच पद्यमा संरचित 'साहस' शीर्षक कवितामा पनि कविले 'प्रतिज्ञा' शीर्षक कवितामा झैं युवा जोस एवं आक्रोसको अभिव्यक्ति प्रकट गरेका छन् । पराईले आफ्नो देशप्रति कुदृष्टि राखेमा एकै सासमा झपार्ने आँट गरेका कवि घिमिरेले यस कवितामा फँणा फिजाएका सर्पले चारैतिरबाट घेरे झैं अनेकौं विपत्तिहरुले घेरे पनि स्वदेश र स्वजातिको रक्षाका लागि डटेर लाग्ने प्रण गरेका छन् । कवि लेख्छन्-

मलाई घेर्न आउँछन् फणाफिंजाइ आपत्ती,

तथापि छु सधैं खडा सुमार्गमा मझन् डटी,

स्वदेशको स्वजातिको स्वमान आत्ममानको

सुनी गुनी सबै थरी विचार भाव ज्ञानको ॥

घिमिरे आफ्ना साहसी अभिव्यक्तिलाई प्रकट गर्दै देशका सबै विपत्ति र अफ्ठेरा परिस्थितिहरूलाई सहनै परे पनि मलाई कुनै आपत्ति छैन भन्छन् । आत्मसम्मान र ज्ञानको अजेय वीर सन्ततिका रुपमा खडा भएर जे जस्तो विपत्ति परे पनि सहने बाचा गर्छन् । घिमिरे आफू साहसी बनेर अरुलाई पनि त्यस्तै बन्न प्रेरित गर्दै लेख्छन्-

म भित्रको जगाइ जोश, पार्न भाइ सम्मत्ति

सुकार्यमा लगाइ लौ गरेर देश उन्नत्ति,

उनै जुटौं डटौं सधै प्रबुद्ध देश सन्तती

अखण्ड शक्ति हौं सबै समेट्न आत्म सम्पती

यसरी हेर्दा राष्ट्र र राष्ट्रियताको रक्षाका खातिर कविले अभिव्यक्त गरेका विचार र कविताको शीर्षक बीच अत्यन्त सन्तुलन मिलेको देखिन्छ ।

## बाँकी छ

गद्य लयमा लेखिएको ‘बाँकी छ’ शीर्षकको यस कवितामा कविले वर्तमान परिस्थितिप्रति तीखो व्यङ्ग प्रहार गर्दै समाजका दुःखी र गरीबहरूप्रति गर्न धेरै बाँकी रहेको तथ्य व्यक्त गरेका छन् । कवि वर्तमान सामाजिक असन्तुलनप्रति दिक्क बन्दै ज्ञान विज्ञानको विस्फोट र आविस्कार धनीहरुका लागि मात्र भयो गरीबका चुला अझै चिसै छन् भन्दै सबैलाई सजग गराउन चाहन्छन् । समाजका असहायहरूको भोक निर्मूल पार्न अझै बाँकी छ भन्दै कवि लेख्छन्-

आविस्कार भयो, विस्फोट भयो,

माथिल्ला वर्गका रोग र शोक पनि हटे,

घण्टे धुपौरे, आशे गाँसे चापलुस परिपूर्ण भए,

मात्र रित्तोपेट र असमर्थको

भोक निर्मुल पार्न बाँकी छ ।

यहाँ दल खुले बदल खुले

दलबदलू स्वाभाविक भए

निर्धा निमुखा साधन र अचानू

टाठाबाठाले सुर सोझ्याए ॥

ठूला बडाको चाकरी र चाप्लुसीमा लाग्नेहरु कोही ऋषि भए, कोही महात्मा भए, कोही अविवेकात्मा भए, कोही वक्ता भए त कोही नायक र गायक भए भन्दै कवि जा जे भए पनि हुनुपर्ने चाँहि अझै बाँकी नै छ भन्दै गरीबहरुप्रति सहानुभूति प्रकट गर्दछन् ।

देशमा प्रजातन्त्र आएपछि दल मात्र खुलेनन् धेरै-धरै रक्सीका बदल पनि खुले भन्दै नेतृत्व तीक्ष्ण व्यङ्ग्यवाण प्रहार गर्ने कवि निर्धा र निमुखाहरु साधन र अचानु बन्न बाध्य हुनुपरेकोमा निकै दुःख प्रकट गर्दछन् । प्रजातन्त्र आएपनि सहिदको सपना साकार पार्न कोही तत्पर नभएको देखेर छक्क पर्दै कवि लेख्छन् ।

आमाका दशधारा दूध र पूर्वजका

महान त्यागको पैचो फिराउन,

नौलो इतिहासको दिशा दिन,

आमाका काखमा आहुतिदिनेको सपना साकार पार्न ‼

जम्मै ऋणबाट फार्से हुन,

अझै धेरै बाँकी छ,

जम्मै बाँकी छ !!

यसरी 'बाँकी छ' शीर्षक कविताका माध्यमबाट कविले देश, जनता र प्रजातन्त्रका लागि गर्न बाँकी कार्यप्रति सबैलाई सचेत गराएका छन् । यस कवितामा कविले सामाजिक यथार्थ एवं आफ्नो प्रगतिवादी चिन्तनलाई निकै ससक्त रुपमा उठाएका छन् ।

प्रस्तुत कविता छोटोमा दुई अक्षर लामोमा चौबीस अक्षर सम्मका छ्याहत्तर हरफ र ८ वटा गद्यको संरचनामा रहेको छ ।

## मुटु जल्न लागेको छ

'मुटु जल्न लागेको छ' शीर्षकको यो कविता कवि बुद्धि घिमिरेको प्रथम प्रकाशित कविता हो । वनारसबाट वि.सं. २०२६ मा प्रकाशित 'मञ्जरी' नाम पत्रिकामा यो प्रकाशित भएको थियो । कविता यात्राको शुरुवातदेखि नै सामाजिक विभेद र अन्यायको तीक्ष्ण विरोध गर्ने प्रवृत्ति घिमिरेमा घुसेको छ । उनका प्रायः सबै कविता पढ्दा लाग्छ घिमिरेको काव्य सिर्जनाको आन्तरिक प्रेरक तत्व भनेकै वर्गीय विभेद हो ।

कवि घिमिरेले यस कवितामा तराई पहाड र हिमालले दुर्गन्धमय विडम्बना बोक्न बाध्य भएको अनि संसारमै विभेद र अन्याय व्याप्त भएको विचार व्यक्त गरेका छन् । संसारको यस्तो विभेद देख्ता कविको हृदयमा ज्वाला दन्केको अनि मुटु जल्न लागेको छ ।

संसारमा विभेद र असमानता व्याप्त हुँदा

व्यक्तिवादी प्रवृत्तिले सामाजिकता तर्फ नफिर्दा

बुढो गोरुको हड्डीमा कुकुरहरू लुछाचुँडी गर्दैछन्

पहाड, तराई र खोचमा सबै दुर्गन्धमय विडम्बना बोक्ने छ,

यस्तै अनेकौ टकराहटले

जीवनयान चूर हुन लागको छ !!

तीब्र गतिले चक्कामा आगो लागेको छ !

ज्वाला भड्कन लागेको छ !

मुटु जल्न लागेको छ !

प्रस्तुत कविता छोटोमा आठ अक्षर र लामोमा चौवीस अक्षरसम्म भएको बत्तीस हरफ र चारवटा गद्यको संरचनामा रहेको छ ।

## आस्थाको पर्खाल नतोड

विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइसँग नेपाल र नेपालीप्रतिको आस्था जोडिएको बताउँदै कवि बुद्धि घिमिरे आफ्नो आस्थाको पर्खाल तोड्न खोज्नेहरूप्रति निकै सचेत भएका छन् । प्रस्तुत कवितामा आफ्नो आस्थाको पर्खाल तोड्न खोज्नेहरूलाई दधिचीको हाड भएर प्रतिकार गर्ने साहस गर्दै भन्छन्-

मेरो आस्थाको पर्खाल तोड्न खोज्दा

म दधिचीको हाड भएर प्रतिरोध गर्नेछु । .......

आस्थाको अटल पहाड हल्लाउँछु भन्दा

सगरमाथाले थिच्ला !!

त्यसैले खतरा नमोल तोड्ने आँट नगर .........,

मेरो आस्थालाई नतोड !!

मेरो आकाशलाई विभाजित गरेर

खडेरी र धूपछाँया निम्त्याउनेहरुले

खिया परेको मस्ष्किको धुलो झार्नुपर्छ,

मेरो धर्तीलाई टुक्रायाउन चाहनेहरुले

मरुभूमिको तातो हावामा पक्कै वाफिनु पर्छ ।

नेपाललाई विभाजित गरेर स्वार्थ लुट्न चाहनेहरु यहाँ धेरै छन् । कञ्चनजंघा र सगरमाथाको परिधिभित्र भृकुटी र सीताको कोमलता मुस्कुराएको देखेर गिद्धेदृष्टि लगाउनेहरुको यहाँ अभाव छैन । त्यसैले कवि नालापानीको नेपालीहरुको साहसको एक पटक स्मरण गराउँदै लेख्छन् ।

विधेयकका काला पाना च्यात्न

नालापानीमा जस्तै कालापानीमा जुट्न

सुकुम्बासीका झोपडी जुर्मुराएका छन्

मानवीय भावनाको रक्षाकवच लगाएर

आफ्नो समुदायको अस्तित्व जोगाउन,

त्यसैले आस्थाको पर्खाल खडा गर्दै उभिएको छु,

युगौदेखि युगान्तसम्म

सिङ्गो युग बोकेर

दुस्साहसको प्रतिकार गर्दैछु,

त्यसैले आस्थाको पर्खाल नतोड ।

प्रथम पुरुष दृष्टिविन्दुमा रचिएको ‘आस्थाको पर्खाल नतोड’ शीर्षक कवितामा कविले मेरो आस्थाको पर्खाल भने पनि सम्पूर्ण नेपालीको नेपालप्रतिको आस्थाको पर्खाललाई देखाएका छन् । कविता सात वटा गद्य र चौवन्न हरफको संरचनामा रहेको छ ।

## म बाँचेको छु

बाँच्नु हाम्रो रहर र बाध्यता दुवै हो । हाम्रा जीवनका इच्छा, आकांक्षा र आवश्यकताहरू अनन्त छन् । देशको कठीन परिस्थिति र राष्ट्र स्वाबलम्बी हुन नसक्ता बढ्दै गएको महँगी, आम्दानीको श्रोत नहुँदा एक आङ् लगाउन र एक भूँडी खान पनि धौ-धौ पर्ने हाम्रो अवस्था अनि त्यो अवस्थामा पनि आशावादी नै भएर बाँचेको एउटा नेपाली अर्थात् 'म' को चित्रण नै 'म बाँचेको छु' शीर्षक कविताको मुख्य विषय हो ।

महँगीको चरम चुलीमा उभिएर

धर्मराएको जीवन धान्दै

असंख्या अभावहरू बोकेर

घुँडा टेक्दै लर्वराउँदै

झुत्रो झुम्राले वेढिएर भए पनि

आशावादी भएरै "म बाँचेके छु" ।

विवश जीवनका बाध्यताभित्र

आशा र निराशसँग जुझ्दै

अझैपनि सामाजिक स्वस्थता निम्ति

दृढविश्वासका साथ 'म बाँचेको छु' ‼

कवि घिमिरेले विश्वजीवनका बाध्यताभित्र आशा र निराशासँग जुझ्दै पिल्पिलाएका भोका नाङ्गामा चमक ल्याउन अनि बहुसंख्यकको अँध्यारोलाई उज्यालो पार्न भीष्म प्रतिज्ञाका साथ एक्लै-एक्लै भएपनि बाँचिरहने प्रण यस कविता मार्फत गरेका छन् । यसका साथै प्रस्तुत कवितामा धर्तीका अगणित शहिदको सपना साकार पार्न आमाको दशधारा दुधको भार तिरेर राष्ट्रिय भावधारालाई दरिलो र

भरिलो पार्न अनन्त बिडम्वनासँग सङ्घर्ष गर्दै भए पनि आफूले बाँचेको अभिनय गरिरहनु परेको यथार्थ व्यक्त गरिएको छ ।

समग्रमा अस्तित्ववादी जीवन दृष्टिलाई अङ्गालेर रचना गरिएको यो कविता भावका दृष्टिले अत्यन्त गम्भीर एवं विपन्न वर्गको जीवन-यथार्थको प्रस्तुति गर्न सक्षम रहेको छ । स्मरणीय कुरा कवि घिमिरेले यस कवितासङ्ग्रहको नामकरण पनि यही कविताको शीर्षकका आधारमा राखेका हुन् । यो कविता आठ वटा गद्य र पैँतालीस हरफको संरचनामा रहेको छ । यो कविता प्रथम पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

## युवालाई आह्वान

देश निर्माण गर्ने प्रमुख दायित्व युवा वर्गको हो । साँच्चै मुटुमा तातो रगत र बलिया पाखुरा भएका युवाले नै राष्ट्रको निर्माण गर्न सक्छन् । त्यसैले प्रस्तुत 'युवालाई आह्वान' शीर्षक कविता मार्फत देशका शत्रुको नास गरी वीरतापूर्वक नव निर्माण गर्न युवालाई आह्वान गरिएको छ । कवि देशको दुर्गति र मित्रहरूको आपत्तिमा युवा चुप लागेर बस्नु हुँदैन भन्दै लेख्छन्-

मात्र आलापले देशको दुर्गति

गाउँघरका सबै मित्रको आपत्ती

हर्नको सक्छ लौ? भावना देखिने

बाहिरी मात्र यी प्रेमले लेखिने ॥२॥

भावना कोर्नका लागि पानाभरी

प्रेम सन्देशको आँकुराले जडी

भित्रका भित्रको प्रेम आफ्नै जुही

हादे भावै महाँ कल्पनाले थुनी ॥३॥

देश र समाजको दुरवस्थामा सुधार ल्याउनका निम्ति केवल नेताका भाषण र बाहिरी सहानुभूतिहरू पर्याप्त हुँदैनन् । देश निर्माणका निम्ति अनिवार्य साधन र माध्यम पनि युवाशक्ति हो । यही युवाशक्तिप्रति कविको प्रगाढ आस्था र विश्वास पनि छ ।[५३] प्रस्तुत कविता स्रग्विणी छन्दमा लेखिएको छ । यसमा अन्त्यानुप्रासको कुशल संयोजन गरिएका ६ वटा पद्य रहेका छन् ।

## रावण कथामृत

पौराणिक कथा अनुसार रावणले सबै आफ्ना इच्छा आकांक्षा पूरा गर्दै गयो तर स्वर्गजाने सिँडी र सुनमा सुगन्ध भर्ने चाहना भने पूरा गर्न भ्याएन । त्यसैले रावणले आफ्नो अन्तिम समयमा, भविष्य अन्धकारमय छ, यो कसैले जान्न सक्तैन अतः गर्नु पर्ने कार्य आजै गर भन्ने जुन अभिव्यक्ति प्रकट गरेको थियो त्यसैबाट प्रेरणा लिएर कवि घिमिरेले 'रावण कथामृत' शीर्षकमा यो कविता रचना गरेका छन् । रावणको यो विचारबाट प्रेरणा लिएर सबैले भोलिवादी प्रवृत्तिलाई हटाइ यत्नशील भएर निरन्तर सत्कार्यमा लाग्न कविले प्रेरणा दिएका छन् ।

दीर्घायु रावण थियो तर केही उस्को

आँटे जति सबकुरा नपुगेर धोको

आफैमहा रहनगो र भन्यो भविष्य

हो अन्धकार सब आज गरे ! मनुष्य !

रातो दिनै जुट भईकन यत्नशील

सत्कार्य सिद्ध गर लौ नगरी विलम्ब

रामसँग सम्बन्धित अनेकौं कथाहरु छन् र राम चरित्रको परीक्षा सर्वत्र पाइन्छ तर रावणको सद्चरित्र बारे कथाहरु पाइँदैनन् । त्यसैले रावण जस्तो

[५३] रामलाल अधिकारी 'बचाइको आभास दिनेप्रति 'म बाँचेको छु' कविता सङ्ग्रह,२०५४ पृ.ख.

इमान्दार र भविष्य द्रष्टाका बारेमा केही कुरा प्रकाशित गर्ने यस कविताको मूलध्येय राखेर रचना गरिएको अनुभव हुन्छ ।

प्रस्तुत कविता वसन्ततिलका छन्दका चार पद्यमा संरचित छ । यसका प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रासको सुन्दर संयोजन गरिएको छ ।

## नेपाली भाषामहाँ

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको १८४ औं जन्म जयन्तीका उपलक्ष्यमा वि.सं. २०५४ सालमा रचना गरिएको प्रस्तुत 'नेपाली भाषामहाँ' शीर्षक कवितामा घिमिरेले भानुभक्तले नेपाली भाषा र साहित्यको उत्थानका लागि दिएको योगदानलाई हृदयस्पर्शी ढङ्गले भानुभक्तीय शैलीमै व्यक्त गरेका छन् ।

थाल्नी राम चरित्र भो शुभमहा भाषा सजीलो गरी
शिक्षा नीति र ज्ञान पूर्ण खँदिला अर्ती अनेकौं भरी ।
जे देख्यो उसमै तुरुन्त कविता सिर्जेर नेपालमा
हाम्रो उन्नतिको दियौ झलक यो नेपाली भाषामहाँ ॥

सरल मर्मस्पर्शी एवं स्पष्ट पाराले आफ्नो कवित्वलाई पोख्ने कवि भानुभक्तले रामायण, भक्तमाला, प्रश्नोत्तर, वधूशिक्षा जस्ता काव्यकृति रचना गरेर नेपाली साहित्यलाई विर्सि नसक्नु गुन लगाएका छन् । नेपाली भाषामा पहिलो पटक कविताको मर्मलाई बुझेर काव्य सिर्जना गर्ने भानुभक्तमा भएको आशुकवित्व शक्तिका बारेमा समेत यस कवितामा कवि घिमिरेले चर्चा गरेका छन् ।

विन्ती पत्र र जेलका परिधीको वर्णन् तुरुन्तै गरी
नेपाली घरका बुहरीहरूको शिक्षा र दीक्षा भरी
कोदालो खनी स्वच्छ जीवनहरू बाँच्नु असल हो यहाँ
भन्दै आत्म स्वतन्त्रता दिन पुग्यौ नेपाली भाषा महाँ ॥

प्रस्तुत कविता शार्दूलविक्रीडित छन्दका ६ वटा पद्यको संरचनामा रचिएको छ । प्रत्येक श्लोकका दुई-दुई पाउमा गरिएको अन्त्यानुप्रासको सुन्दर संयोजनले कविता निकै आकर्षक बनेको छ । यो कविता तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको छ ।

## शहीद प्रति

देश र जनताको स्वतन्त्रताको खातिर प्राणको आहुति दिने वीर सन्तानका हृदयभित्र सुटुक्क पसेर उनीहरूका साहसी विचारलाई 'शहीद प्रति' कविताका माध्यमबाट कवि घिमिरेले यसरी पोखेका छन् ।

लागुन् गोली, करयुगलमा हत्कडी, जेल जाँउ,

लागुन् नेलै तर सुनयको मार्ग छोडी नधाउँ ।

मेरो इच्छा कठिनतम त्यो साध्यका निम्ति बढ्ने

अन्यायीको गरिकन धुलो न्यायका निम्ति लड्ने ॥

साँच्चै नै देश र जनताका लागि लड्ने सहिदहरू साहसी हुन्छन् । उनीहरू जस्तो सुकै ठूलो समस्यासँग पनि जुध्न तयार हुन्छन् । आफ्नो शरीरको मायाले कठोर शासकहरूका विरुद्धमा आवाज उठाउन नसक्नेहरूले समाजलाई परिवर्तनको प्रत्याभूति दिलाउन सक्तैनन् । देश र जनतालाई अन्यायबाट मुक्ति दिलाउनका लागि हत्कडी, जेल अनि गोली र कठोर यातनालाई सहज रुपमा स्वीकार्दा-स्वीकार्दै प्राणत्याग गर्ने आँटिला व्यक्तिहरू नै सहिद हुन्, जसले हामीलाई स्वतन्त्रता दिलाउन सकेका छन् । कवि लेख्छन्-

भो भो भन्थ्यौ कठिन पथ यो पार गर्ने म हैन,

काँढेबाटो विच हिंडि कतै प्राप्य भेट्ने म छैन,

भन्नेका ती मलिन मुखको हुन्छु सोभ्रो जवाफ

लड्दै जुझ्दै रति नडगने धैर्य साहस साथ ॥

देशका भोका नाङ्गा र गरीब किसानहरूले न्याय पाउन् भन्नका खातिर शहीदहरूले ठूलो त्याग गरेका छन् । अतः उनीहरूको कदर र सम्मान गर्नु हाम्रो परम् कर्तव्य हो भन्नु नै यस कविताको भाव हो । यसै गरेर अन्याय अत्याचारको डटेर विरोध गर्न पनि कविले सबैलाई उत्साही बनाएका छन् ।

प्रस्तुत कविता मन्दाक्रान्ता छन्दका सातवटा पद्यको संरचनामा रहेको छ ।

## सन्देश

सधैं-सधैं आफ्ना कविता समाजका उत्पिडित व्यक्तिहरु, किसान अनि गरीबका पीडा र व्यथाहरू पोख्तै तिनीहरूलाई अन्यायका विरुद्ध लड्न प्रोत्साहित गर्ने कवि बुद्धि घिमिरे ‘सन्देश’ शीर्षकको यस कवितामा पनि खेत जोत्ने किसानका साथमा जान अनि ज्यामी र कर्मीका श्रमको मूल्य भर्न प्रेम सन्देश प्रेषित गरेका छन् ।

कर्मिका साथमा सार सत्कर्मको
ज्यामीका साथमा मूल्य त्यो कार्यको
भर्नका निम्ति त्यो भावना कोरियो
प्रेम सन्देशको आँकुरा जोडियो ॥२॥

भाव गाम्भीर्य यी कल्पनाका मुना
कोरिए पत्रमा झट्ट जादू टुना
झैं भए तै पनि हार्द भावै यहाँ
शब्दमा राखिए बान्किला छन् कहाँ ? ॥३॥

समग्रमा कविको यो सन्देश एउटा प्रेम सन्देश हो तर यो कुनै प्रेमीले प्रेमिकालाई पठाएको सन्देश नभएर समाजका तल्लो वर्गका व्यक्तिहरूको निस्वार्थ परिश्रम र सेवाभाव प्रतिको प्रेम हो अनि सद्भाव हो ।

प्रस्तुत कविता स्रग्विणी छन्दका पाँच पद्यमा संरचित छ । घिमिरेका अन्य पद्य कवितामा झैं यसमा पनि प्रत्येक दुई-दुई पाउमा अत्यानुप्रासको कुशल संयोजन गरिएको छ । कवितामा शान्त रस एवं प्रसाद गुणको सुन्दर प्रयोग भएको छ ।

## देउराली

मन्दाक्रान्ता छन्दको सुन्दर संयोजन गरिएको 'देउराली' शीर्षकको यस कविता मार्फत कवि बुद्धि घिमिरेले नेपाली संस्कृति र परम्पराको सह्राना गरेका छन् । नेपालीहरू प्रकृतिका पुजारी हुन् । यहाँ देवी, देउराली, खोला, पहाड, ढुङ्गा, माटो सबैको पूजा हुन्छ । यसरी नेपालीहरूले प्रकृतिप्रति गरेको सम्मानबाट कवि मख्ख परेकाछन् । कसैले पनि यसलाई हेलाको दृष्टिले नहेरोस् भनेर यसको वास्ताविकता खोतल्दै कवि लेख्छन्-

ढुंगो मात्रै भनिजहरू हेय दृष्टि कुभाव
राखी हेर्लान् तर छ यसमा पूर्ण नेपाली भाव ।
हाम्रा पुर्खाहरू पनि सबै देउराली भनेर
नाउँ लिन्थे शुभक्षण महाँ मान्यदेवी भनेर ॥

भोका नाङ्गा र गरीबहरूका कवि बुद्धि घिमिरेले यस कवितामा श्रमिकहरूको वासमा शान्ति भर्न अनि जाली, झेली र शठहरूको क्रूरता समाप्त पार्न देउरालीसँग वरदान मागेका छन् ।

भोका नाङ्गा श्रमिकहरूका वासमा भर्न शान्ति
जागा पार्दै सकल जनमा भर्दिउन् दिव्य कान्ति

जाली झेली ठग र शठको क्रूरताको स्वभाव

चौरालीले बल भरिदिंदा मेटियोस् भेदभाव ॥

प्रस्तुत 'देउराली' शीर्षक कविता प्रत्येक दुई-दुई पाउमा अन्त्यानुप्रासको संयोजन गरिएका पाँच वटा पद्यको संरचनामा रहेको छ ।

## दीपावली

हिन्दूहरूको महान् चाड विजयादशमी पछिको दोस्रो महान पर्व हो दीवापली । यस चाडमा रात्रीको समयमा दीप बालेर धनकी देवी लक्ष्मीको पूजा अर्चना गरिन्छ । यसो गर्नाले लक्ष्मी खुसी भएर धेरै धन दौलत दिने कुरामा हिन्दूधर्मावलम्बीहरू विश्वास गर्छन् । काग, गाई, गोरु, कुकुर र दाजुभाइको समेत यस पर्वमा पूजा गरिन्छ । यसरी हेर्दा पशु र मान्छे अनि दाजुभाइ र दिदी-बहिनी बीचमा सद्भाव बृद्धिगर्ने एउटा महान पर्व हो दीपावली । देउसी, भैलो जस्ता लोक गीतले यस पर्वलाई अझै रोचक र मनोरम बनाउने गरेको पाइन्छ ।

कवि बुद्धि घिमिरेले यही महान चाड दीपावलीको अवसरमा वि.सं. २०६३ मा प्रस्तुत 'दीपावली' शीर्षको कविता रचना गरेका हुन् । यहाँ कविले दीपावलीलाई मनुष्यको प्लेश र दुःख हर्दिने अनि सुसुप्त रात्रीमा प्राण भर्दिने चाड भन्दै दीपावलीको वर्णन गरेका छन् ।

मनुष्यका क्लेश र दुःख दुर्दिन,

हटाइ श्रद्धासित ज्योति छर्दिन

सुसुप्त रात्रीबीच प्राण भर्दिन

प्रफुल्ल छन् दीप शिखा छरी कण

सुभाव भित्री तहसम्म भर्नमा

कुभावको मूल उखेली फाल्नमा

सबै मिली पंक्ति सजेर विश्वमा

समान बन्धुत्व  र शान्ति भर्नमा ॥२॥

यो कविता उपेन्द्रबज्रा छन्दका चार पद्यको लघु संरचनामा रहेको छ । कविका यसपूर्व चर्चा गरिएका कविता भन्दा यसमा अन्त्यानुप्रासको केही फितलो प्रयोग गरिएको छ ।

## किसान

संसारको रित नै यस्तै छ जो धेरै परिश्रम गर्छ अनि पसिना बगाउँछ त्यो भोकै हुन्छ  जुन व्यक्ति महलमा बसेर शोषणका तन्त्रहरू बुनिरहन्छ त्यो सर्व सम्पन्न बन्छ । संसारको सबै भन्दा परिश्रमी व्यक्ति अथवा किसान जसले मानवदेखि लिएर चरा, मुसासम्मको प्राण रक्षा गरिरहेको हुन्छ, उसकै पीडा व्यथा अनि दीनचर्याको वखान हो प्रस्तुत 'किसान' शीर्षकको कविता ।

सदा परिश्रमी छु तै पनि छ देह नग्न यो

जपेर दैव भाग्य यो किसानको जुनी गयो

छ कुर्कुचा छियाछिया !! डढेछ जीउ घाममा

लुगा सबै चिराचिरा हुँदै म जुट्छु काममा

किसानले हलो कुटो समातेर वर्षभरि परिश्रम गरेर अन्न उब्जाउँछ तर महलामा बस्ने साहुले सबै अन्न रित्तो पारेर लान्छ । यो विडम्बना देखेर कवि बुद्धि घिमिरेको मन टुक्रिएको छ । खडेरीले अन्नवाली सुकाउँदा, बाडीले खेत बारी बगाउँदा, हुरीवतास र असिनाले पाकेको अन्न बाली नष्टगर्दा सम्पूर्ण पीर खप्ने किसान नै हुन्छ । यसरी प्रकृति पनि कहिलेकाँही क्रुर बनेर प्रस्तुत भइदिँदा कवि आफैं किसान बनेर आक्रोसको भाषा बोल्न विवश छन्  अनि आफ्ना किसान बन्धुहरूलाई साहूहरूको अन्याय विरुद्ध कुटो फालेर बन्चरो उठाउन आह्वान गर्दछन् ।

सचेत भैं उठेर लौ अवश्य जुर्मुराउँ है !

मिली सबै परिश्रमी किसान गीत गाउँ है !

कुटो र फाली बञ्चरो उठाइ जाग बन्धु हो !

सचेत भै उठौं सबै छ मुक्तिमार्ग एक यो ‼

प्रस्तुत कविता पञ्चचामर छन्दका छ पद्यको संरचनामा रहेको छ । किसानको दिनचार्यको वर्णन गर्दै अन्यायका विरुद्धमा उठ्न आह्वान गर्नु नै यस कविताको मुख्य भाव हो ।

## महाभारत अवश्यम्भावी छ

सहनुको पनि सीमा हुन्छ । साँच्चै अन्याय अत्याचारले नेटो काटेपछि युद्ध अवश्य हुनेछ । यो युद्ध रहरको नभएर बाध्यताको हुनेछ । 'महाभारत अवश्यम्भावी छ' शीर्षक कविता मार्फत कवि बुद्धि घिमिरेले यही कुराको सङ्केत गरेका छन् । दुर्योधनको सभामा भएको द्रौपदीको चिरहरणको पौराणिक प्रसङ्गलाई कोट्याउँदै नारीहरूको अपमान र बेइज्जती गर्नेहरू आफैंले खनेको खाल्डोमा आफैं पर्ने सङ्केत प्रस्तुत कविता मार्फत गरिएको छ ।

दुर्योधनका दलालहरू-

खुलंखुला दिनडाडै-

चिरहरणको कुशलता देखाउँदै छन् ।

दरिद्र दौपदीको खुल्ला केशको संकेतले

दिव्य तेह्रवर्षको अवधि पार हुँदा हुँदै

तिनै अपहरित अबलाका साडीको कात्रो आढेर,

आफैंले खनेको खाडलमा आफैं पुरिने छन्,

त्यसैले महाभारत अवस्यंभावी छ ।

प्रस्तुत कवितामा महाभारतका कथा प्रसंङ्ग र पात्रका माध्यमले वर्तमान राजनैतिक परिस्थितिप्रति व्यङ्ग्यप्रहार गरिएको छ । कौरवहरू असत्यको पक्षमा थिए त्यसैले धेरै शक्तिशाली भएर पनि पराजित भए पाण्डवहरू अल्पसंख्यामा भए पनि सत्यको पक्षमा लडेकाले विजय प्राप्त गरेरै छाडे । यही प्रसङ्गको स्मरण गर्दै कवि अन्याय अत्याचारले सीमा नाघेपछि अनि मर्यादाको डोरी चुँडिएपछि अवस्य महाभारतको युद्ध हुने सङ्केत गर्छन् ।

मर्यादाको डोरी चुँडिएपछि

कर्णको रथ मासिने छ र दुयोधनका घुँडा भाँचिने छन् !

अन्धाका देशमा कानोराजा भएँ भनेर

मिथ्या विश्वास गर्नेहरूका

गगनचुम्बी महल ढल्नेछन्

युगले पातो पुऱ्याइ सकेको छ !

महाभारत अवश्यंभावी छ !!

गहिरिएर अध्ययन गर्दा वि.सं. २०५४ सालको आश्विन महिनामा लेखिएको प्रस्तुत 'महाभारत अवश्यम्भावी छ' कवितामार्फत कवि घिमिरेले गरेको भविष्यवाणी साँच्चै साकार भएको हो कि भन्ने आभास हुन्छ । एघारवर्षे माओवादी जनयुद्धलाई यसको एउटा प्रमाण मान्न सकिन्छ । तथापि कविताको सङ्केत भने त्यतिमै पुरा भएको छैन । अझै पनि समाजमा राजनीतिलाई फोहोरी खेल बनाउन तम्सनेहरूले यस्तै दुर्दशालाई आमन्त्रण गरिरहने छन् भन्ने सङ्केत पनि यहाँ पाइन्छ । यस कविताले विश्वजनीन राजनैतिक दृष्टिकोणलाई पनि सङ्केत गरेकै छ ।

प्रस्तुत कविता बढीमा अठार हरफ र कम्तिमा सात हरफसम्म भएका चारवटा गद्य र त्रिचालीस हरफको संरचनामा रहेको छ ।

## फर्क

'फर्क' शीर्षक कविता मार्फत कवि बुद्धि घिमिरेले सहरमुखी हुँदै गएका मानिसहरूलाई गाउँ फर्कन आह्वान गरेका छन् । सहरमा बस्दा ठूलो हुने र गाउँमा बस्दैमा कोही सानो हुने भन्ने मानसिकतालाई सबैले त्याग गर्न सक्नुपर्छ । सबैले पुर्खाले बलिदान दिएर आर्जिएको भूमिको संरक्षण गर्न सक्नुपर्छ । पुर्खाहरू बितेर गएपछि आवाद भएको भूमिलाई उर्वरायुक्त बनाउन फर्क भन्दै कवि लेख्छन्-

पाखा जंगल सरस छहरा गाउँलेका महान

पुर्ख्यौलीको धन छ घरमै छैन अर्को मुहान

बाजे बूबा सब वितिगए खेत आवाद पारी

नौलो बाटो लिन अब कता हिंड्दछौ गाउँ छोडी ?

प्रस्तुत कविता शिखरिणी छन्दका चार पद्यको संरचनामा रहेको छ ।

## बाँच्न सिक्नु छ

जीवन सङ्घर्षमय छ । हामीले संसारमा असल भएर जिउन लाखौं चुनौतीहरूसँग पाइला-पाइलामा सङ्घर्ष गरिरहनु पर्छ । जीवन जिउने कला नभएकाहरुले समाजमा निरीह भएर बाँच्नु पर्छ । संसारका अनेकौ चुनौतीहरुसँग सङ्घर्ष गर्न नसक्दा मान्छेले निरीह पाण्डवले दुर्योधनको सभामा द्रौपदीको बेइज्जती हेरेर बस्न विवश भए झैं बाँचेको अभिनय गरिरहनु परेको यथार्थ 'बाँच्न सिक्नु छ' शीर्षक कविता मार्फत् कविले व्यक्त गरेका छन् ।

समयका पाङ्ग्रालाई पछाडि धकेलेको हेर्दै,

तिरस्कार र अपमानका कौरवसभाका पाण्डव जस्तै

नामर्द, अनपढ र बज्रस्वाँठ, निरीह र पिल्पिलाउँदो भएर

निःस्वार्थ प्रगति पथको यात्री भन्ने स्वाँगमा

आफूलाई कुनै साहाराले उभ्याउनु छ,

यहाँ जसरी भए पनि बाँच्न सिक्नु छ ।

प्रस्तुत कवितामा मान्छेले बाँच्नका लागि गरिरहनु परेका सङ्घर्षका दर्दनाक पीडाहरूको उठान गरिएको छ । यो कविता एक चालीस हरफ र पाँच गद्यको संरचनामा रहेको छ । वर्तमान समयमा सत्यवादी भएर कोही पनि बाँच्न सक्तैन भन्नु नै यस कविताको मुख्य आशय हो ।

## व्यथा

मान्छेको विनाशकारी प्रवृत्तिबाट मान्छे मात्र पीडित भएको छैन, यहाँका नदी-नाला, वन जङ्गल र पशुपंक्षीहरू पनि व्यथित भैसकेका छन्, पीडित भैसकेका छन् । कवि घिमिरेले यिनै व्यथा र पीडाको अभिव्यक्तिहरू यस 'व्यथा' शीर्षक कवितामा पोखेका छन् । नेपाली युवाहरूले आफ्नो स्वाभिमान भुलेर सम्पन्न बन्ने आशमा विदेशीहरूको दासत्व स्वीकारेको देख्दा  कवि व्यथित बनेका छन् ।

गैंडा भालु, मुनाल, मिर्गहरूसब् लागे विदेशी हुन्,

देवीदेव सबै हिंडे शयरमा आफ्नो व्यथा विर्सन,

आफ्नो आत्मव्यथा दबाइ अरुको दासत्व बोकीकन

नेपालीत्व भुली युवाहरू हिंडे सम्पन्नाता सिर्जन

विदेशतिर चोरीनिकासी भएका वन्यजन्तु, मन्दिरका देवदेवी सबै मानैं दिक्क भएर मन बहलाउनका निम्ति यहाँको अन्याय र अत्याचारबाट जोगिन हिडेका हुन् कि ? भन्दै उत्प्रेक्षा गरिएको छ, पहिला दुई हरफमा भने पछिल्ला दुई हरफहरूमा जनशक्ति बाहिरिदै गरेकोमा चिन्ता व्यक्त गरिएको छ ।

सधै भरि अर्काको आशमा बाँच्नु पर्दा कविको मनमा ठूलो घाउ लागेको छ । जीवनलाई उन्नतशील भन्दै आफू आफैसँग ढाँटिइनु परेकोमा कविलाई निक्कै दिक्क

लागेको छ । यिनै विसङ्गतिपूर्ण जीवन कथाको कलात्मक प्रस्तुति नै प्रस्तुत कविताको मुख्य भाव हो ।

यो कविता शार्दूलविक्रीडित छन्दका पाँच पद्यको संरचनामा रहेको छ । अन्त्यानप्रासको कुशल संयोजनका कारण कविताको बाह्य संरचना निकै सुसंगठित रहेको छ ।

## नयाँ पिंढीसँग

उपजाति छन्दका ६ वटा पद्यको संरचनामा रहेको 'नयाँ पिंढीसंग' शीर्षक कवितामा कविले नयाँ पिंढीलाई उत्साही भएर नव-नव सिर्जनामा लाग्न प्रेरित गरेका छन् । नयाँ पिंढीलाई तिमी श्रष्टा हौ, कर्मी हौ अनि शिल्पी हौ भन्दै सिर्जनकार्यमा लागेर देश बनाउन कविले पर्याप्त प्रेरणा प्रदान गरेका छन् ।

देशीय माटो बहुमूल्य ठान्दै,

गाउँ र पाखाहरू उच्च पार्दै,

उत्साह साथी छ हिमाल भन्दै

ती उद्यमी भित्र उमङ्ग भर्दै ॥

समग्रमा देशको ख्याति विश्व सामू पुऱ्याउन नयाँ पिंढीले तन मन बचनका साथ लाग्नु पर्ने प्रेरणानै यो कविताको मुख्य भाव हो ।

## सम्बोधन

गाउँ-बेंसीका सबै व्यक्तिहरू जागृतिको लहर बोकेर नयाँ आह्वानका साथ जुटेको विषयलाई यस 'सम्बोधन' शीर्षक कवितामा कवि घिमिरेले मुख्य विषय बनाएका छन् । जागरण अभियान नयाँ बस्ती बसाउन कम्मर कसेर रुढीपरस्त भाव परम्परा र धारणालाई हटाएर नवीन विचारका साथ अघि बढिरहेको उल्लेख गर्दै कवि लेख्छन्-

वस्ती दिव्य बसाउने मनविषे संकल्प कस्दै छरे !

निर्धाको हकखोज्न कम्मर कसी चौतर्फ घुम्दै छरे !

नौला कार्य र भावनासंग मिली बाटो नियाल्दै छरे

थोत्रो जो अनुकार्य छैन उसको धज्जी उडाउँछ रे !

कविको यो सम्बोधन निर्धनहरूको जागरण अभियान प्रतिको सम्बोधन भएर कवितामा प्रस्तुत भएको छ । यो कविता शर्दूलविक्रीडित छन्दका अन्त्यानुप्रासी चार पद्यको संरचनामा रहेको छ ।

## युग-सन्देश

यो कविता बुद्धि घिमिरेले वि.सं. २०५४ पुष एघार गते रचना गरेका हुन् ।[५४] २०४६ सालमा नेपालमा प्रजातन्त्र आएपछि देखिएका विसङ्गगतिहरूको यथार्थ प्रस्तुति नै यस कविताको मुख्य विषय बनेको छ । कविले कलियुगलाई कालो युगका रुपमा चित्रण गर्दै यहाँ सत्यताले कुनै ठाउँ नपाएको विचार व्यक्त गरेका छन् । कर्मचारीले घुस नखाइ काम नगर्ने, मन्त्री सांसद सबै कमिसनमा काम गर्ने विदेश भ्रमणका नाउँमा राष्ट्रिय ढिकुटी रित्याएर विल्डिङ्ग खडागर्ने प्रवृत्ति र जनतालाई सिढी बनाएर जनताकै टाउँकोमा ऋण बोकाउने र गीरखेल्ने ठूलाबडाको प्रवृत्ति हामीले प्रत्यक्ष देखे सुनेका विषयहरू हुन् ।

घूसै खानू उज्यालो, कमिशन गतिलो भागवण्डा भरिलो

मन्त्री संसद सबैमा ढलबदल अझै गोजिभर्ने रसिलो

मेलो हो त्यो विदेशी भ्रमण चहकिलो बन्न विल्डिङ सजिलो

सिंढी आफूमुनिका निरिह-जनहरू टेक्नलाई दरिलो ॥

---

[५४] बुद्धि घिमिरे, 'म बाँचेको छु' कविता सङ्ग्रह, (२०५४) पृ.३५ ।

झोला थाप्ता-थाप्ता वैदेशिक ऋणले चुर्लुम्म डुबेको देश, विद्रोहीहरूको गोलीको निशान भएका देशका असंख्य किसान, देशका नदी-नाला, वन जङ्गल र मूर्तिहरू विदेशमा लगेर बेच्ने शासकहरू, देश र जनताको दुहाई दिएर राता-रात करोडौँ कालो सम्पत्ति आर्जन गर्ने नेताहरू नै प्रस्तुत 'युग-सन्देश' कविताका मुख्य विषय बनेर आएका छन् ।

यो कविता स्रग्धरा छन्दका अन्त्यानुप्रासी सात पद्यको संरचनामा रहेको छ । यसले मुख्यतया प्रजातन्त्र आएपछि देशमा देखिएको विकृति, विसंगति र नेतृत्व वर्गको यथार्थ व्यवहारको चित्रण गरेको छ

## मेरो कलम

देशकाल, परिस्थिति र समाजको पर्याप्त ज्ञान भएका कवि बुद्धि घिमिरे सधैं मानव स्वतन्त्रका पक्षमा बोलिरहन्छन् । कवि समाजका गरीबहरूको अवस्था मात्र देखाउँदैनन् बरु त्यसको समाधानको उपाय समेत बताइ दिन्छन् । समाजमा वर्गीय विभेद रहेका चोटिला वाक्य मात्र बोल्दैनन् बरु त्यस्तो विभेद अन्त्य गर्ने अन्तिम उपाय पनि सिकाइ दिन्छन् । कवि आफ्ना कवितामा कहिले झोपडीमा गएर चिहाउँछन् अनि त्यहाँको सत्यता बोलिदिन्छन् । कहिले ठूला महल भित्र पसेर त्यसको वास्तविकता बताइ दिन्छन् । सहिदको त्याग र बलिदानीको अर्थ लगाइ दिन्छन् । राष्ट्र र राष्ट्रियताको संरक्षण गर्न असल नागरिकले निर्वाह गर्नुपर्ने भूमिकाको पाठ सिकाइ दिन्छन् । त्यसैले कविको कलम अत्यन्त शक्तिशाली छ । 'मेरो कलम' शीर्षक कविताको आशय पनि यस्तै यथार्थ चित्रणमा केन्द्रित छ ।

यो धारिलो शस्त्र हो

मेरो मुख थुन्नेहरूको जवाफ पनि हो !

आगामी स्वर्णिम भविष्यको जवाफ पनि हो ।

असमान व्यवहार काट्ने ..............

राष्ट्रियता विरुद्धका सन्धी सम्झौताका निम्ति करौती हो .......

चोरलाई चौतारो साधुलाई शूली दिनेका निम्ति

रामवाण हो .............।

यो मेरो कलम ॥

यसरी कवि घिमिरेले प्रस्तुत कवितामा एउटा कलमवीर, युग सचेत, राष्ट्रप्रेमी र समाज प्रेमी व्यक्तिको कलमको भूमिकालाई चित्रण गरेका छन् । यो कविता ३८ हरफका चार अनुच्छेदको संरचनामा रहेको छ ।

## संकल्प

विश्वमा जतातत‍ै अराजक गतिविधिहरूले प्रश्रय पाइरहेका छन् । मान्छे पथभ्रष्ट भएका छन् । धोका, छल, झूट र अमानवीयताले संसार व्याप्त छ । यस्तो परिस्थिति देखेर आत्तिएका कवि घिमिरे चम्कने सूर्य समान भएर त्यसको विरुद्धमा जनता उठाउने संकल्प गर्दछन् ।

म चम्कने सूर्य समानको भई

बलेर धप्-धप् युगसामुमा गई

खुलाइ बाटो जनता उठाउन

गरे प्रतिज्ञा अब जुर्मुराउन ॥

गरेर संकल्प युगानुरुपको

लडेर अन्याय हटाइ न्यायको

छरेर ज्योति भई सूर्य चन्द्रमा,

उघार्छु आँखा सबभाइ बन्धुमा ॥

अन्यायका विरुद्धमा लडेर न्यायको स्थापना गर्ने संकल्प लिएका कविले आफ्नो कार्यमा सबैलाई साथ दिन आह्वानन समेत गरेका छन् । अन्त्यमा कवि यो

कार्यमा तन मन बचनले सबैले साथ दिए मात्र देश सुरक्षित हुने, जानकारी गराउदै विकल्पको घडी समाप्त भैसकेको कुराप्रति सबैलाई सजग गराउँछन् ।

यो कविता उपेन्द्रबज्रा छन्दका सात पद्यको संरचनामा रहको छ ।

## आफ्नै अनुभूतिको आभास

जीवनमा आफूले गर्नुपरेका सङ्घर्ष खप्नु परेका अनेकौ पीडा र बाध्यताका कारण नै अरुका दुःख चाँडै आफू बुझ्न सक्ने भएको अनुभव कविमा छ । यसकै कारण आफू अनुभूतिका भासमा भासिन सकेको कुरा यस "आफ्नै अनुभूतिको आभास" शीर्षक कवितामा कवि स्वीकार्छन् ।

यस घेरादेखि टाढै पैदा भएर

स्वप्नील सम्पदामै मस्त रहे,

खान र लाउनको समस्यै नभए,

प्रचण्ड ग्रीष्म र चोटिलो वर्षाको

राप र छिटा खप्नु नपरे ..........

मलाई यो आभास भास भएर नवेर्दो हो ..........?

आक्रोश, व्यथा, रोदन, विलखबन्द, अभाव, हीनताबोध र लघुताभास आफ्नो जीवनका साथी बनेको कुरा कवि यस कवितामा उल्लेख गर्छन् । त्यसैले कवि आफू भित्र परतन्त्रले डेरा जमाएको अनि आफ्नो वरिपरि विकराल लक्ष्मणरेखा रहेको अनुभव गर्छन् । वास्तवमा यो बीसौं शताब्दीको मानवको कथा, व्यथा हो भन्न रूचाउँछन् ।

म हुँ बीसौ शताब्दीको मानव,

मेरो वरिपरि घेरा छ ............,

परतन्त्रको डेरा छ .............,

विकराल लक्ष्मण रेखा छ ............,

सच्चाइ अदालतको कठघरामा ...............,

तामो र तुलसीको रुपमा गीताको ठेली संगै बन्दछ ..............,

छल, कपट र अन्याय अत्याचार, चार

चौकी भएका छन् .................,

चाप्लुसीको पाठ पढ्नेहरूका सामू आफू साधारण भन्दा पनि कमजोर भएर स्वालम्बनको पाठ पढ्दै जीवनका अनेकौ अनुभूतिहरू संङ्गालिरहेको भाव व्यक्त गर्दै कवि यो कविताको अन्त्य गर्दछन् । यसरी हेर्दा आफूले जीवन यात्राका क्रममा अनुभव गरेका विविध बिचारहरूलाई आफ्नै सापेक्षतामा प्रस्तुत गर्नु नै यस कविताको मुख्य लक्ष्य हो ।

यो कविता चालीस हरफ र तीन गद्यको संरचनामा रहेको छ । कविले यो कविता वि.सं. २०३४ मा रचना गरेका हुन् ।

## विदेशिएका बन्धुसित

नेपालीहरू खासगरी अर्थोपार्जनका लागि विदेश जाने गर्दछन् । विदेश गएका नेपालीहरूमा कोही सेना-पुलिसमा, कोही घरेलु कामदारका रुपमा, कोही विभिन्न कारखानामा काम गर्दछन् । यही यथार्थलाई बुझ्रेर स्वदेश र स्वजातिको रक्षा गरेर आफ्नो मातृभूमिलाई स्वर्ग बनाउन कवि सबैमा विनम्र अनुरोध गर्दछन् ।

विनम्रता विछ्याउँछु, स्वादेश, जातिमानमा-

उठाइ भावना जुटौं, स्व-स्वर्गको भलाइमा !

उठौं छिटै बढौं अघी फिरेर मातृभूमिमा,

स्वदेश, बन्धु-वर्गको गरौं समुन्नति यहाँ .......‼

विदेशीहरूको दास बनेर काम गर्न नेपालीहरूलाई आफ्नो स्वाभिमानले दिदैंन, त्यसैले विदेशमा गएर गर्ने श्रम यँही गरेर धर्तीलाई फलाउने फुलाउने कार्यमा लाग्न कवि घिमिरेले सबैलाई प्रेरणा र हौसला प्रदान गरेका छन् ।

'विदेशिएका बन्धुसित' शीर्षकको यो कविता कवि घिमिरेले वि.स. २०५४ माघ महिनामा रचना गरेका हुन् ।[५५] यो कविता पञ्चचामर छन्दका पाँच पद्यको संरचनामा रहेको छ ।

## दशैं

यो कविता कवि बुद्धि घिमिरेले वि.सं. २०४६ सालमा नेपालमा प्रजातन्त्र आएपछिको दशैंलाई मुख्य लक्ष्य बनाएर रचना गरेका हुन् ।[५६] यस कविताले सिधा अर्थमा हिन्दूहरूको महान चाँड विजया दशमीको आगमनको खुशियालीलाई व्यक्त गरेको छ भने व्यञ्जनात्मक रुपमा देशमा प्रजातन्त्रको आगमनले जनतामा पलाएका खुशियाली एवं आशा र अकांक्षालाई व्यक्त गरेको छ ।

त्यो अन्धकार हटिगो जलमा थलैमा
मैलो कतै पनि बँचेन जगत्भरैमा
वर्षा हट्यो सवतरफ् अब छैन पैह्रो
आभा छर्‍यो जनमहाँ मनभित्र गैह्रो,
श्रद्धा गरीकन सबैजन स्वागतैमा;
लागे सुबस्त्र र सुखाद्य जुटाउनमा;
नौलो विचार र दिशा दिई दिव्यद्वार
खोल्ला अनन्त प्रगतितिर झट्टपार,

[५५] बुद्धि घिमिरे, पूर्ववत् पृ. ४२ ।
[५६] शोधनायकबाट प्राप्त जानकारी ।

दशैंलाई निहुँ बनाएर प्रजातन्त्रबाट जनताले गरेको आशालाई कलात्मकताका साथ व्यक्त गर्नु नै 'दशैं' कविताको मुख्य भाव हो । यो कविता इन्द्रबज्रा छन्दका ६ पद्यको संरचनामा रहेको छ ।

## नयाँ वर्ष

वि.सं. २०५४ को नव वर्षको उपलक्ष्यमा रचना गरिएको यस कविता मार्फत कविले सबैमा हृदयदेखिको शुभकामना व्यक्त गरेका छन् ।[५७] नव वर्षलाई सम्बोधन गर्दै कविले सबै मान्छेको मन निर्मल रसिलो एवं स्वच्छ पार्न भनेका छन् । मान्छेको जडता हटेर मानवता पलाओस्, सबैमा दरिद्रता र क्रूरता हटेर जाओस् जस्ता निकै मार्मिक शुभकामनाहरू यस कवितामा व्यक्त गरिएको छ । पहिलेका नव वर्षले जनतामा खै के दियो ? भनेर निराशा नहुन आग्रह गर्दै कवि लेख्छन्-

नौला वास्तुकला भरुन् शहरले गाउँ बनुन् जाग्रत,
फिर्दा नित्य नयाँ बसन्त जनता होलान् बढी उन्नत
पहिलेका नववर्षले जनमहाँ खै के दियो ? लै भनी
ऐह्हेको नववर्ष दोषि नवनोस् यै हो शुभेच्छावली !!

'म बाँचेको छु' कविता सङ्ग्रहको अन्तिम कविताका रुपमा रहेको प्रस्तुत 'नयाँ वर्ष' कविता शादूलविक्रीडित छन्दका पाँच पद्यको संरचनामा रहेको छ ।

## ४.२ खण्डकाव्यकार बुद्धि घिमिरे

### ४.२.१ आमुख

ज्ञान विज्ञानको समष्टि रुप वाङ्मय हो भने कला यसकै एउटा शाखा हो । कलाका पनि मुख्य दुई भेद छन् (१) वास्तुकला र (२) ललितकला यी मध्ये ललितकलाको एउटा भेदका रुपमा साहित्य पर्दछ । साहित्य पनि अनेकौं शाखा

---

[५७] बुद्धि घिमिरे, पूर्ववत् पृ. ४४ ।

प्रशाखामा विभक्त छ । यिनै मध्ये कविताको एक उपविधात्मक रुप अन्तर्गत खण्डकाव्य पर्दछ ।

खण्ड+काव्य दुई शब्दको संयोगबाट खण्डकाव्य शब्दको निर्माण भएको हो । यसको शाब्दिक अर्थ कुनै काव्यको खण्डित अंश भन्ने हुन आउँछ । यस अर्थमा पूर्ण नभईकन खण्ड हुन नसक्ने वा जीवनको पूर्णता भन्दा खण्ड विशेषको चित्रण खण्डकाव्यले स्वीकारको पाइन्छ ।

पाश्चात्य काव्यशास्त्रीहरूले Short Poem र Long poem गरी काव्यको दुई भेद गर्दै Short Poem भित्र Lymn (सूक्त) र Lirics (प्रगीत) एव+ Long Poem भित्र balled, balled, elegy (शोक काव्य) र narative poem ( आख्यानात्मक कविता) गरी अध्ययन गरेको पाइएता पनि खण्डकाव्य नाम गरेको छुट्टै विधाको रुपमा विस्तृत चर्चा गरेको भने पाइँदैन ।[५८]

पूर्वीय सन्दर्भमा महाकाव्यका तुलनामा खण्डकाव्यको चर्चा कमै भएको पाइए पनि पाश्चात्य साहित्य चिन्तन परम्परामा भन्दा केही स्पष्टता भने अवश्य पाइन्छ ।

पूर्वमा साहित्य चिन्तन परम्परा भरतमुनिबाट थालिएको पाइए पनि उनका समयमा खण्डकाव्य नामले कुनै पनि काव्यको चर्चा गरिएको पाइँदैन । ईशाको सातौं शताब्दीमा रुद्रटले सर्वप्रथम प्रबन्धकाव्य सम्बन्धी चर्चा गर्ने क्रममा काव्यका प्रबन्धात्मक रुपलाई लघुकाव्य र महान काव्य गरी दुई भागमा विभाजन गरे । यिनका अनुसार महाकाव्यमा शृङ्गार, वीर मध्ये कुनै एक रस र धर्मार्थकामोक्ष जस्ता जीवनका प्रधानतम उपलब्धि र चतुर्विध पुरुषार्थको समग्र अभिव्यक्ति हुन्छ भने खण्ड काव्यमा चतुवर्गमध्ये कुनै एक वर्गको अभिव्यक्ति हुन्छ ।[५९]

नवौं शताब्दीका आनन्दावर्धनले पद्य काव्यलाई मुक्तक र प्रवन्धकाव्य गरी विभाजन गर्दै प्रबन्ध काव्य भित्र पर्याय बन्ध, खण्डकथा, सकल कथा र सर्गबन्धलाई

---

[५८] ईश्वरी प्रसाद गैरै, आधुनिक नेपाली खण्डकाव्य र माहाकाव्य (२०६०) पृ.१५५ ।

[५९] पूर्ववत् पृ. १५४ ।

राखेका छन् । यसरी चर्चा गर्ने क्रममा सर्गबन्ध अन्तर्गत महाकाव्यलाई राखिएको पाइन्छ भने खण्डकथाले खण्डकाव्यलाई स्पष्ट संकेत गरेको छ ।[६०]

यी उल्लेख गरिएका केही प्रयासहरु खण्डकाव्यको निम्ति अविष्मरणीय रहे पनि खण्डकाव्यको नामाङ्कन गर्ने प्रथम आचार्य चाँहि तेह्रौं/चौधौं शतकका आचार्य विश्वनाथ हुन् । विश्वनाथका अनुसार महाकाव्यमा झैं खण्डकाव्यमा पनि विषयवस्तु रहन्छ तर महाकाव्यमा वर्णनको विस्तृति हुन्छ भने खण्डकाव्यमा विषयवस्तुको व्यापकता नभएर संक्षिप्तता हुने गर्दछ । जुन कुरा जीवनको प्रस्तुतिमा भर पर्ने गर्दछ । कविले जीवनको विराटतालाई प्रस्तुत गर्न चाहन्छ भने त्यहाँ विराटता आउँछ र संक्षिप्तता प्रस्तुत गर्न चाहन्छ भने सङ्क्षिप्तता आउँछ । यहि विराटता र सङ्क्षिप्तता भित्रै महाकाव्य र खण्डकाव्यको आफ्नो रुप स्वरुप छुट्टिन आउँछ । यसरी हेर्दा जीवनको एक अंशको प्रस्तुतीकरण खण्डकाव्यमा हुन्छ भने जीवनको विराटता र समग्रता अँगाल्दै त्यसको प्रस्तुतीकरण महाकाव्यमा हुन्छ । आचार्य विश्वनाथले खण्डकाव्यलाई काव्य कोषकाव्य खण्डकाव्य र महाकाव्य गरी चार भागमा बाँड्ने कार्य समेत गरेका छन् ।

यसरी विभिन्न विद्वानहरुले खण्डकाव्य सम्बन्धी गरेको चिन्तनका आधारमा के भन्न सकिन्छ भने जीवन र जगत्को एक पक्षको चित्रण, एउटै सत्यको उद्घाटन र एउटै उद्देश्यको सङ्कथन खण्डकाव्यमा रहने भएकाले घटना पात्र र रसको एकता पनि जरुरी मानिन्छ । धर्म, अर्थ, काम, मोक्षमध्ये एक वर्ग, नौ रस मध्ये कुनै एक रसको परिपाक, शीर्षक संरचनाभित्र कवितात्मक प्रस्तुतिको सुसम्बद्ध संयोजन रहनु प्राय अनिवार्य मानिन्छ । यसरी हेर्दा खण्डकाव्यमा सर्गबद्धता र अनेक छन्दको प्रयोग आवश्यक मानिर्दैन, प्रयोग भए पनि त्यो अस्थायी तत्व मात्र हो ।

नेपालीमा पाश्चात्य क्षेत्रका गाथा, काव्य, शोककाव्य, गीतिकाव्य र व्यङ्ग्यकाव्यका आधारमा लेखिएका प्रयोगवादी लामा कवितालाई खण्डकाव्य समकक्षी कृतिका रुपमा चर्चा गरिएको पाइए पनि शास्त्रीय आधारमा रचिएका खण्डकाव्यहरु पनि प्रसस्तै छन् । ऋतु विचार, उर्वशी, आगो र पानी, राजेश्वरी,

---

[६०] ऐजन ।

मुनामदन आदि खण्डकाव्यलाई यसको उदाहरणका रुपमा लिन सकिन्छ । यिनै विविध सन्दर्भहरूलाई हेरेर साहित्यशास्त्रीहरूले खण्डकाव्यका तत्वहरूको विर्धारण गरेको पाइन्छ । खण्डकाव्यका लागि आवश्यक मानिएका तत्वहरू निम्न अनुसार रहेका छन् ।

१) कथावस्तु वा विषयवस्तु २) पात्र विधान ३) देश काल वा वातावरण/परिवेश

४) केन्द्रीय कथ्य ५) भाव विधान ६) लय विधान ७) बिम्ब, प्रतीक, अलङ्कार र व्यञ्जना विधान ८) सर्गयोजना ९) भाषाशैली १० उद्देश्य ।

यसरी हेर्दा खण्डकाव्यकार बुद्धि घिमिरेका तीनवटै खण्डकाव्यहरू शास्त्रीय नियममा आवद्ध भएर रचना गरिएको पाइन्छ ।

### ४.२.२ बुद्धि घिमिरेको खण्डकाव्यगत विशेषता

खण्डकाव्यकार बुद्धि घिमिरेले फुटकर कविता प्रकाशन गरेर औपचारिक कविता-यात्रामा लागेको समयले तीन दशक व्यतीत गरिसके पनि खण्डकाव्य प्रकाशनको समय भने त्यति लामो भएको छैन । वि.सं. २०२६ बाटै औपचारिक कवि जीवनमा प्रवेश गरेका घिमिर्का पहिलो प्रकाशित खण्डकाव्यद्वय किसान र मान्छे वि.सं. २०६१ हुन् । यसपछि वि.सं. २०६२ मा 'समयचत्र' खण्डकाव्य पनि प्रकाशित गरेर घिमिरेले नेपाली साहित्यमा आफ्नो खण्डकाव्यकार व्यक्तित्वलाई चिनाउन सफल भएका छन् ।

बुद्धि घिमिरेका तीनवटै खण्डकाव्यले मानव जीवनका जटिलतम परिस्थिति, अन्याय, अत्याचार, शोषण र त्यसबाट उत्पन्न भएका आक्रोसका अभिव्यक्ति प्रकट गरेका छन् । आफ्ना फुटकर कवितामा झैं समाजमा देखिएका वर्गीय विभेदहरूलाई उनले खण्डकाव्यगत प्रस्तुतिको मुख्य आधार बनाएका छन् । यसरी हेर्दा परम्परागत लेखन शैली र नवीन सामाजिक चेतनाको उद्घाटन नै घिमिरेका खण्डकाव्यमा पाइने प्रमुख विषेशता हो ।

समग्रमा बुद्धि घिमिरेका खण्डकाव्यगत विशेषतालाई निम्न बुँदामा समेट्न सकिन्छ ।

(क) प्रगतिवादी खण्डकाव्यकार ।

(ख) परम्परागत शैली र नवीन विषयको संयोजन ।

(ग) विविध छन्द एवं अलङकारको प्रयोग ।

(घ) मानव जीवनसंग सम्बन्धित विविध प्रतीक, बिम्बको प्रयोग ।

(ङ) राजनैतिक एवं सामाजिक चेतनाको स्वर ।

(च) अस्तित्ववादी जीवन दृष्टि ।

(छ) सरल एवं सुकोमल भाषाशैली ।

(ज) भाव र शैलीका बीचमा सुमधुर सम्बन्ध स्थापित ।

(झ) शैलीशिल्पगत परिष्कावादिता ।

### ४.२.३ बुद्धि घिमिरेको खण्डकाब्यगत प्रवृत्ति

नेपाली कविता र काव्य विधामा धारा प्रवाहमा साहित्य रचना गर्ने बुद्धि घिमिरेका खण्डकाव्यगत प्रवृत्तिहरुलाई निम्नानुसार केलाउन सकिन्छ । जस्तैः

४.२.३.१ विषयवस्तुगत प्रवृत्ति

विषयवस्तु खण्डकाव्यको महत्वपूर्ण पक्ष हो । खास गरी खण्डकाव्यमा ऐतिहासिक, सामाजिक, पौराणिक, प्राकृतिक, एवं समसामयिक आदि विषयवस्तुहरू आएका हुन्छन् । यस दृष्टिले हेर्दा खण्डकाव्यकार बुद्धि घिमिरेका तीनवटै खण्डकाव्यमा सामाजिक एवं समसामयिक विषयवस्तुलाई लिइएको पाइन्छ । 'किसान' खण्डकाव्यमा नेपालका किसानहरूको यथार्थ स्थितिको चित्रण गर्दै आफ्नो हक अधिकार खोज्नका लागि सङ्घर्षमा उत्रन प्रेरणा प्रदान गरिएको छ । यस्तै घिमिरेको अर्को खण्डकाव्य 'मान्छे' मा वर्तमान समयको मान्छेका संकुचित र कुरुप बन्दै गएका विविध विचार र स्वभावको स्वभाविक प्रस्तुति पाइन्छ । 'समय चक्र' खण्डकाव्यमा समयरुपी चक्रमा रुमलिएका नेपाल र नेपालीका विसङ्गगत जीवन एवं

सामाजिक प्रक्रियाको चित्रण गरिएको छ । यस खण्डकाव्यको विषय वस्तु सन्देशमूलक एवं उपदेशमूलक भएर आएको पाइन्छ । यसरी हेर्दा बुद्धि घिमिरेका तीनवटै खण्डकाव्यको विषयवस्तुमा सामाजिक एवं समसामयिक दृष्टिचेत रेहको पाइन्छ ।

४.२.३.२ संरचनागत प्रवृत्ति

खण्डकाव्यकार बुद्धि घिमिरेले समसामयिकता र सूक्ष्म आख्यानको प्रयोग गरेर खण्डकाव्य रचना गरेका छन् । उनले आफ्ना अनुभूति प्रवाहलाई सरस, सरल, मिठासपूर्ण, परिष्कृत संयमित एवं व्यवस्थित रुपमा खण्डकाव्यमा प्रयोग गरेर आफ्नो काव्य कौशललाई प्रस्तुत गरेका छन् । झिनो आख्यानका कारण 'किसान' र 'मान्छे' खण्डकाव्य वाहय संरचनामा कमजोर देखिए पनि आन्तरिक संरचनाका दृष्टिले यी दुवै खण्डकाव्य निकै सशक्त रहेका छन् । 'समचक्र' खण्डकाव्य चाहिँ आन्तारिक र वाहय दुवै दृष्टिले निकै सशक्त रहेको छ । खास गरी खण्डकाव्यकार बुद्धि घिमिरेको खुबी खण्डकाव्यको आन्तरिक संरचना सुदृढ गर्नमा नै प्रवृत्त रहेको पाइन्छ ।

४.२.३.३ रसभावगत प्रवृत्ति

भाव र सौन्दर्यका धनी कवि बुद्धि घिमिरे संस्कृतका कालिदास, वाल्मीकि नेपालीका लेखनाथ पौड्याल प्रकृतिका रसवादी कविहरूबाट निकै प्रभावित रहेका छन् । यस किसिमका घिमिरेका खण्डकाव्यमा करुण, शान्त, विभत्स, रौद्र रसभावमय अनुभूतिहरू प्रकट भएका छन् । यसमा पनि समाज परिवर्तनका लागि हरेक मानिसलाई सचेत बनाउने कविको उद्देश्य सफल पार्न वीर रसको प्रयोग निकै सार्थक र सान्दर्भिक देखिन्छ । समग्रमा रस र भावका बीचको उचित तालमेल भएका कारण घिमिरेका खण्डकाव्य निकै उत्कृष्ट बन्न सकेका छन् ।

४.२.३.४ स्वरगत प्रवृत्ति

कृतिको मुख्य भाव विचार वा जीवनदर्शन नै त्यसको स्वर हो । यसरी बुद्धि घिमिरेका खण्डकाव्यलाई हेर्दा 'किसान' खण्डकाव्यमा किसान मुक्ति आन्दोलनको संखघोष गरिएको छ । 'मान्छे' खण्डकाव्यमा मानव-मानवका बीच विश्वबन्धुत्वको

भावना र आपसी स्नेह र समाझदारी भए मात्र पृथ्वीमा प्रगति हुनसक्छ भन्ने विचार व्यक्त गर्दै मान्छेका खराब प्रवृत्तिलाई उजागर गरिएको छ । यस्तै समयचक्र खण्डकाव्यमा 'सम्वादकै माध्यमबाट शान्तिमयता ल्याउनु पर्छ भन्ने धारणा राख्दै जीवन बाँच्न, भोग्न र रम्न पाउनुपर्छ भन्ने जीवनवादी स्वर प्रस्तुत गरिएको छ ।[६१]

४.२.३.५ लयगत प्रवृत्ति

लयका दृष्टिले बुद्धि घिमिरेका तीवटै खण्डकाव्यहरू उत्कृष्ट रहेका छन् । उनका खण्डकाव्यमा शास्त्रीय वर्णमात्रिक छन्दहरूमा शार्दूलविक्रीडित, वसन्ततिलका, शिखरिणी, शालिनी, उपजाति, अनुष्टुप आदि छन्दहरूको प्रयोग गरिएको छ । आफूले खण्डकाव्यमा प्रयोग गरेका छन्दलाई कविले अत्यन्त कुशलताका साथ खेलाउन सकेका छन् । अतः छन्दका कारणले खण्डकाव्यको अर्थबोधमा कठिनाइ भएको पाइँदैन । बरु यसले खण्डकाव्यलाई अझै रोचक एवं मार्मिक बनाउन सहयोग गरेको पाइन्छ ।

४.२.३.६ शैलीशिल्पगत प्रवृत्ति

मिठासपूर्ण सुकोमल ध्वन्यात्मक शब्दको प्रयोग, सशक्त प्रतीकविधान, तीव्र व्यञ्जनाशक्ति, बिम्ब अलङ्कारको समुचित प्रयोग खण्डकाव्यकार बुद्धि घिमिरेका शैलीशिल्पगत प्रमुख प्रवृत्ति हुन् । आफ्ना खण्डकाव्यमा भाव, छन्द र अलङकारका बीच सन्तुलन मिलाएकाले घिमिरेको शैली शिल्प उत्कृष्ट बन्न सकेको छ ।

४.२.३.७ भाषिक प्रवृत्ति

खण्डकाव्यकार बुद्धि घिमिरेका खण्डकाव्यमा परिष्कृत भाषाको प्रयोग पाइन्छ । प्रचलित संस्कृत र नेपाली झर्रा शब्दको प्रयोगले उनमा भाषिक दक्षता रहेको स्पष्ट हुन्छ । उनको भाष पाण्डित्य प्रदर्शन गर्नमा भन्दा बढी भावलाई डोऱ्याउन क्रियाशील रहेका कारण खण्डकाव्यहरू श्रुतिमय एवं सङ्गीतसिद्ध बन्न सकेका छन् ।

[६१] डिल्ली दुवाडी, अभ्यास द्वमासिक (२०६५) चैत्र-वैाख, पृ.६ ।

## ४.३ किसान खण्डकाव्यको अध्ययन र विश्लेषण

### ४.३.१ परिचय

किसान खण्डकाव्य बुद्धि घिमिरेले वि.सं. २०६१ मा प्रकाशन गरेका हुन् । यो खण्डकाव्य घिमिरेको पहिलो खण्डकाव्य हो । यहाँ एउटै पुस्तकाकार कृति भित्र 'किसान' र 'मान्छे' दुई खण्डकाव्यको संयुक्त प्रकाशन रहेको छ । यसो भए पनि पुस्तकको बाहिरी आवरणमा किसान खण्डकाव्य मात्र लेखिएको छ । सेतो चिल्लो कागजको पृष्ठभूमिमा रातो मसिले कोरिएको पहाडको नक्सा अनि एउटा खरले छाइएको झुप्रे घर र काँधमा हलो बोकेर गोरु धपाउँदै खेतवारी लागेको किसानको दृश्यले साँच्चै नेपालको एउटा पहाडी किसानको यथार्थता प्रस्तुत गर्न सकेको छ । यस खण्डकाव्यको आवरण चित्र कालु आर्ट, बरगाछी विराटनगरद्वारा निर्माण गरिएको हो भने खण्डकाव्यको मुद्रण श्रेष्ठ प्रिन्टर्स विराटनगर द्वारा गरिएको हो । यसको व्यक्तिगत मूल्य रु३०।- राखिएको छ भने संस्थागत मूल्य रु५०।- राखिएको छ । खण्डकाव्यको प्रकाशन श्रीमती टीका घिमिरेले गरेकी हुन् ।

खण्डकाव्यको अग्रभागमा 'सादर समर्पण' शीर्षकको छुट्टै पृष्ठ राखिएको छ । यसमा देशका समस्त शोषित पीडित श्रमजीवी किसान र असलमान्छे तथा किसानको अभावपूर्ण जीवन धान्दै लालनपालन गरी समर्थवान बनाएर स्वर्गीय हुनुभएका पुज्यपिता श्री नारायण घिमिरे र माता मधुमाया घिमिरेमा खण्डकाव्यको सादर समर्पण गरिएको छ । खण्डकाव्यको अग्रभागको तेस्रो पानामा माधव भण्डारीको 'आमुख' शीर्षकको यस खण्डकाव्यको भूमिका राखिएको छ । त्यसैगरी यसै खण्डकाव्यको अग्रभागको चौथो पानामा खण्डकाव्यकारले खण्डकाव्यहरू प्रति आफ्नो भनाई राखेका छन् । यसपछि 'प्रस्तावना' शीर्षक राखेर खण्डकाव्य शुरु गरिएको छ ।

### ४.३.२ विषयवस्तु

किसान खण्डकाव्यको विषयवस्तु प्रस्तावना, परिस्थितिबोध, आह्वान र उपसंहार गरी चार खण्डमा विभाजित छ । यसको प्रस्तावना भागमा अनुष्टुप

छन्दका दशवटा श्लोक रहेका छन् । यसमा कविले मानिसले गर्भवासमा हुँदा पृथ्वीमा ठूला-ठूला काम गर्ने सङ्कल्प लिएर आउँछ भन्ने पौराणिक मान्यतालाई किसानहरूको इच्छासँग तादात्म्य गरेका छन् । यहाँ निरङ्कुश शासकले देशमा शासन गर्दा प्रजातन्त्र आएपछि हाम्रो मुक्ति अवश्य होला भन्ने किसानहरूको भावनासँग गर्भवासको दृष्टान्त ल्याएर तालमेल गरिएको छ । त्यति मात्र नभएर प्रजातन्त्र किसानहरूका लागि रुखो पाखो भएको उपमा दिँदै कवि लेख्छन्-

विपन्न त्यो किसानीमा भित्री इच्छा विथोलियो

विरुवा खर्खरे रुखो पाखाको झैं पंहेलियो ।

कविले प्रस्तावनामा प्रजातन्त्र आएपछि नेपालका बहुसंख्यक किसानहरूका आशा निराशामा परिणत हुँदाको स्थितिलाई अत्यन्त कलात्मक एवं आलङ्कारिक शैलीमा व्यक्त गरेका छन् । कमलको रसास्वादनमा मग्न भँवरो भोलि सूर्योदय होला र कमल फुलेपछि बाहिर निस्कौला भन्ने आशा गर्दै बसेको तर हात्तीले रातिनै सबै कमलको बोटै खाइदिएको उदाहरण दिदैं कविले नेपालको प्रजातन्त्रको अवस्थालाई निकै कलात्मक रुपमा अभिव्यक्त गरेका छन् ।

उज्यालो हुन्छ धर्तीमा सुप्रभातसँगै यहाँ

सूर्योदय हुँदा फुल्ला पद्मिनी खेत-खेतमा

भन्ने भाव लिई फूल भित्र नै भँवरो थियो

गट्टा तोड्न सिपालु त्यो हात्तीद्वारा लतारियो ।

कविले यसरी प्रस्तावनामा खण्डकाव्यमा प्रस्तुत गरिने विषयका बारेमा सूत्रात्मक तरिकाले जानकारी गराएका छन् । किसानका भाव र समस्यालाई आफूले देखे भेटेसम्म प्रस्तुत गरेको कुरा समेत यहाँ उल्लेख गरिएको छ । विज्ञले माटामा खानी देख्न सकेको संझदै कवि प्रस्तावनामा आफ्नो काव्य शिल्पीलाई समेत स्मरण गर्दछन् ।

माटै हो गहिराइमा विज्ञले खानी देख्दछ

रत्न सागरमा होला छिपछिपेमा कहाँ छ र ?

यसरी कविले प्रस्तावनामै खण्डकाव्यमा प्रस्तुत गरिने विषयका बारेमा जानकारी गराएका छन् ।

यसै गरी खण्डकाव्यको दास्रो खण्डलाई 'परिस्थितिबोध' शीर्षक दिइएको छ । किसानलाई मुख्य-पात्र बनाएर नेपालका किसानहरूले भोग्दै आएका विविध समस्याहरूलाई यस 'पास्थितिबोध' शीर्षक भित्र उपजाति छन्दका ५२ पद्यमा समेटिएको छ । खास गरी परिस्थितिबोधमा नेपालका किसानरूका प्रमुख पीडाका विषयहरू र नेपाली किसानहरूको दयनीय अवस्थाको यथार्थ चित्रण गरिएको छ ।

भएन उद्योग विकास सारा

खेत्ती किसानी घरको सहारा

छ लाभ थोरै घरवार भन्द

सामन्तका साथ साथै छ द्वन्द ॥

नेपालका धेरै जसो जनता कृषि पेशामा नै आश्रित छन् । धेरै परिश्रम गर्दा पनि थोरै कमाइ हुने यो पेशा नेपालीहरूको रहर भन्दा बढी बाध्यता नै हो । बिडम्बनाको कुरा के छ भने किसानले वर्षभरि परिश्रम गरेर अन्न उब्जाउँछ तर त्यसको उपयोग गर्ने मालिक भने अर्कै छ । यही सामन्ती परम्पराका कारण श्रमिकले पेटी बाँधेर दिन काट्नुपर्ने बाध्यतासँग कवि राम्ररी परिचित छन् । आफू पनि किसानकै सन्तान भएका कारण यी परिस्थितिसँग पूर्ण परिचित भएको कुरा व्यक्त गर्दै कवि लेख्छन् "आफू पनि किसान कै सन्तान र कृषिप्रधान देश नेपालका समस्याहरूसँग परिचित भएकाले कृषिमा आमूल परिवर्तनको आवश्यकतालाई

अनुभव गरी किसान जागरण सम्बन्धी सामान्य विषयवस्तु अतिसंक्षिप्त रुपमा यस खण्डकाव्य भित्र समेटिएको छ" ।[६२]

परिस्थिति बोध भित्र गरीबहरूको स्थितिको चित्रण मात्र छैन बरु धनी र गरीबका बीचमा बढ्दै गएको खाडल र त्यसको प्रमुख दोषीका रुपमा रहेको धनीहरूलाई पृष्ठपोषण गर्ने प्रवृत्तिको राजनैतिक प्रणालीको पर्दाफास समेत गरिएको छ । भोको पेटमा दरो पेटी बाँधेर काम गर्ने किसान र अपच हुन्जेल खाने सामन्तहरूको स्थितिप्रति सचेत गराउँदै कवि लेख्छन्-

अपच भई पाचक खान्छ कोही

बाँधेर पेटी दिन कट्छ कोही

केही जगा मालिक धेर मोही

किसानको मुक्ति कहाँ छ खोइ ?

खडेरीले खेत सुके सरी किसानका बालबच्चा टाक्सिएका नेपालीहरूले आसाम, बर्मा जस्ता ठाउँलाई हराभरा बनाई खाली पराइकै स्वार्थमा रमाउन वाध्य हुनु परेको, किसानले घर खेत मासेर बाटो बनाएको तर सधैं असिना र तुषारो झैं चिसो आशा लिएर बाँच्न विवस हुनुपर्दा उसको मन उज्यालो हुन नसकेको यथार्थ चित्रण यस खण्डकाव्यमा गरिएको छ । यसैगरी किसान खण्डकाव्यमा सबै मान्छे एकै भएकाले जमीनको साझा उपयोग माथि कसैले हस्तक्षेप गर्न नहुने मानवीय भाव व्यक्त गर्दै ज्यामी, मगन्ते र किसानलाई पनि मान्छेकै रुपमा हेर्न आग्रह गरिएको छ ।

किसानले उत्पादन गरेको पौष्टिक दूध र ताजा सब्जी आफूले उपभोग गर्न नपाएको, आफ्नो सम्पूर्ण उत्पादन साहूलाई बुझाउँदा गरीबका घरमा दशैं, तिहार समेत नआएको अवस्थाको चित्रण गर्दै कवि नेपालको उन्नति भन्नु नै किसानको उन्नति हो भन्छन्-

---

[६२] 'किसान' र 'मान्छे' खण्डकाव्यद्वयको 'आफ्नो भनाइ' शीर्षक भूमिकाबाट ।

शोभा हिमाली वन कुञ्ज भित्र
श्री देव-देवी भरपूर चित्र
नेपालको उन्नति भन्नु नै यो
किसानको वास्तव उन्नति हो ।
खोजी नयाँ स्रोत लिएर पानी
खती गरी बित्दछ जिन्दगानी
चिया अलैंची, अदुवा समान
खोजी गरी ल्याउदछु यो किसान ।

यसरी कवि बुद्धि घिमिरेले किसान खण्डकाव्यको परिस्थितिबोध शीर्षक भित्र रहेर नेपाली किसानहरूको वास्तविक चित्र उतार्न सफल भएका छन् । यसमा समस्या मात्र नदेखाइएर समाधानका उपाय पनि बताइएको छ । कवि धनी र गरीवका बीचको खाडल पुर्न सम्पत्तिको साझा उपयोग गर्नु एउटै मात्र विकल्प हो भन्छन् ।

यसै गरी किसान खण्डकाव्यको तेस्रो खण्डका रुपमा रहेको 'आह्वान' शीर्षकमा किसानहरूलाई आफ्नो अधिकारका लागि सङ्घर्ष गर्न आह्वान गरिएको छ । 'परिस्थितिबोध' शीर्षकमा नेपालका किसानहरूको दयनीय एवं चुनौतीपूर्ण परिस्थितिका जानकारी गराइ सकेपछि त्यो परिस्थितिबाट मुक्त हुनका लागि किसानहरू स्वर्थ जाग्नुपर्ने कुरा कतिले 'आह्वान' शीर्षकको यस खण्डमा व्यक्त गरेका हुन् । श्रमजीवि, मजदुर, किसान सबैले आफ्नो दारिद्रयको भार कम्ती गर्न आफैं सचेत भएर लाग्नुपर्ने कविको विचार छ । जनताकै सङ्घर्ष र बलिदानका कारण राणा शासन हट्न सकेको, पञ्चहरू विलाएर गएको उदाहरण दिंदै देशका पीडित वर्गले सचेत भएर लाग्नसके उनीहरूको पनि मुक्ति हुन सक्ने कुरामा कवि घिमिरे आशावादी रहेका छन् ।

राणा हटे पञ्च विलाइ भागे
सामन्त थर्कन्छ किसान जागे

नेपालको यो इतिहास हेरी

उठाउ सङ्घर्ष फुकेर भेरी ॥

नेपालमा किसाहरूको संख्या धेरै भएर पनि उनीहरु नै सधै पीडित भएको देख्दा कविका मनमा क्रान्तिकारी विचार पलाएको छ । त्यसैले कवि किसानहरूले अब नयाँ नीति बनाएर जाग्ने बेला भैसकेको कुरा व्यक्त गर्दछन् ।

कुना-कुनामा जनता जगाई

किसानको नीति नयाँ बनाई

झुप्रा सबै जुर्मुर पार्न लाग

सङ्घर्षका निम्ति किसान जाग !!

घिमिरेले आह्वान गरेको यो सङ्घर्ष केबल सङ्घर्षका लागि मात्र नभएर देशको शिर उठाउनका लागि रहेको छ । त्यसैले कवि विद्युतका तरङ्गहरू जस्तै चाँडो गरेर परिवर्तनका लागि जाग्न आह्वान गर्छन् । जमीनका वास्तविक मालिक किसानहरू हुन् त्यसै उनीहरू भूमिहीन हुनुहुदैन भन्ने आफ्नो विचारलाई दृढताका साथ व्यक्त गर्दै कवि लेख्छन् ।

जमीनको मालिक हो किसान

परन्तु त्यै भूमि विहीन जान

बन्यो सुकुम्बासी किसान आज

सङ्घर्षका निम्ति जुटेर लाग ।

कवि सामन्तहरूलाई भाइमारा नीति त्याग गरेर नयाँ समाजको निर्माणमा लाग्न चेतावनी दिंदै यसो गर्न नसके किसान हलो, कुटो र फरुवा बोकेर प्रतिकार गर्न बाध्य हुने विचार व्यक्त गर्छन् ।

यो देश किसानहरूको देश भएकाले कवि किसानहरूलाई केवल आफ्नो मुक्तिका लागि मात्र नभएर विदेशीहरूको षड्यन्त्र र छलछामका विषयमा समेत सचेत हुन आह्वान गर्दछन् ।

देशी विदेशी छलछाम भित्र

हुँदैछ षड्यन्त्र नयाँ विचित्र

भई चनाखो भ्रम तोड्न लाग !

सङ्घर्षका निम्ति किसान जाग !

किसानहरूको समस्या देशको प्रमुख समस्याका रुपमा देखिएकाले यसबाट उनीहरूलाई मुक्त गर्न समाज, विद्यार्थी, बुद्धिजीवि सबै लाग्नुपर्ने आवश्यकता कविले अनुभव गरेका छन् । त्यसैले भातृत्व र प्रेम सबैलाई बाँडेर किसानको मुक्ति गर्न कविले आह्वान समेत गरेका छन् । विश्वको किसान आन्दोलनको स्मरण गर्दै कवि सबै जाग्न सके देशमा नौलो जनवाद स्थापना हुने कुरामा आशावादी रहेका छन् ।

छ विश्वको यो इतिहास ताजा

संसारमा मज्दूर खेतीवाला

मिलेर ल्याएर जनवाद नौलो

भयो त्यहीं उन्नतिमा सुनौलो

जमीन, हावा, वन, ताल, नदी-नाला आदिलाई नारामा मात्र साझा सम्पत्ति भनेर पुग्दैन त्यो व्यवहारमा पनि देखिनु पर्छ । त्यसैलै कवि घिमिरेले यहाँ युगाँ पुरानो इतिहास तोडेर किसानको मुक्तिका लागि समर्पित भएर लाग्न सबैलाई आह्वान गरेका छन् । यस आह्वान शीर्षक भित्र उपजाति छन्दका ८७ (सत्तासी) श्लोक रहेका छन् ।

किसान खण्डकाव्यको अन्तिम तथा उपसंहार भागमा शिखरिणी छन्दका ११ (एघार) पद्य रहेका छन् । यस खण्डमा कविले किसानहरूका समस्या धेरै भए पनि

कतिपय ठूला समस्यालाई मात्र खण्डकाव्यमा प्रस्तुत गर्न सकेको कुरा व्यक्त गरेका छन् । ती समस्यालाई समस्याकै रुपमा मात्र नराखेर समाधान गर्ने विधिनियम पनि चाँडै बनिदिए देशका बहुसंख्यक कृषकहरूको भलो हुने विचार कविले यहाँ व्यक्त गरेका छन् । कृषिक्षेत्रमा हरितक्रान्ति ल्याएर सारा झुपडी हँसाउने आफ्नो लक्ष्यलाई कवि यसरी व्यक्त गर्छन्-

सबै जागा पर्दै गरि हरितक्रान्ति कृषिमहा,

छरी हाँसो सारा झुपडी सब नाचुन् पलकमा

पशूपंक्षी बाली सब असल हुन् गाउँघरमा

सबै लागौं तिन्को उचित श्रम मूल्यै दिन महाँ

किसानको उन्नति गर्ने भन्ने नारा दिएर नेताहरु मन्त्री बने परन्तु किसानको मुक्ति आकासको फल सरी भएकोमा कवि घिमिरेलाई निकै दुःख लागेको छ । त्यसैले घिमिरे किसान खण्डकाव्यको अन्तिम श्लोकमा सम्पूर्ण किसानलाई मान्छे भएर बाँच्न आग्रह गर्दछन् ।

किसानैको नाउँ गरिकन सबै धूर्तहरूले

सके, मासे, खाए, स्वजनहरू पाले जतनले

भई मान्छे बाँचौं कृषक पनि भन्दै हर घडी

गरी बिन्ती सारा कृषकसँग यो याचन गरी

किसानको नाउँ बेचेर धूर्त नेताहरूले आफू र आफन्तहरूको मात्र भलो गरेको, वास्तविक किसानको समस्या कसैले बुझ्न नसकेको यथार्थलाई बुझेर सबैले अघि बढ्न सके मात्र किसानको मुक्ति हुन सक्छ । यसरी कविले अन्यायलाई सहेर बस्ने मान्छे, मान्छे नै होइन भन्दै किसानलाई मान्छे भएर बाँच्न आग्रह गरेका हुन् । समग्रमा 'किसान' खण्डकाव्यको विषयवस्तु सामाजिक एवं समसामयिक रहेको पाइन्छ । कृषि प्रधान देश नेपालका किसानहरू संमृद्ध नभए शान्त, सुन्दर,

समुन्नत र अग्रगामी नयाँ नेपाल निर्माण हुन सम्भव छैन भन्ने मुल भाव राम्ररी यस खण्डकाव्यमा मौलाएको छ भन्न सकिन्छ ।

### ४.३.३ पात्र विधान

पात्र विधान खण्डकाव्यको अनिवार्य तत्व भएकाले खण्डकाव्यको विषयलाई गतिशील बनाउन यसको भूमिका अपरिहार्य रहेको पाइन्छ । यसरी हेर्दा किसान खण्डकाव्यमा पात्रलाई त्यति धेरै महत्व दिएको पाईदै । यस खण्डकाव्यको मुख्य पात्र किसान हो । यसै गरी सहायक मानवीय पात्रका रुपमा सामन्त वर्ग, पूँजीपति, नेता, मन्त्री आदि रहेका छन् । यस्तै मानवेत्तर पात्रका रुपमा खोला, नदी, जमीन, खेत, बारी रहेका छन् । यस खण्डकाव्यमा पात्रले विषयलाई तानेर अघि बढाएको पाइँदैन बरु विषयको औंलो समातेर पात्र अघि बढेका छन् । यसमा खण्डकाव्यको विषयले पात्रलाई केवल प्रस्तुतिको आधार मात्र बनाएको पाइन्छ । यसरी खण्डकाव्य सिद्धान्तका आधारमा हेर्दा किसान खण्डकाव्यको चरित्र चित्रण उत्कृष्ट रहन सकेको पाइँदैन । यसो भए पनि प्रमुख-सहायक, मानवीय-मानवेत्तर, प्रत्यक्ष-अप्रत्यक्ष आदि पात्रको प्रयोगले पात्र विधानमा भने खण्डकाव्य उत्कृष्ट रहेको पाइन्छ । यसैगरी खण्डकाव्यको शीर्षकीकरण पनि मुख्य पात्र 'किसान' कै आधारमा गरिएकाले कविले पात्रको पूरै उपेक्षा गरेका छन् भन्न चाँहि मिल्दैन ।

### ४.३.४ देशकाल परिस्थिति/परिवेश

खण्डकाव्य अनुभूति प्रधान विधा हो । अनुभूतिको प्रवाहलाई आख्यानले सुसंयोजित गरेको हुन्छ । अनुभूतिले आख्यानलाई डोऱ्याउँदै लाँदा खण्डकाव्यको कथावस्तु वा विषयवस्तुको निर्माण हुन्छ । देशकाल, परिस्थितिले कथावस्तुको स्थान, समय र परिवेशलाई सशक्त, जीवन्त र गतिशील बनाउँछ । यसरी हेर्दा खण्डकाव्य रचनाका क्रममा अनुभूतिको प्रवाहलाई सुन्दर बनाउन साङ्केतिक रुपको परिवेशको चित्रण नै किन नहोस् यो एउटा अपरिहार्य तत्वकै रुपमा रहेको हुन्छ ।

खण्डकाव्यकार बुद्धि घिमिरेले 'किसान' खण्डकाव्यमा कृषिप्रधान देश नेपालको तराई र पहाडी प्रदेशका ग्रामीण किसानहरूको यथार्थ परिवेशको चित्रण गरेका छन् । खासगरी किसान अधिकारप्रति सचेत बनाउनमा नै खण्डकाव्य केन्द्रित रहेको छ ।

त्यसैले विषय र परिवेशका बीचमा किसान खण्डकाव्यमा राम्रो सन्तुलन रहेको पाइन्छ ।

### ४.३.५ केन्द्रीय कथ्य

कविले कृतिका माध्यमबाट प्रस्तुत गरेको मुख्य भाव वा विचार नै केन्द्रीय कथ्य हो । केन्द्रीय कथ्यलाई कविले कुनै निश्चित पद्धतिका आधारमा व्यक्त गरेको हुन्छ । यसरी हेर्दा खण्डकाव्यमा आफ्नो कथनलाई सोझै भन्ने र कुनै पात्रलाई माध्यम बनाएर आफ्नो विचार वा धारणलाई भनाउने दुई पद्धतिहरू विशेष प्रचलित छन् ।

किसान खण्डकाव्यमा कवि बुद्धि घिमिरेले नेपालका सम्पूर्ण किसानलाई मुख्य पात्र बनाए पनि आफ्ना विचारलाई पात्रका माध्मबाट नभई सोझै आफैं व्यक्त गरेका छन् । आफ्नो हक, अधिकार, प्राप्तिका लागि सबै किसानहरूले सचेत भएर सङ्घर्ष गर्नु पर्छ भन्नु नै यस खण्डकाव्यको केन्द्रीय कथ्य हो । कविले यस खण्डकाव्यमा नेपालका किसानहरूको दयनीय परिस्थितिको शब्द-चित्र उतारेर यसबाट मुक्ति हुने एउटै मात्र विकल्प सामन्तवादी परम्परा र त्यसको पृष्ठपोषण गर्ने शासकहरूसँगको सङ्घर्ष हो भनेका छन् । यो देश किसानहरूको देश भएकाले कृषि क्रान्ति, हरितक्रान्ति र नौलो जनवाद स्थापनामा पनि किसानको नै ठूलो भूमिका रहने कविको विचार छ । यसरी हेर्दा किसान जागरण सन्देश प्रवाहित गर्नु नै यस खण्डकाव्यको मुख्य लक्ष हो ।

### ४.३.६ भावविधान

कविता स्वयंमा अनुभूति प्रधान विधा हो । कविताको उपविधात्मक रुप भएकाले खण्डकाव्यमा पनि अनुभूतिको ठूलो प्रभाव रहन्छ । अनुभूतिलाई आकर्षक र कलात्मक रुपमा व्यक्त गर्न भावविधानको अत्यन्त जरुरी रहन्छ । विना भावको अनुभूति विना रसको कागती सरह हुन पुग्छ । काव्यमा प्रयोग भएको स्थायी भावको परिपाकले नै पाठकलाई त्यसले संवेद्य एवं साधारणीकृत गर्न सकेको हुन्छ । “यस क्रममा भाव जति संवेदनशील, सघन र तीव्र एवं आकर्षक प्रभावोत्पादक र

समुचित आनन्ददायक हुन पुग्छ उति भाव विधानका दृष्टिले खण्डकाव्यात्मक कृति प्रभावकारी एवं उत्कृष्टताको चूडान्त परिणति हुन पुग्छ।"[६३]

बुद्धि घिमिरेको किसान खण्डकाव्यमा नेपालका किसानहरूको विकराल एवं कष्टपूर्ण परिस्थिति र त्यसको दोषीका रुपमा देखिएका शोषक र सामन्त वर्ग प्रतिको आक्रोस एवं क्रोध स्थायी भावका रुपमा व्यक्तिएको छ । यस भावले भूमिहीन किसान, सुकुम्वासी, कमैया आदि समाजका वर्षौंदेखि पिल्सिएर विवशताको जीवन व्यतित गरिरहेका असंख्य व्यक्तिहरूको सजिलै मन जित्न सक्ने देखिन्छ । त्यसो त समाजका बुद्धिजीवी एवं शिक्षित व्यक्तिहरूका मनमा पनि यसले एउटा गहिरो प्रभाव छोड्न सक्ने देखिन्छ । त्यसैले भाव विधानको दृष्टिले घिमिरेको यो खण्डकाव्य उत्कृष्ट बन्न सकेको छ ।

### ४.३.७ लयविधान

लय विधानलाई काव्यमा अत्यन्तै महत्वका साथ हेरिन्छ । फुटकर कवितादेखि लिएर महाकाव्यिक उचाइका रचनाहरूमा समेत लयले ठूलो भूमिका खेलेका हुन्छ । गद्य वा पद्य जुनसुकै लयमा लेखिए पनि समग्र काव्य विधालाई अन्य विधाबाट पृथक तुल्याउने महत्वपूर्ण तत्वका रुपमा समेत लयविधानको नै चर्चा गरेको पाइन्छ । खण्डकाव्य कविताको मझौलो रुप भएकाले तुलनात्मक रुपमा फूटकर कवितामा भन्दा यसमा लयको भूमिका बढी हुने देखिन्छ । "यस क्रममा प्रत्येक कविताका पङ्क्ति-पङ्क्ति, वर्ण-वर्ण, मात्रा-मात्रा, अक्षर-अक्षरका विवरण क्रम गति, यति स्थिति र शासन-अनुशासनका नियम परिपालन भित्रबाट लय विधानको लालित्य गुञ्जन सौन्दर्यको उत्कर्ष साङ्गीतिक प्रचुर काव्यकला निनाद यस खण्डकाव्यको लयविधानले परिपालन गर्न सक्नु पर्दछ, अनि मात्र यो लयविधानका दृष्टिले उत्कृष्ट हुन सक्दछ।"[६४]

[६३] इश्वरी गैरे, आधुनिक नेपाली खण्डकाव्य र महाकाव्य, (२०६०) पृ. १७९ ।

[६४] इश्वरी गैरे, पूर्ववत् ।

यसरी हेर्दा बुद्धि घिमिरेको किसान खण्डकाव्य पद्यात्मक लय माधुर्यमा आवद्ध भएको पाइन्छ । यसको प्रस्तावनामा अनुष्टुप छन्द मूलभागका परिस्थिति बोध र आह्वान दुवैमा

उपजाति छन्द र उपसंहार भागमा शिखरिणी छन्द गरी तीन प्रकारको शास्त्रीय छन्दको प्रयोग गरिएको छ । खण्डकाव्यकारले काव्य रचनाका क्रममा छन्दलाई सहज रुपमा खेलाउन सकेका कारण यसमा प्रयोग भएका छन्दले किसान खण्डकाव्यलाई निकै आकर्षक एवं कलात्मक बान्की थप्न सकेको पाइन्छ । त्यसैले यो खण्डकाव्य लयविधानका दृष्टिले उत्कृष्ट प्राप्ति बन्न सकेको छ ।

### ४.३.८ अलङ्कार योजना

अलङ्कारले काव्यलाई आन्तरिक र वाह्य दुवै रुपमा चमत्कृत बनाउने कार्य गर्दछ । जीवन भोगका क्रममा मानवले अनेकौं सजीव, निर्जीव वस्तु र प्रकृतिबाट पनि शिक्षा लिइरहेको हुन्छ तर यस्तो शिक्षा लिन वाह्य चक्षुमात्र प्रशस्त हुँदैनन् त्यसलाई देख्न र भोग्न सँगसँगै आन्तरिक दृष्टिचेत पनि शक्तिशाली बन्नु जरुरी हुन्छ । कवि सिर्जनाका क्रममा कुनै भावनाबाट प्रेरित बनेर अन्तर हृदयमा डुबुल्की मार्दैगर्दा यस्ता प्रेरक तत्वहरू बिम्ब, प्रतीक बनेर काव्यमा व्यक्त भइदिन्छन् अनि त्यसैले काव्यलाई आलङ्कारिक बनाइ दिन्छ । यसरी रचना गरिएका काव्यले चाडैं पाठकको मन छुन सक्ने सामर्थ्य राख्दछन् । त्यसो त आलङ्कारिक काव्यलाई बुझ्न र बुझेर रसास्वादन गर्न पाठक पनि निकै अभ्यस्त र चनाखो बन्नु जरुरी हुन्छ । तथापि कविको कुशल कलात्मकताले प्रचलित किसिमका बिम्ब प्रतीकको चयन गर्न सकेमा त्यो त्यति अफ्ठेरो विषय चाँहि अवस्य होइन । कविताको मझौलो रुप भनेर चिनिएको खण्डकाव्यमा पनि अलङ्कार विधानले कविको काव्य कौशलताको परिचय गराउनुका साथै विषयवस्तुलाई साङ्केतिक एवं चुडिकलो रुपमा व्यक्त गर्दै पाठकका निम्ति संवेद्य स्पर्शसमेत बनाइ दिन्छ ।

यसरी हेर्दा खण्डकाव्यकार बुद्धि घिमिरेको किसान खण्डव्यमा सरल किसिमका प्रतीक बिम्बहरूको चयन तथा शब्दालङ्कार र अर्थालङ्कारको सुन्दर संयोजनले काव्य निकै उत्कृष्ट बन्न सकेको छ । यसखण्डकाव्यमा अन्त्यानुप्रास,

उपमा, रुपक, दृष्टान्त, अर्थान्तरन्यास जस्ता अलङ्कारहरूको संयोजन तथा रुख, खर्खरेपाखो, सुकेका खेत, झोपडी, वादल, जमिन, हलो, कोदाली जस्ता प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । उपमा अलङ्कारको संयोजन भएको उदहारण-

किसानहरूका आशा तुषाराले कठयाङ्ग्रिए !

हावापानी र माटोले भिन्न यो बीऊ झैं भए !!

त्यस्तै अर्थान्तरन्यास अलङ्कारको उदाहरणः-

माटै हो गहिराइमा विज्ञले खानी देख्दछ

रत्न सागरमा होला छिपछिपेमा कहाँ छ र ?

यसरी हेर्दा बुद्धि घिमिरेको किसान खण्डकाव्यमा प्रयोग भएको अलङ्कार विधानले लेखनाथको ऋतुविचारको काव्य कालिगढीलाई समात्न खोजेको आभास हुन्छ ।

## ४.३.८ सर्गयोजना

पूर्वीय काव्य मान्यतामा सर्गयोजनालाई महाकाव्यको अनिवार्य तत्व मानिए पनि नेपाली खण्डकाव्यमा यसको अनिवार्यतालाई स्वीकारिएको पाइँदैन । खण्डकाव्यमा जीवनको कुनै एक खण्ड विशेष वा एक पक्षको मात्र चित्रण गरिने भएकाले यसलाई सर्ग-सर्गमा उल्लेख गरिरहनु पर्दैन भन्ने मान्यता आएको हो । तथापि नेपाली खण्डकाव्यका उत्कृष्टतम नमुना मानिने ऋतु विचार, मुनामदन, राजेश्वरी आदिलाई हेर्दा सर्गयोजना खण्डकाव्यात्मक कृतिका लागि पनि प्रायः अनिवार्य तत्व बनिसकेको प्रमाणित हुन्छ ।

यसरी हेर्दा किसान खण्डकाव्य सर्गयोजनाका दृष्टिले सफल रहेको पाइन्छ । यस खण्डकाव्यमा प्रस्तावना, परिस्थिति बोध, आह्वान र उपसंहार शीर्षकका चार खण्ड रहेका छन् ।

### ४.३.१० भाषाशैली

भाषा प्रयोगका दृष्टिले किसान खण्डकाव्य उत्कृष्ट रहन गएको छ । यसमा कतै वाच्यार्थ, कतै लाक्षणिक अर्थ र कतै व्यङ्ग्यार्थ प्रधान पद्यहरूको रचना गरिएको पाइन्छ । भाषा प्रयोगको दृष्टिले सरल एवं प्रौढ र परिपक्क अनुभूतिको संङ्गमका रुपमा यस खण्डकाव्यलाई हेर्न सकिन्छ । शब्द प्रयोगका दृष्टिले हेर्दा तत्सम, तद्भव र झर्रा शब्दको उचित प्रयोगले खण्डकाव्य उत्कृष्ट बन्न सकेको छ । बोधगम्यता, सरलता, सुष्पष्टता, लयात्मक माधुर्य, सरस अभिव्यक्तिका कारण यसको भाषा शैलीले सिद्धि प्राप्त गर्न सकेको छ ।

### ४.३.११ उद्देश्य

किसान खण्डकाव्यमा नेपालका किसानहरूको श्रम र पसिनाको सम्मान गर्दै त्यसको उचित मूल्य प्राप्त हुन नसकेको यथार्थ प्रस्तुत गरिएको छ । यसका साथै श्रमजीवी किसानहरूलाई आफ्नो अधिकार प्राप्तिका लागि जस्तो-सुकै सङ्घर्ष गर्न पनि पछि पर्नु हुँदैन भन्नु नै यस खण्डकाव्यको मुख्य उद्देश्य हो । यसैगरी छन्दको उपेक्षा भैरहेको वर्तमान समयमा छन्दलाई आधुनिकताले छेक्न सक्तैन बरु वर्तमानलाई पनि छन्दले सुन्दर रुपमा व्यक्त गरिरहन सक्छ भन्ने देखाउनु पनि यस खण्डकाव्यको उद्देश्य बनेको देखिन्छ ।

## ४.४ बुद्धि घिमिरेको मान्छे खण्डकाव्यको अध्ययन र विश्लेषण

### ४.४.१ परिचय

किसान र मन्छे एउटै पुस्तकाकार कृति भित्र समाविष्ट दुई भिन्ना-भिन्नै खण्डकाव्य हुन् । यसमा किसान पहिलो हो भने मान्छे देस्रो कृति हो । किसान खण्डकाव्यको समाप्तिपछि आर्को छुट्टै पानामा कालो ठूलो अक्षरमा मान्छे खण्डकाव्य लेखी रचनाकारको नाम समेत उल्लेख गरिएको छ । त्यसको लगतै अर्को पानामा माधव भण्डारीको मन्तव्य राखिएको छ । भण्डारीको प्रस्तुत मन्तव्य लेखन खण्डकाव्य राम्ररी नपढी सुनकै भरमा गरेका हुन कि जस्तो लाग्छ । यसको भूमिकामा भण्डारीले उल्लेख गरेको विवरण यस्तो छ । “जम्मा एक सय आठ श्लोकको यस छोटो खण्डकाव्यका एक सय श्लोक अनुष्टुप छन्दमा र

अन्त्यका आठ श्लोक शिखरिणी छन्दमा रचिएका छन् ।" तर यो गलत हो । प्रस्तावनाका ६ श्लोक र मूलभागका एक सय श्लोक गरी जम्मा एक सय ६ श्लोक अनुष्टुप छन्दमा रचिएको छ । यसरी हेर्दा मान्छे खण्डकाव्य जम्मा एक सय चौध श्लोकको संरचनामा रहेको छ । यसको शुरुका ६ श्लोकलाई प्रस्तावना शीर्षक भित्र अनुबन्धित गरिए पनि अन्य श्लोकहरुलाई कुनै शीर्षक अध्याय वा परिच्छेदमा बाँडिएको छैन । तथापि प्रस्तावनापछि एक पृष्ठ खाली छाडेर श्लोक १ -एक) बाट सुरु गरी एक सय आठमा पुऱ्याएर टुङ्ग्याइएको छ ।

## ४.४.२ विषयवस्तु

मान्छे खण्डकाव्यको विषवस्तु एक सय चौध श्लोकको लघु संरचनामा रहेको छ यसमा खास गरेर वर्तमान विश्वमा देखापरेका मान्छेका खराब प्रवृत्तिको उजागर गर्दै त्यस्तौ प्रवृत्ति त्याग्न सके मात्र मान्छे साँच्चिकै मान्छ बन्न सक्ने कुरा उल्लेख गरिएको छ । खासगरी यो खण्डकाव्य वर्तमान विश्वमानवमा देखिएको कुप्रवृत्ति, स्वार्थीपन, संकुचित मानसिकता आदिको पर्दाफास गर्नमा नै केन्द्रित रहेको पाइन्छ । खण्डकाव्यको सुरुमा प्रस्तावना शीर्षकमा अनुष्टुप छन्दमा ६ वटा पद्य राखिएको छन् । यसमा कविले मान्छे के हो ? र कसो गर्न सक्ता ऊ सच्चा मानव हुन सक्छ भन्ने उपदेशात्मक पद्य राखेको छन् यहाँ कविले मान्छेलाई शरीरको अत्यन्त संवेदनशील अंग र संञ्जीवनी नाम गरेको औषधीसँग तुलना गर्दै खण्डकाव्यको प्रारम्भ गरेका छन् ।

आँखाको नानी हो मान्छे अङ्गमा मुटु झै छ यो

हिंसा त्यागेर सुध्रेमा संञ्जीवनी समान यो ।

प्राणीको गुरु हो मान्छे निर्माता यो समाजको

सृष्टिको फूल हो बास्नादार गैरिकधातु यो ।

खासगरी शस्त्रीय अण्डकाव्यका रचनाकारहरुले शुभारम्भमा मङ्गलाचरण गर्दै देवी देवताको स्तुति वा उपासन गरेर खण्डकाव्य सुरु गर्ने परम्परा रहे पनि यो खण्डकाव्यमा त्यसको विपरीत मान्छेको प्रशंसा गरिएको छ । कविले यहाँ मान्छेलाई सम्पूर्ण प्राणी जगत्को गुरु, समाजको निर्माता, सृष्टिको वास्नादार फूल जस्ता विशेषण लगाएर निकै उच्च एवं गरिमामय प्राणीको रुपमा चित्रण गरेका छन् । मान्छेले स्वर्थीपनको त्याग गर्न सके ऊ

विश्वको सर्वोच्च शिखर सगरमाथा समान छन् । अनि अहंभाव हट्न सके गंगाजल सरी छ भन्दै कविले मान्छेलाई असल कार्य गर्ने प्रेरणा प्रदान गरेका छन् । मान्छे ज्ञान बुद्धि र विवेकका कारण अरु प्राणी भन्दा उच्च रहेकाले सबैको बाँच्ने, खाने र हिँड्ने अधिरको उसले संरक्षण गर्न सक्नपर्छ भन्ने कविको धारणा रहेको छ ।

बाँच्ने, खाने र हिड्ने ती अधिकार मनुष्यका

रक्षागरोस् मानवले मान्छेको अरुप्राणीका ।।

विश्वासी सबै मान्छे एकै संझेर विश्वमा

बन्धुभाव भरुन सारा मानवत्वसंगै यहाँ ।

यसरी कविले मान्छे खण्डकाव्यको प्रस्तावनामा विश्वभरका सबै मान्छेलाई एउटै सम्झेर मान्छेले बन्धुत्व भाव र मानवत्व फैलाउन सकोस् भन्ने मानवतावादी चिन्तन प्रस्तुत गरेका छन् ।

यसरी खण्डकाव्यको प्रस्तावनामा मान्छेका सम्बन्धमा आफ्ना विचार व्यक्त गरिसकेपछि कवि बुद्धि घिमिरेले खण्डकाव्यको दोस्रो भाग सुरु गरेका छन् । यहाँ अनुष्टुप, शिखरिणी, मालिनी जस्ता छन्दको प्रयोग भएका एक सय आठ श्लोक रहेका छ । खण्डकाव्यको यस तिनीहरुका खराब प्रवृत्तिको समेत चर्चा गरेका छन् । यहाँ कवि घिमिरेले नेपाल सबै जात र वर्णको साझा फूलबारी भएकाले विविध पेशा, व्यवसाय गर्ने मान्छेहरु बुद्धको शान्तिको सन्देश बोकेर मिलिजुली बस्न सकेका छन्  भन्ने विचार व्यक्त गरेका छन् ।

नेपाल फूलबारी हो सबै जाती र वर्णको

शन्तिके दुत यो सानो कोयलीका समानको ।

पेशा विविधका मान्छे सद्भाव आपसी गरी,

बुद्धको वोकी सन्देश बाँच्दै आफै मिलिजुली ।

पहाड र तराई यो कछाड र दमारमा,

गाँउबेस गरी आफ्नो नित्यकर्म छ साथमा ।

तराई पहाड र हिमालमा बसेर पसिना बगाउने धेरै जसो नेपालीहरुको पेशा कृषिकार्य रहेको कुरा कविले यस खण्डकाव्यमा उल्लेख गरेका छन् । सुन्दर हिमालको काखमा रहेको नेपालले पहिले-पहिले विश्वमा शन्तिको सन्देश छर्ने गरेको प्रसङ्ग उल्लेख गर्दै कवि वर्तमानमा त्यसस्तो स्थिती नरहेको साङ्केतिक भाव व्यक्त गर्दछन् ।

हिमाली काखमा यौटा देश नेपाल यो थियो,

विश्वका देशमा पैल्है शन्ति सर्वत्र छर्दथ्यो ।

हज्जार नदीनाला रहेको पानीको धनी,

विश्वमाझ छ दोश्रो त्यो उन्नति छैन तैपनि ।

नेपालको नयाँ बाटो उन्नती मार्गमा वर,

पैल्याई नित्य आफैमा पूर्णता भर्न तत्पर ।

कवि नेपालीहरुमा शान्ति र सद्भाव विलिन बन्दै गएकोमा निकै चिन्तित बेनेका छन् । हजारौ वर्ष लामो स्वजातिको इतिहास र आर्दश भुलेर नेपालीहरु भाइमारा प्रवृत्तिमा लागेको देख्ता कविको चित्त निकै आहात बनेको छ ।

आफू आफैंमहा पूरै शङ्काको दृष्टि राख्दछ

भाइले भाइको घाँटी निमोठी हुत्त फ्याँक्दछ ॥

यसैगरी बुद्धि घिमिरेले संसारमा मान्छे कृत्घन हुँदै गएको, बदलाको दुर्गन्धी भाव बोक्नाले संसार नग्न हुँदै गएको, शस्त्रको होडले मान्छे पाषाण बन्दै गएको विषयलाई निकै मार्मिक ढङ्गमा व्यक्त गरेका छन् । उल्टो खोला बगेको इतिहास नभएको उल्लेख गर्दै मान्छे अग्रगामी हुनुपर्नेमा प्रतिगामी बन्दै गएको देख्ता कवि निकै झस्किएका छन् । चाबीको भरमा कार्य गर्ने यन्त्र मानव झै मान्छे अर्काको भरमा परिचालित भउको देख्ता कविले मानव अस्तित्व र विवेक नै सङ्कटमा परेको अनुभव गरेका छन् । नेताहरुलाई देश र जनता भन्दा कुर्सी नै बढी प्यारो भएको छ । अमेरिका, रुस, इङ्गल्याण्ड, चीन र भारत जस्ता

शक्तिशाली राष्ट्रहरु मान्छे मार्ने खेतीमा अभ्यास्त बनेका छन् । त्यसैले यो मारामारको स्थितिमा मान्छे प्रकृतिको उच्च रुप हो भन्नु नै व्यर्थ भैसकेको कविको विचार छ ।

मान्छे प्रकृतिको उच्च रुप हो भन्नु जो थिया,
निरर्थक वन्यो आज मान्छे आफैं लगारियो ।
परोपकार छोडेर मान्छे आज कृतहन भो,
दुर्गन्धी भाव बदलाको बोक्ने संसारको नग्न भो ।

घृणा, द्वेष र अत्याचारका कारण मान्छे पशु भन्दा नीच भैसकेकोले पृथ्वीको नवीन सौन्दर्य नष्ट गर्न अनि सृष्टिको भव्यतालाई खरानी पार्न उद्यत रहेको कटु-यथार्थ घिमिरेले यस खण्डकाव्यमा व्यक्त गरेका छन् । मान्छे आफू शक्तिशाली बन्नका लागि जस्तो सुकै नीच कार्य गर्न पनि पछि पर्दैन भन्दै मान्छे-मान्छे माथि ने बज्रिन थालेकाले संसार सङ्कटमा छ । यसरी संसारमा निर्वाध रुपमा सृष्टि स्थिति मासेर पृथ्वी उजाड पार्ने नाङ्गो नाच प्रदर्शन भैरहेको देखेर कवि घिमिरे निकै आत्तिएका छन् ।

नास्यो सृष्टि स्थिति मास्यो उजाडै भो बसुन्धरा,
नाङ्गो नाच गऱ्यो शक्तिशालीले मारिए बरा !
अकालमा मारिएका बशैसाफ भए कति,
ठूलासाना सबै मान्छे नछोडि नासिए अति ।
विश्व निर्माणमा लाग्ने ज्ञान विज्ञानको धनी,
मेधावी अक्कली मान्छे पुरियो खाडलै मुनि ।

विश्व मानवका खराब व्यवहारको चर्चा गर्दै-गर्दा कवि नेपाललाई पनि यसको उदाहरणका रुपमा प्रस्तुत गर्दछन् । तत्कालीन अवस्था -खण्डकाव्य लेखनको समय) मा माओवादी जनयुद्ध चलिरहेको थियो । रोल्पा रुकुममा साथै सयौ व्यक्तिहरुले ज्यान गुमाई रहेका थिए गाँउ छोडेर भाग्नेहरुको लस्कर थियो । त्यही परिस्थितिबाट प्रभावित बन्दै कवि

शान्त-देश भनेर चिनिएको नेपाल पनि रगतमा मुछिदै गएको भाव व्यक्त गर्दै हिंसाको नेतृत्व गर्नेहरुलाई देशको समस्या समाधान गर्न वस्ती खाली गरिन्छ र ? भन्दै प्रश्न गर्दछन् ।

मान्छे मारेर रोल्पामा बढार्ने योजना थपी,

समस्या देशको टार्न बस्ती खाली गरिन्छ र ?

व्यक्ति वा दलका स्वार्थ पूरा गर्ने लिई सुर,

देश खाल्डो विषे ठेल्दै कुर्सी तान्दैछ मानिस ।

खण्डकाव्यकार बुद्धि घिमिरे संसारका मान्छेका कुप्रवृत्तिलाई देखेर महाभारत युद्धको स्मरण गर्दै संसारमा द्रोण, कर्ण र नौला शकुनीहरु दिशाहीन सभामा पाशा पल्टाउन र बाबु, दाजु, गुरु, बाजे, साथी, आमा र दिदीलाई गोलीको निशना बनाउन लागिपरेको तथ्य यस्तो दुर्दशा भोग्न बाध्य हुनु परेको कविको विचार छ । तनका र मनका दुवै अन्धा धृतराष्ट्रको जोडीलाई महाभारत युद्धको नायकको रुपमा चित्रण गर्दै कवि संसारका युद्धप्रेमीहरु अन्धदृष्टि भएकैले सिंह झैं गर्जदै हिडेका हुन् भन्न पुग्छन् ।

अन्धाअन्धी दुवै मिल्दा महाभारत सिर्जियो,

अन्धदृष्टि भएकैले मिथ्या यो सिंह गर्जियो ।

लङ्का बिजयको नौलो सेतु त्यो छिन्न भिन्न भो,

राक्षसी वृत्तिले मान्छे आफै भित्र निचोरियो ।

कुकुरले खुट्टा खायो भन्दैमा कुकुरको खुट्टा टोक्दै हिड्नु उचित होइन, तर आजको विश्वको मान्छे त्यसै गर्दैछ । व्याधाले चराचुरुङ्गी खेदी-खेदी मारे झैं मान्छेले मान्छे मार्दैछ । यहाँ अङ्गभङ्ग हुने गरी मान्छे काटिएका छन् । व्यक्ति हत्या मात्र नभएर सामूहिक हत्याका प्रयासहरु पनि निरन्तर चलिरहेकै छन् । सेना, प्रहरी र सर्वसाधारण जो मारिए पनि संसारका शक्ति राष्ट्र, आतङ्ककारी संगठन र त्यसका नाइकेहरु प्रति निकै रोष प्रकट गर्दछन् ।

संसारका धनी गरीब जुनसुकै देशमा जन्मे पनि मान्छे आखिर मान्छे नै हो, भन्दै चिन्तन कवि प्रस्तुत गर्दछन् ।

अम्रिकी, रुस, जापनी, इराकी, भारती सरी

नेपाल पाक श्रीलङ्की सबै मान्छे बरीबरी !!

लादेन पनि मान्छे नै बुस, पावेल, ब्लेयर

फुलनदेवी र सद्दाम मान्छे नै हुन् प्रभाकारन् ।

उत्तरी दक्षिणी एउटै कोरियाली सम्मान हुन्

शस्त्रास्त्र बेच्नका निम्ति शक्ति राष्ट्र फुटाउँछन् ।

विश्वमा मानवताको चर्को नारा लगाने ठूलो देशहरु नै साना देशहरुलाई हतियार बेचेर पैसा कमाउने धन्दामा लागेका छन् । त्यही हतियारको बलमा शक्तिशाली समूहहरु बन्दै जाने र त्यसले साना देश भित्र गृहयुद्ध मच्चाएर मानव संहार गर्ने कार्य यहाँ भैरहेको छ । यो तथ्यलाई सबैले बुझेर दिशातर्फ सबैलाई निर्देशित गर्नुपर्छ भन्ने कविको राजनैतिक चिन्तन यहाँ निकै कलात्मक रुपमा व्यक्त भएको छ । साँच्चै देशको उन्नति गर्ने भए सबैमा चेतना बाँडेर विश्व मानवताको सन्देश फैलाउन सक्नुपर्छ भन्ने कविको विचार छ । विश्वमा देखा परेका ठूला राजनैतिक घटनाबाट पूर्ण परिचित कवि अमेरिकाले इराकमाथि गरेको अक्रमणबाट निकै रिसाएका छन् । त्यसैले कवि प्रश्न गर्छन्-

अम्रिकी पनि मान्छे हो मान्छे नै हो इराकको,

बाजले कुखुरामाझैं झम्टने कुन वाद हो ?

मान्छै नै हो बूस क्रूर बाघ झई भई,

निर्दोर्षीहरुको देश किन नष्ट गर्‍यो गई ?

बम टेड्ढर फ्याकेर धुवाधार बनाउदै,

पर्यावरण यो दोषी पारी मान्छे सताउदै ।

विषाक्त दुनियाँ पारी रोग व्याधि बढाउदै,

तोराबोहरु जस्ता ढुङ्गे पाखा लडाउदै ।

गोला बारुदले आज विश्व के काबू हुन्छ र ?

ऐलेको दुनियाँ के यो ढुङ्गे युगमहा छ र ?

सद्भावना जगाएर इमान्दार बनी सब,

देश उन्नतिको चेत मान्छे भित्र घुसोस अब ।

खण्डककाव्यकार बुद्धि घिमिरेले मान्छे खण्डकाव्यमा विश्व मानवमा देखपरेका खराब प्रवृत्तिको चित्रण मात्र गरेको छैनन् बरु त्यस्तो प्रवृत्ति त्यागेर मान्छेलाई सुध्रने आग्रह समेत गरेका छन् । मान्छे सुध्रेमा यही भूमि स्वर्ग तुल्य छ । मान्छेले आफ्ना खराब प्रवृत्तिलाई त्याग गर्न सके यहाँ आनन्दमय प्रेम-वर्षा हुनसक्छ । त्यसैले अबको मान्छेले देश-देश र व्यक्ति-व्यक्तिमा शान्तिको सन्देश बााड्न सक्नुपर्छ भन्ने कविको आग्रह रहेको छ । हिंसाको बाटो रोज्नाले मानवत्व गुमाए पनि सबै 'मनु' कै सन्तान भएकाले समझदारी र वार्ताबाट समेटिनु पर्छ भन्ने कविको विचार छ । त्यसैले खण्डकाव्यकार घिमिरे यस खण्डकाव्य मार्फत संसार सबैको साझा फूलबारी भएकाले सबैको चेतनामा सबै बाँचौ, सबै हाँसो भन्ने भावना बस्न सकोस् भन्ने सन्देश प्रेषित गर्दछन् ।

सबै बाँचौ सबै हासौँ भोको नाङ्गो कतै नहोस्

विश्व बन्धुत्वको भाव चेतनामा सधैं बसोस् ।

यसरी खण्डकाव्यकार बुद्धि घिमिरेले 'मान्छे' खण्डकाव्यको मूल भागमा अनुष्टुप छन्दका एक सय श्लोक सम्ममा नेपालीहरुको स्थिती साथै विश्वका मान्छेहरुले गर्दै आएका खराब कार्य र सृष्टि विरोधी गतिविधिको चर्चा गर्दै त्यस्तो कार्य अन्त्य गर्ने आग्रह समेत गरेका छन् । एक सय एक श्लोकबाट छन्द परिवर्तन गरेर खण्डकाव्यकारले आठ वटा पद्यमा सम्पूर्ण खण्डकाव्यको सार खिच्ने प्रयास गरेका छन् । अन्त्यका आठ श्लोक मध्ये सात वटा शिखरिणी छन्दमा र अन्त्यको एक श्लोक मालिनी छन्दमा रचन गरिएको छ । याहाँ कविले विश्वमा अशान्ति फैलिएको, मानव संहारको कार्य निरन्तर चलिरहेको विश्वका

ठूला देशहरुमा शक्तिको होडबाजी भैरहेको जस्ता विषयलाई उठाएर त्यसो गर्नु कुनै पनि अर्थमा उचित होइन र छैन भन्दै सबैमा सद्भावना र बन्धुत्व फैलाउने विचार व्यक्त गरिएको छ ।

मान्छे सृष्टि सिंगार्न धर्ती बीच यो सद्भावना रोप है ?

बाली दिव्यदियो प्रकाश छर यो सृष्टि उज्यालो छ है !

खोली भित्री रहस्य यो प्रकृतिको सन्तान लौ जाग है ।

बोकी मानवता विशाल मनले बन्धुत्व फैलाउ है !!

यसरी खाण्डकाव्यकार बुद्धि घिमिरेले 'मान्छे' खण्डकाव्यको विषवस्तुका रुपमा विश्वको मन्छेले गरेका खराब कार्यलाई विविध सन्दर्भबाट देखाउदै त्यो कार्य गलत भएकाले सही मार्गमा हिँडेर सृष्टिलाई सजाउन आग्रह समेत गरेका छन् । यसरी हेर्दा यस खण्डकाव्यको संरचना सानो रहे पनि विषयका दृष्टिले निकै महत्वपूर्ण व्यापक एंव समसामयिक दृष्टिचतनाले भरिपूर्ण देखिन्छ ।

### ४.४.३.पात्रविधान

बुद्धि घिमिरेको पहिलो खण्डकाव्य 'किसान' मा झैं खण्डकाव्यमा पनि कुनै एउटा पात्रलाई खण्डकाव्यको नायक चरित्रका रुपमा चित्रण गरिएको छैन । यस खण्डकाव्यमा विश्व मानव समूहलाई नै प्रमुख पात्रका रुपमा उभ्याइएको छ । यस अन्तर्गत किसान, दुधेबालक, बुढाबुढी, साहारा विहीन नारीदेखि लिएर विन लादेन, जर्ज डब्लु बुस, कोलेन पावेल, टोनी ब्लेयर, सद्दाम हुसेन, प्रभाकारन पनि पात्रका रुपमा प्रयोग भएका छन् । यसैगरी धृतराष्ट्र, भीम, दुशाशन, द्रोण, द्रोपद्री, शकुनी, कर्ण जस्ता पौराणिक पात्रहरु पनि यहाँ प्रयोग भएकै छन् । यसैगरी भ्याकुरा, च्याखुरा, लुइचे, डाँडाकाडा, कुर्सी, देश, वम, टेङ्कर, ब्वाँसो, कुकुर, जस्ता मानवेत्तर पात्रहरुको पनि खण्डकाव्यमा प्रशस्त प्रयोग गरिएको छ । यसरी 'मान्छे' खण्डकाव्यमा धेरै किसिमका पात्रहरुका प्रयोग भए पनि पात्रले विषवस्तलाई अघि बढ्न सहयोग भने गरेका छैनन् । बरु दण्डकाव्यको विषय वस्तुले पात्रलाई दण्डकाव्यगत प्रस्तुतिको आधार मात्र बनाएको देखिन्छ । यसरी हेर्दा चरित्र चित्रणका सन्दर्भमा दण्डकाव्य कमजोर बनेको देखिन्छ । तथापि ऋतु विचार खण्डकाव्यमा

चिरत्र चित्रण नभए पनि नेपाली साहित्यको उत्कृष्ट खण्डकाव्यको श्रेणीमा रहेको इतिहासलाई हेर्दा विषय वस्तुगत प्रस्तुतिमा सशक्तता आएमा पात्रको प्रयोगमा भएको फितलो पनाले मात्र खण्डकाव्यलाई असफल बनाउन नसक्ने कुरा प्रमाणित हुन्छ । यसरी हर्दा विश्व मानव समूहमा देखापरेका खराब प्रवृत्तिको यथार्थ चित्रण गर्न सफल खण्डकाव्य 'मान्छे' पनि उत्कृष्ट रहेको मान्नु पर्छ ।

### ४.४.४. देशकाल वातावरण/परिवेश

खण्डकाव्यमा भएको अनुभूतिको प्रवाहलाई व्यवस्थित गर्न कुनै निश्चित परिवेशको निर्धारण गर्नु जरुरी देखिन्छ । कुनै निश्चित परिवेशमा उभएिर नै विषवस्तुले गति लिने सक्ने भकाले परिवेशको प्रस्तुति खण्डकाव्यमा प्रायः अनिवार्य मानिन्छ । खण्डकाव्य कविताको मझौला रुप भएकाले परिवेशको चित्रण व्यापक रुपमा नभएको पनि हुनसक्छ, तथापि सुत्रात्मक वा साङ्केतिक रुपमा भए पनि यसले कुनै न कुनै 'देशकाल वातावरण वा परिवेशलाई ग्रहण भने गरेकै हुन्छ । यसरी हेर्दा 'मान्छे' खण्डकाव्यले साङ्केतिक रुपमा हत्या आतङ्क र विद्रोहको कालो बादल भित्र मडारिई रहेको विश्व परिवेशलाई खण्डकाव्यगत प्रस्तुतिको अधार बनाएको पाइन्छ । यहाँ सूत्रात्मक रुपमा अमेरिका, इराक रुस, अफगानिस्थान, पाकिस्तान श्रीलङ्का भारत र नेपालका परिवेशलाई व्यक्त गरिएको पाइन्छ यसरी हेर्दा मान्छे दण्डकाव्यगत प्रस्तुतिको आधार बनाएको पाइन्छ । यस खण्डकाव्यमा विषयवस्तुको अपेक्षा गरे अनुसारको परिवेशको सिर्जना भएका कारण खण्डकाव्य निकै प्रभवशाली बन्न सकेको देखिन्छ । यसो भए पनि विषय वस्तुले परिवेशको अपेक्षित चित्रण गर्न भने सकेको छैन् ।

### ४.४.५.केन्द्रीय कथ्य

विश्वका समसामयिक एंव प्रमुख ठूला घटनाबाट पूर्ण परिचित कवि बुद्धि घिमिरेले मान्छे खण्डकाव्यमा विश्वमानवमा देखापरेका खराब प्रवृत्तिलाई कुनै पात्रको माध्यम नबनाई सोझै आफै व्यक्त गरेका छन् । संसारमा चलिरहेको शक्तिको होडबाजीका कारण मानव अस्तित्व नै संकटमा पर्न सक्ने तर्फ सबैलाई सचेत गराएर सुध्रने शान्ति सन्देश प्रेषित गर्नु नै यस खण्डकाव्यको केन्द्रय कथ्य हो ।

जस्तैः-

अधिक कठिनभो यो विश्वको चाल-ढाल,

जनहरु सब मास्ने चल्न थाल्यो कुचाल ।

अलिकति पनि मान्छे सुध्रियोस सभ्य बन्दै

सुखसित सब बाँचुन दीर्घजीवि सदा भै !!

यसका साथै विश्वका ठूला देशहरुले हतियारको होडबाजी छोडेर शान्तिको मार्गमा आउनुपर्छ । सृष्टिको सुन्दरता र मानव जीवनको मूल्यालाई बुझेर सबैको हृदयमा शन्तिको दियो बालेर अग्रगामी दिशातर्फ उन्मुख बन्नु पर्छ भन्ने कुरालाई पनि मान्छे खण्डकाव्यले निकै सशक्तता साथ व्यक्त गरेको छ । नेपाल जस्ता गरीब देशका जनताले आपसी कलह गरेर देशमा गृहयुघद्ध फैलाउनु कुनै पनि अर्थमा हितकर छैन यस्तो प्रवृत्तिले मानव संहार, कलह र अशन्ति बाहेक केही प्राप्त हुन सक्दैन त्यसैले यस्तो कार्य बन्द गरेर विश्वमानवताको सन्देश सबैमा बाँड्न सक्नु पर्छ भन्ने कुरामा यस खण्डकाव्यले निकै जोड दिएको छ ।

### ४.४.६. भाव विधान

वास्तवमै सृष्टिको सबै भन्दा सुन्दर रचना मान्छे नै हो । यहाँ भएका असल, खराब सबै कार्य उसकै चित्तबृत्तिबाट निर्देशित भएका छन् । यसर्थ संसारलाई सुन्दर उद्यान बनाएर सजाउने वा तहस-नहस पारेर खरानी बनाउने भन्ने जिम्मा मनिसमा नै सुरक्षित छ । निश्चय नै प्रतिष्पर्धाले गर्दा मान्छेले धेरै भन्दा धेरै प्रगति गर्न सकेको छ, तर अर्काको उन्नति र प्रगतिमा इर्ष्या गर्दै उसलाई सखाप पारेर आफू शक्तिशाली बन्ने प्रवृत्ति मान्छेमा देखिएकाले ऊ ठूलो जोखिममा फसेको पनि छ । विकासको गतिसँगै संसारका अनेकौं हिंसक पशुहरुबाट आफू सुरक्षित बन्न मान्छेले प्रारम्भमा हतियारको सृष्टि गऱ्यो । तर आज त्यसको दुरुप्रयोग भएर मान्छे माथि नै प्रयोग गर्न थालिएको छ । यो विडम्बना अबको संसारले धेरैदिन थाम्न सक्ने स्थिति छैन । त्यसैले सबैले यसप्रति सचेत भएर बेलैमा मानवत्वको संरक्षणमा लाग्नुपर्छ भन्नु नै मान्छे खण्डकाव्यको मुख्य भाव हो । संसारका सबै मान्छेहरु हिंसामा लागेका छैनन् । मानव हिंसा गर्दै हिड्नेहरु हृदयमा फोस्रो आडम्बर भरेर

मान्छेमा नै एक तमासाको चाल चालिरहेको छ । यसबाट संसारका धेरै व्यक्तिहरु वाक्क-दिक्क बनिसकेका छन् । तसर्थ बुद्धि घिमिरेले समसामयिक विश्वको परिस्थितिलाई उठान गरेर रचना गरेको यो खण्डकाव्यले धेरै पाठकको सजिलै मन जित्न सक्ने देखिन्छ । यसमा करुण विभत्स, रौद्र, शान्त जस्ता रसको प्रयोग भए पनि कुनै एउटा कुनै रसलाई परिपाकमा पुऱ्याउने कर्म भने भएको छैन ।

### ४.४.७ लयविधान

लयविधानले काव्यमा साङ्गीतिक माधुर्यको सिर्जना गर्ने भएकाले पाठकको सजिलै मन जित्न सक्छ । लय विधान भित्रै काव्यलाई अन्य विधा भन्दा पृथक बनाउने तत्व पनि सुरक्षित रहेको हुन्छ । यसर्थ लयको सफल प्रयोगका लागि काव्यकारहरुले निकै सावधानी अपनाउनु पर्ने दखिन्छ । वर्णहरुको मात्रा, गति-यति, अनुप्रास र छनद विधानको उचित परपालन हुन सकेमा मात्र काव्यमा लयात्मकताको सिर्जना हुन सक्ने कुरा निर्विवाद छ । त्यसगरी काव्य पाठकको प्रिय बन्नका लागि पनि लयात्मकताको अनिवार्यतालाई नकार्न सकिँदैन । 'खण्डकाव्य' फुटकर कविता पछिको उत्कर्ष रुपको उप-विधात्मक मझौला रुप हो यसर्थ यसमा लयविधानको उर्ध्वगति हुनुपर्छ । फुटकर कविताको लय विधानको साङ्गीतिक लयात्मक उत्कर्ष भन्दा यसमा लय विधानगत प्रचुर उत्कर्ष हुन सक्नु पर्दछ ।......... यसरी हेर्दा बुद्धि घिमिरेको 'मान्छे' खण्डकाव्यमा अनुष्टुप शिखरिणी र मालिनी छन्दको समुचित प्रयोग गर्दै गति-यति, अनुप्रास र शब्द चयनमा सरलता प्रस्तुत गरेर लय विधानमा निकै ध्यान पुऱ्याइएको छ । यसमा प्रस्तावनाका छ श्लोक र मूल भागका एकसय श्लोक गरी जम्मा एक सय छ श्लोक अनुष्टुप छन्दमा, यसपछिका क्रमशः सात श्लोक शिखरिणी छन्दमा र अन्त्यको एक श्लोक मलिनी छन्दमा रचना गरिएको छ ।

### ४.४.८ अलङ्कार योजना

खण्डकाव्यकार बुद्धि घिमिरेले मान्छे खण्डकाव्या अत्यन्तै सरल एंव बोधगम्य किसिमका बिम्ब प्रतीकको प्रयोग गर्दै खण्डकाव्यलार्य आलङ्कारिक माधुर्यमा समाहित गरेका छन् । शब्दलङ्कारका तहमा यहाँ अन्त्यानुप्रास अलङ्कारको कुशल संयोजन पाइन्छ भने अर्थालङ्करमा उपमा, दृष्टान्त, यमक, रुपक अलगङ्कारको प्रयोगले खण्डकाव्य निकै सुन्दर बन्न सकेको छ । यस्तै गरी आँखाको नानी, मुटु, फूल, अमृत पहाड, ढुङ्गेपाखा,

कोपिला यहाँ प्रयोग भएको प्रतीकरु हुन् । यस्ता सरल बिम्ब, प्रतीक र अलङ्कारको संयोजनका कारण साधारण पाठकहरुले समेत यस खण्डकाव्यको सजिलै मर्मबोध गर्न सक्ने देखिन्छ ।

जस्तै उपमा अलकारको प्रयोग-

ब्वाँसाले पशु खेदेझैं खेद्दै हिड्दैछ मानिस

स्वाट्ट दाउ पऱ्यो माऱ्यो स्वार्थ पुर्दैछ मानिस ।

दृष्टान्त अलङ्कारको प्रयोग-

अग्रगामी नभै मान्छे प्रतिगामी हुँदै गयो ।

खोलो उल्टो वगाएको इतिहास नयाँ भयो

यसरी मान्छे खण्डकाव्यमा प्रयोग अलङ्कारले काव्यको विषय बोधमा कुनै कठिनाइ उत्पादन नगरी उत्कर्षता प्रदान गर्न सेकेको कारण अलङ्कार विधानका दृष्टिले यो खण्डकाव्य सफल रहेको छ ।

## ४.४. ८.सर्गयोजना

एक सय चौध श्लोकको लघु संरचनामा रहेको 'मान्छे' खण्डकाव्य दुई खण्डमा विभाजित छ । पहिलो खण्डका अनुष्टुप छन्दका ६ श्लोकलाई 'प्रस्तावना' शीर्षक भित्र अनुवन्दित गराइए पनि बाँकी भागमा कुनै शीर्षक दिइएको छैन, तर प्रस्तावना भाग सकिएपछि एक पृष्ठ खाली छोडेर श्लोक संख्या एकबाट खण्डकाव्यको विषयको उठान गरिएको छ । यस खण्डकाव्यका मूल भागका एक सय श्लोक पनि अनुष्टुप छन्दमा नै रचना गरिएका छन् । छुट्टै परिच्छेदका रुपमा नदेखाई क्रमशः श्लोक संख्या उल्लेख गरिए पनि एक-सय एक श्लोकबाट छन्दमा रचन गरिएको छ । यी पद्यहरुमा अगाडि पर्णन गरिएको सम्पूर्ण खण्डकाव्यको सार खिच्ने प्रयास गरेका कारण यसलाई उपसंहार भाग भन्दा अन्यथा नहुने देखिन्छ । यसरी यहाँ छन्दका माध्यमले सर्ग परिवर्तन र खण्डकाव्यको अन्त्यको सङ्केत गरिए पनि पहिलो सर्गलाई शीर्षकीकरण सहित छुट्टै परिच्छेदका रुपमा

राखिसकेपछि मूलभाग र उपसंहार भागलाई पनि छुट्टाछुट्टै रुपमा राखिएको भए यस खण्डकाव्यको सर्गयोजना अझै सुन्दर बन्नसक्ने थियो ।

## ४.४.१० भाषाशैली

अनुष्टुप, शार्दूलविक्रीडित, मालिनी छन्दको प्रयोग गर्दै परिष्कृत शैलीमा रचना गरिएको 'मान्छे' खण्डकाव्यको भाषा सरल र बोधगम्य भएका कारण लक्षित पाठकले सजिलै काव्यको मर्मबोध गर्न सक्ने देखिन्छ । यसका साथै करुण, शन्त विभत्स, रौद्र र वीर रसको प्रयोग भएका कारण यस खण्डकाव्यले पाठकमा निकै उत्साह थप्न सक्ने देखिन्छ । कवि प्रौढोक्ति शैलीमा अन्त्यानुप्रासी आलङ्कारिक शैली मधुर्यले सुसज्जित बनाएर तत्सम, तद्भव, आगन्तुक र नेपाली झर्रा शब्दहरुको समुचित प्रयोग गर्दै कविको प्रौढ अनुभवलाई कलात्मकताका साथ व्यक्त गरिएकाले 'मान्छे' खण्डकाव्य भाषशैलीको दृष्टिले सफल रहेको छ ।

## ४.४.११ उद्देश्य

'मान्छे' खण्डकाव्यमा मान्छेको महत्व दर्शाउँदै उसका प्रमुख खराब प्रवृत्तिलाई देखाएर सुध्रने उपाय र  सन्देश दिइएको छ । यहाँ मान्छे सृष्टिको सर्वोच्च प्राणी भए पनि उसका खराब प्रवृत्तिका कारण पशु भन्दा नीच भैसकेको कुरा उल्लेख गर्दै हिंसा त्यागेर सुध्रेको खण्डमा अझै उसले आफ्नो सर्वोच्चतालाई कायम राख्न सक्छ भन्ने कविको विचार स्पष्ट रुपमा आएको छ । विश्वका ठूला देशहरुमा भइरहेको शक्तिका होडबाजीले संसार संकटमा फस्तै गएको यर्थाथलाई पनि यस खण्डकाव्यले देखाएको छ । "विश्वमा मानवताको चर्को नारा लाग्दैछ तर तिनै तथाकथित मानवतावादी ठूला देशहरु डलरसँग मानवतालाई साट्ने कोशिस गरिरहेको छन् । यसले विश्व भरी नै मन्द विषको प्रसारण भएको अनुभव हुन्छ । यसै विडम्वनापूर्ण परिस्थितिको अतिसंक्षिप्तकाव्यमा समेट्ने कोशिस गरिएको छ । " समग्रमा संसारमा देखिएका मानव हिंसाका श्रृङ्खलाहरु बन्द गरेर सबैमा मानवीय भावनाको सञ्चार गर्न सक्नुपर्छ भन्नु नै यस खण्डकाव्यको प्रमुख उद्देश्य हो ।

४.५ समयचक्र खण्डकाव्यको अध्ययन र विश्लेषण

## ४.५.१ परिचय

समयचक्र खण्डकाव्य साहित्यकार बुद्धि घिमिरेले वि.सं. २०६२ सालमा प्रकाशन गरेका हुन् । घिमिरेका कृतिमध्ये यो खण्डकाव्य पुस्तकाकारको रुपमा तेश्रो र कृतिको हिसाबमा चौथो रहेको छ । आकार विषय र प्रस्तुतिशैलीका आधारमा यो खण्डकाव्य नै घिमिरेका अहिलेसम्म प्रकाशित कृतिमध्ये चरम प्राप्तिको कृति बन्न सकेको पाइन्छ ।

सयमचक्र खण्डकाव्यको बाहिरी पृष्ठमा पूरै पृष्ठ ढाकिने गरी रातो मसिले चक्रको गोलाकार चित्र कोरिएको छ । पृष्ठको सिरानमा नीलो मसीले 'समयचक्र' लेखिएको छ । यसैगरी चक्रको बीच भागमा रातो मसीले पोतिएको अण्डाकार चित्र र सोही आकारमा मध्यबिन्दुमा रातो र सेतो रङ्ग मिश्रित चित्र र त्यसमाथि चक्र चिन्हमा कोही मान्छे भागाभाग गरिहेका सिपाही जस्ता देखिने व्यक्तिहरु तिनीहरुलाई बन्दुकले ताकिरहेका एउटी महिला अघिपछि आफ्ना नाबालक सन्तानलाई राखेर घोप्टो परी रोइरहेको दृष्य अनि पर्चा पम्प्लेट बोकेर नारा लगाउँदै हिडिरहेको मान्छेको हुलका चित्रहरु स्पष्ट देख्न सकिन्छ । खण्डकाव्य भित्रको सुरू पृष्ठमा ठूलो अक्षरमा समयचक्र र त्यसमुनि कोष्ठक चिन्हभित्र मझौला अक्षरमा खण्डकाव्य लेखिएको छ । यसै पृष्ठको मध्य भागमा बुद्धि घिमिरे र

पुछारमा प्रकाशिका श्रीमती टीका घिमिरे लेखिएको छ । यस पृष्ठको लगत्तै अर्को पृष्ठमा कृति, विधा, रचनाकार, सर्वाधिकार, आवरण, प्रकाशक, प्रथम संस्करण, प्रकाशनप्रति, मुद्रक, कम्प्यूटर, ले-आउट र मूल्यलाई क्रमशः ठाडोक्रममा राखिएको छ । जसबाट 'समयचक्र' खण्डकाव्य बुद्धि घिमिरेले लेखेका हुन् । यसको आवरण चित्र कालु आर्ट बिराटनगर बरगाटीद्वारा बनाइएको हो, यसको प्रकाशन श्रीमती टीका घिमिरेले गरेकी हुन् यस खण्डकाव्यको प्रथम संस्करण २०६२ को मोती जयन्तीमा ५०० प्रति प्रकाशित भएको हो, यसको मुद्रण श्रेष्ठ प्रिन्टर्स बिराटनगरद्वारा गरिएको हो भने कम्प्यूटर अमृतकुमार श्रेष्ठ र ले-आउट वाणी प्रकाशन बिराटनगरका मीनकुमार श्रेष्ठले गरेका हुन् भन्ने जानकारी मिल्छ । यस

खण्डकाव्यको संस्थागत मूल्य रु. ७० (भा.रु. ४५) र व्यक्तिगत मूल्य रु. ४० ( भा.रु. २५) राखिएको छ । सादर समर्पण शीर्षक राखिएको खण्डकाव्यको दोश्रो पानामा समयचक्र खण्डकाव्यलाई समयको चक्रमा पिसिएका निरीह जनता जो अघोषित सहिदको रुपमा रहेका छन् । यी सम्पूर्ण र अन्यायमा परेका महिला तथा नवचेतना बोक्ने तेश्रो पुस्ताका अधिकार खोसिएका समस्त बालबालिका एवं स्वर्गीय पूज्य पिता श्रीनारायण घिमिरे तथा माता मधुमाया घिमिरेमा हार्दिकताका साथ समर्पण गरिएको छ । खण्डकाव्यको तेश्रो पानामा प्रकाशकीय शीर्षकमा प्रकाशिका टीका घिमिरेको मन्तव्य राखिएको छ र यही पृष्ठदेखि पृष्ठाङ्कन समेत सुरु गरिएको छ । यस्तै पृष्ठाङ्कन सुरु भए पछिका पृष्ठ तीन, चार र पाँचमा चुडामणि रेग्मीको मन्तव्य पृष्ठ छ, सात र आठमा रचनाकारको आफनो भनाइ र पृष्ठ नौ मा विषय सूची राखिएको छ । पृष्ठ दश खाली राखेर एघारबाट खण्डकाव्यको सुरुवात गरिएको छ । यो खण्डकाव्य उपक्रम, विषय प्रवेश, समय बोध-एक, समय बोध-दुई र उपसंहार गरी पाँच खण्डमा विभाजित छ ।

### ४.५.२ विषयवस्तु

यो सत्य हो, मान्छेले जन्मसँगै एकदिन मृत्युलाई पनि वरण गर्नै पर्छ । अर्थात् मान्छे अवश्य मर्छ तर संसारमा समयरुपी चक्रले मान्छेको मृत्युको प्राकृतिक प्रक्रियालाई असहज बनाइदियो । समयले घुमाएको यो काल चक्रले कसलाई कहिले र कतिबेला निमोठ्ने हो त्यसको कुनै निश्चितता छैन । समयको प्रवाहसँगै घुमिरहने कालचक्रमा पिसिएर धेरै मानिसहरुले अकालमा ज्यान गुमाइसके त्यसैले अबको समयका सचेत मानिसले कालचक्रलाई आफ्नो नियन्त्रणमा राखेर मृत्युको प्रक्रियालाई निमित्त र सहज बनाउन सक्नुपर्छ भन्ने विषयलाई यस खण्डकाव्यले सशक्तताका साथ उठान गरेको छ ।

मंगलाचरण गरेर काव्यारम्भ गर्ने परम्परा निकै पुरानो परम्परा हो । आजकाल त्यस्ता काव्य सिर्जना हुन छोडिसकेका छन् । सायद वर्तमान समयले ईश्वरीय कृपालाई काव्य पूर्णताको कारक मान्न सकेन होला  तर खण्डकाव्यकार बुद्धि घिमिरेले वाग्देवीसँग वरदान मागेर नै 'समयचक्र' खण्डकाव्यको शुभारम्भ गरेका छन् । यहाँ उपक्रम शीर्षकभित्र आबद्ध शार्दूलविक्रीडित छन्दका एघार पद्यमा

आशीर्वादात्मक मंगलाचरण गरिएको छ । कविले समयको प्रवाहसँगै आएको कालचक्रले प्रकृतिको शोभालाई बिगार्न लागेको, प्रकृतिका उचा सन्तान भनेर चिनिएका मानिस आफ्नै कारणले खराब बन्दै गएको प्रसङ्ग उल्लेख गर्दै ईश्वरलाई कालचक्र फर्काइदिन अनुरोध गरेका छन् । यसका साथै आफन्तहरु शत्रु नबनुन् कोपिला समकक्ष बालकहरु निर्द्वन्द्व बाँच्न सकुन्, प्रत्येक नेपालीका घरहरुमा सद्भाव छाउन सकोस र सबैमा सद्बुद्धि, सद्विचार र आनन्दको वर्षा हुन सकोस् भनेर कविले सृष्टिस्थिति बिनाश गर्ने चौधै भूवनका मालिकसँग बरदान समेत मागेका छन् ।

यै इच्छासँग माग्दछू समयको आवर्त फर्काउन !
सद्बुद्धि र बिचार साथ सबमा आन्नद टक्र्याउन !
हे सृष्टिस्थिति त्यो बिनास गरने ! चौधै भुवनका धनी !
राम्रा भाव फिजाऊ ! यो समयको आर्वत ठूलो गुनी ॥
सारा देव र देवीको अतिठूलो दृष्टि नयाँ भो
नौलो निर्मितको दिशा समयले बाँडेर ल्यायो भनेर
यो स्वर्गीय प्रभा अनन्त भरिए शब्दार्थमा देखिने ।
उम्दा निर्मल भावना कलमले निःस्वार्थमा लेखिने ॥१॥

उपक्रम खण्डकै अन्तिम पद्यमा, सबैमा सत्य र प्रेम बाँड्ने विचारका साथ आफूले यो खण्डकाव्य लेख्न लागेको प्रसङ्ग उल्लेख गर्दै खण्डकाव्यकार घिमिरेले सरस्वतीसँग आफ्नो बिचारमा साथ दिन प्रार्थना समेत गरेका छन् ।

यसै गरी विषय प्रवेश शीर्षकको खण्डकाव्यको दोश्रो भागमा जम्मा सैंतीस श्लोक राखिएका छन् । जसमध्ये एघार श्लोक वसन्ततिलका छन्दमा, अठार श्लोक शार्दूलविक्रीडित छन्दमा र आठ श्लोक मन्दाक्रान्ता छन्दमा रचना गरिएका छन् । यहाँ कविले सत्य, त्रेता र द्वापर युगको बाटो बन्द गरेर मन्द विषको प्रसार गर्दै

कलियुग आएको पौराणिक प्रसङ्गलाई वर्तमानको दृष्टिबाट चियाउँदै विषय प्रवेश गरेका छन् । सुरासुरहरुको समयदेखि नै द्वन्द्व, कलहका घटनाहरु प्रशस्त भएकै हुन् र अहिलेको समयले पनि त्यसलाई निरन्तरता दिइरहेकै छ । त्यसैले भमरा भ्कैं भुनभुन गर्दै सबैका शिरमाथि घुमिरहने कालचक्रको गतिलाई बुझेर, दरो मनस्थिति बनाएर सद्भाव, शान्ति, समता र सहकार्य वा सहयोगका लागि कविले सबैमा आह्वान गरेका छन् । यसका साथै कविले यहाँ नेतृत्व तहमा रहेको स्वार्थीपन, शस्त्रास्त्रको होडबाजी, द्वन्द्वले सिर्जना गरेका विकराल र कारुणिक परिस्थितिलाई विभिन्न पौराणिक प्रसङ्ग र वर्तमान विसङ्गत जीवनदृष्टिका आधारमा हेर्दै अस्तित्ववादी सोचको उदय सबैको हृदयमा हुनुपर्छ भन्ने चाहाना व्यक्त गरेका छन् ।

समयबोध-एक र समयबोध-दुईमा पनि खण्डकाव्यकार घिमिरेले वर्तमान समयको द्वन्द्वात्मक परिस्थितिले निम्त्याएको कलह झगडा र मानव संहारलाई नै विभिन्न ऐतिहासिक पौराणिक प्रसङ्गको सापेक्षतामा देखाउँदै त्यस्तो कार्यले कसैको पनि हित र उन्नति हुन नसकेको र नसक्ने तथ्यलाई उजागर पारेका छन् । "यहाँ दम्भ, घमण्ड र दुच्छरपना त्यागेर निःस्वार्थी भएर वुद्धले अन्तर ज्ञान प्राप्त गरेका थिए । कालचक्रले छिन्नभिन्न पारेर नियतिको वशमा पारेका ऐतिहासिक दुःखान्त घटनाहरु पनि पाइन्छन् । अयोध्या पिता दशरथ पनि सौतेनी द्वन्द्वमा फँसेर विपद् परे, मरे । त्यसैले द्वन्द्वले मानव र मानवताका संहारक दृश्यहरु मात्र भित्र्याउँछन् ।"[६५]

यसरी कवि घिमिरे समय अतिबलवान् भएर युगौदेखि कालचक्र घुमाइरहेको प्रति सबैलाई सचेत गराउँदै मान्छेले चाहेको खण्डमा त्यसको अनियमिततालाई रोकेर प्राकृतिक नियममा घचेट्न सक्छ भन्ने सन्देश दिदै यसो गर्न सबैलाई आग्रह गर्दछन् ।

मान्छे हौं नव चेतना अब भरी जागा गराई दिने,

आफैलाई कंज्याउँदै समय नै आफ्नो बनाईदिने,

---

[६५] डिल्ली दुवाडी, पूर्ववत् पृ.५ ।

आऊ झट्ट उठेर ! यो समयको बाधा फुकाईकन !

आफ्नो रुप र सङ्ग साथ सजिलो देखाइद्यौ जीवन !

यसै गरी खण्डकाव्यको उपसंहार  खण्डमा खण्डकाव्यकार घिमिरेले सम्पूर्ण खण्डकाव्यको सार खिच्तै समाजका प्रत्येक व्यक्तिले मनमा बुद्ध बिराजमान छन् भन्ने ठानेर नयाँ एवं शान्तिप्रिय समाजको निर्माणमा सबै लाग्नुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । आपसी द्वन्द्वलाई फालेर नेपाललाई सुन्दर फूलबारीका रुपमा सजाउनुमा नै कवि सबैको कल्याण छ भन्छन् । जनघात र अशान्ति फैलाएर नेपालको रुप विगार्नमा कतै कसैले षड्यन्त्र त गर्न लागेको छैन ? भन्दै यहाँ शङ्काको भाव समेत व्यक्त गरिएको छ ।

गरेछ कस्ले जनघात यहाँ ?

यो देशको रुप विगार्न मांहा ?

बिथोल्न यो शान्त भलो समाज

षडयन्त्र यो तीब्र भयो कि आज ?

त्यो मध्य गोलार्द्धमा भएका

अशान्तिमा मग्न सधैं रहेका

ती देश नेपाल समान मान्

बोकी रहेको अब हुन्छ मान ! ॥८॥

यहाँ कृषिको बृद्धिदर घटेको छ, देश दिनदिनै व्यापार घाटा बढ्दैछ, उद्योगहरु विपन्न भएर बन्द हुने स्थितिमा छन्, गरीबहरु झन्-झन् गरीब बन्दै गइरहेका छन् । यस्तो स्थितिबाट देशलाई उकास्न निकै कठिन रहेको तथ्य खोतल्दै देशको बिग्रँदो अवस्थाप्रति कवि निकै चिन्तित भएर बाँचिरहेका सन्ततिलाई हेररे भोलि राम्रो पार्न ज्ञानका भित्री आँखा खोलेर आजैदेखि लाग्न कविले सबैमा अनुरोध गरेका छन् । विगतमा जानी-नजानी जे-जस्ता कार्यहरु भए पनि आफ्नो तुच्छ बानीलाई त्यागेर

अब सत् मार्गमा हिँड्नसके सङ्लो पानी समान मान्छेको मन पवित्र बन्न सक्छ भन्ने कविको बिचार छ ।

जानी जानी भूल भो वा नजानी !

छोडी हिजो अस्तिको तुच्छ बानी,

मान्छेलाई सभ्यताभित्र तानी

ल्याए मान्छेभित्र सङ्लो छ पानी !!

मान्छे अन्धो ज्ञानले मात्र हुन्छ ।

देख्ने आँखा भित्रका नै भनिन्छ ।

हाम्रा बोक्रे चर्मचक्षुहरुले राम्रो के हो ?

भन्ने सक्ला र कैह्ले ? ॥१९॥

यो देश शान्तिका अग्रदूत गौतमबुद्ध जन्मेको देश हो, तर बत्तीका फेदमा अँध्यारो भनेझैं यहाँ रात दिन भैरहेका आन्दोलनले देशको गौरव नासिन लाग्यो । “कविले यहाँ पूजाआजा ढोग गर्दै शान्तिका प्रतीक एकजोडा परेवा उडाउँदा शान्ति हुने भए त्यही पनि उपाय हुन्थ्यो कि ? भन्दै समाजलाई व्यङ्ग्यात्मक प्रश्न गरेका छन् । आज चिन्तन मनन मूल प्रवृत्तिका मानिसहरुको पिँढी निर्माणमा न्यूनता आएको देखिन्छ । त्यसैले सारा मजदूर मोहीहरुलाई उचित हुने व्यवस्था ल्याएर वर्तमानलाई सुधार गर्नुपर्दछ । कमैया र सकुम्बासी सबैका उत्थान गर्छु भन्दै अनि निम्न वर्गको उन्नतिको चाहाना राख्तै कवि आफना प्रगतिवादी विचार पनि व्यक्त गरिरहेका छन् ।”[६६]

नेपालको तत्कालीन अवस्थाप्रति पूर्णपरिचित कवि घिमिरे माओवादी युद्धको समयमा घर भवनहरु ध्वस्त भएको सर्वसाधरण जनताले अकालमै ज्यान गुमाउनु परेको, बन्दुक र बम बोकेर नेपालीहरु बन-बन र पहरामा डुलेका, बाटो हिड्दा

[६६] ऐजन ।

सुरक्षाकर्मीले झोला खोतलेर हैरान बनाएको स्मरण गर्दै प्रेमपूर्वक देशमा शान्ति र समताको लहर फैलाउन आग्रह गर्दछन् । सबैले आत्मबल दह्रो बनाएर देश र जनतालाई समयचक्रको चक्कामा पिसिनबाट जोगाउनु आजको आवश्यकता हो भन्ने कविको विचार छ ।

सबै जागौं लागौं बटुली समताको लहरले

स्वदेशी शोभाको भर गरी उठौं प्रेमबलले,

भनी बिन्ती गर्दै समय छ बली निर्दय हरे

बाँची चक्काबाटै पिसिन नदिऊँ आत्मबलले

समग्रमा यस खण्डकाव्यको विषयवस्तुले जीवन जगत कुनै एक खण्ड विशेषको अभिव्यक्ति गर्नुपर्ने खण्डकाव्यगत धर्मको निर्वाह गरेको देखिन्छ । विषयवस्तुगत प्रस्तुतीकरणमा कार्यकारणगत श्रृङ्खला र सम्भाव्यता रहे पनि कुतूहलताको उचित प्रयोग हुन सकेको पाइँदैन । कुनै एउटा निश्चित कथानकलाई भन्दा विषय विशेषको प्रस्तुतिमा खण्डकाव्य अघिबढेका कारण यस्तो स्थिति सिर्जना भएको हो । समयचक्र खण्डकाव्यले उठाएको विषयवस्तु सामाजिक एवं समसामयिक रहेकाले यसले द्वन्द्वको निराकरण गरेर समाजमा शान्ति स्थापना गर्नुपर्छ भन्ने एउटा गतिलो सन्देश प्रवाहित गर्न सकेको छ । कार्यकारणवशं २०६२/०६३ पछि सायद कविको आह्वान प्रभावकारी भए झैं केही शान्ति भित्रियो र संविधानसभाको निर्वाचन समेत छिटपुट घटना बाहेक शान्तिपूर्ण भएकाले भित्री द्वन्द्वको अन्त्य नभए पनि देखावटी नै भए पनि द्वन्द्वको न्यूनीकरण भएको अनुभव भएको छ ।

### ४.५.३ पात्र विधान

यस 'समयचक्र' खण्डकाव्यमा कुनै एक पात्रलाई नायकका रुपमा प्रस्तुत गरिएको छैन । समय र त्यसको गतिचक्र अथवा समयचक्र नै यस खण्डकाव्यको मुख्य पात्रका रुपमा आएको छ । यही समयचक्रसँग अन्तर सम्बन्धित भएर आएका ऐतिहासिक पौराणिक पात्रहरुमा ब्रम्हा, द्रौणी, व्यास, वली, पर्शुराम, सीता, रावण,

कैकेयी, धोवी रहेका छन् । त्यस्तै मानवेत्तर पात्रहरुमा साप, कागिनी, कोइली, कुकुर रहेका छन् । बालक, बृद्ध, रोगी शोषक, सामन्ती, निर्धा मान्छे जस्ता मानवीय जगतका प्रतिनिधिमूलक पात्रहरुको पनि यहाँ प्रयोग भएकै छ । यहाँ प्रयोग भएका पात्रहरु प्रतीकात्मक रुपमा आएका भए पनि खण्डकाव्यको विषय उठानमा भने अत्यन्त सहयोगी सिद्ध भएका छन् । यहाँ खण्डकाव्यकारले पात्रको आफ्नो कथा-व्यथाको अभिव्यक्ति दिने भन्दा त्यसको ऐतिहासिक पौराणिक प्रसिद्धिका आधारमा त्यसभित्रको अन्तरकथाबाट वर्तमानलाई सचेतबनाउन खोजेका कारण यहाँ प्रयोग भएका पात्रले कविले व्यक्त गर्न खोजको विषयवस्तुलाई स्पष्ट पार्न सहयोगीको भूमिका निर्वाह गरेका हुन् । समग्रमा यस खण्डकाव्यमा पात्रको चित्रणमा केही शिथिलपना देखिए पनि पात्र विधानमा भने खण्डकाव्य सफल रहेको छ ।

### ४.५.४ देशकाल वातावरण वा परिवेश

'समयचक्र' खण्डकाव्यको परिवेश निकै व्यापक रहेको छ । यसले वर्तमान विश्वको द्वन्द्वपूर्ण परिवेशदेखि लिएर रामायण महाभारतकालीन परिवेशलाई समेत प्रतीकात्मक रुपमा प्रस्तुत गर्न खोजेको छ । यहाँ विश्व परिवेशको चित्रण गर्ने क्रममा शक्तिको होडबाजी र त्यसबाट उत्पन्न भएको सङ्कट, बन्दुक, बम र क्षेप्यास्त्रका आक्रमणबाट तहस - नहस अवस्थाको चित्रण भएको छ भने रामायण महाभारतका विभिन्न पात्रहरुका माध्यमबाट तत्कालीन अवस्था पनि द्वन्द्वपूर्ण रहेको कुराको साङ्केतिक चित्रण गरिएको छ । यसका साथै यस खण्डकाव्यले नेपाल र नेपालीमा देखिएको आपसी किचलो र त्यसले निम्त्याएको कष्टपूर्ण परिस्थिति र परिवेशलाई पनि विशेष महत्वका साथ चित्रण गरिएको पाइन्छ । यसरी हेर्दा खण्ड काव्यका लागि यो परिवेश अत्यन्त ठूलो रहे पनि खण्डकाव्यकार घिमिरेले आंशिक वा प्रतीकात्मक ढङ्गले यसको चित्रण गर्न भ्याएका छन् ।

### ४.५.५ केन्द्रीय कथ्य

खासगरी 'समयचक्र' खण्डकाव्य एक सन्देशमूलक खण्डकाव्य हो । विश्वमा देखिएको अशान्तिले कविको मनमा जगाएको वितृष्णा अनि नेपाल र नेपालीहरुको शान्ति र उन्नतिको कामना नै यस खण्डकाव्यको केन्द्रीय कथ्यका रुपमा आएको छ ।

यस खण्डकाव्यले पूर्वीय साहित्यका महान ग्रन्थ रामायण र महाभारतका विभिन्न उदाहरण र विश्व परिवेशका घटनाहरु देखाएर नेपालीहरुलाई आपसी कलह र झगडा गर्नु ठीक होइन भन्ने सन्देश दिएको छ । नेपाल शान्तिका अग्रदूत गौतम बुद्ध जन्मेको देश भएकाले हरेक नेपालीले उनका सन्देशलाई हृदयमा सजाएर नयाँ समाजको निर्माण गर्न सक्नु पर्छ भन्ने विचारलाई खण्डकाव्यकारले यहाँ निकै सशक्तताका साथ उठाएका छन् । तत्कालीन अवस्था (खण्डकाव्य रचना हुँदाको समय) मा नेपालमा चलिरहेको सशस्त्र माओवादी जनयुद्धप्रतिको असहमति भाव पनि खण्डकाव्यमा स्पष्ट देख्न सकिन्छ । समग्रमा समयरुपी चक्रको चक्कामा पिसिँदै गरेका विश्वका मानिसहरुलाई शान्तिको मार्गमा फर्केर सबैको जीवन रक्षा गर्नु पर्छ भन्ने अस्तित्ववादी, जीवनवादी, मानवतावादी र शान्तिवादी स्वर नै यस खण्डकाव्यको केन्द्रीय कथ्य हो ।

### ४.५.६ भावविधान

कविका भावनात्मक अभिव्यक्तिहरुको परिणाम स्वरुप खण्डकाव्य जन्मने भएकाले यसको सिधा सम्बन्ध भावनासँग जोडिन पुग्छ । त्यसैले भावविधान खण्डकाव्यलाई पाठकप्रिय एवम् प्रभावकारी बनाउने महत्वपूर्ण आन्तरिक तत्वका रुपमा रहेको हुन्छ । यसरी हेर्दा खण्डकाव्यकार बुद्धि घिमिरेको 'समयचक्र' खण्डकाव्य भाव विधानका दृष्टिले निकै उत्कृष्ट रहेको पाइन्छ । यस खण्डकाव्यमा कुनै एउटा रसलाई प्रमुखताका साथ व्यक्त गरिएको नभए पनि शान्त करुण वीर र रौद्र रसको उचित प्रयोगका कारणले यस खण्डकाव्यले पाठकमा निकै प्रभाव पार्न सक्ने देखिन्छ । कविका यी रसमय अभिव्यक्तिले खण्डकाव्यको भावबोधमा कुनै कठीनाई उत्पन्न गरेका छैनन्, बरु त्यसको बोध गराउनमा सहायक सिद्ध भएका छन् । समयचक्रको प्रवाहलाई व्यक्त गर्ने सन्दर्भमा कवि खण्डकाव्यको सुरुवातमा वाग्देवीसँग वरदान माग्दै शान्तभाव व्यक्त गर्दछन् । विषयवस्तुको प्रस्तुतिसँगै संसारमा भइरहेका युद्ध र आतङ्कका कारण अलपत्रमा परेका साहारा बिहीन व्यक्तिहरुको चित्रण गर्दा कवि निकै कारुणिक भाव ओकल्छन् । त्यसै गरी मानव अधिकारका चर्का नारा लगाउने ठूला देशहरूले नै हतियारको बिक्री गरेर साना देशहरुलाई रणमैदान बनाउने कार्य गरेको देख्ता कवि निकै क्रोधित बन्न पुग्छन् ।

यसरी एक अर्कासँग अन्तरसम्बन्धित भावहरुको कलात्मक प्रस्तुतिका कारण समयचक्र खण्डकाव्य भावविधानका दृष्टिले उत्कृष्ट रहेको छ ।

### ४.५.७ लयविधान

शास्त्रीय खण्डकाव्यका रचनाकारहरुले लयको अर्थ छन्दमय अभिव्यक्ति भन्ने लगाए ता पनि वर्तमान समयमा गद्य भाषामा पनि लयात्मक अभिव्यक्ति प्रकट गर्न सकिने कुरा प्रमाणित भैसकेको छ । अतः छन्द नै खण्डकाव्यको अनिवार्य तत्व नभए पनि लयविधान भने अनिवार्य रहन्छ । यसले नै काव्यलाई जीवन्त एवं प्राणवान् बनाइदिन्छ ।

शास्त्रीय चेतका खण्डकाव्यकार बुद्धि घिमिरेको समयचक्र खण्डकाव्य छन्दमा रचना गरिएको छ । यसमा शार्दूलविक्रीडित, वसन्ततिलका, उपजाति, स्वागता, शालिनी, शिखरिणी र श्रग्धरा छन्दको प्रयोग गरिएको छ । यी छन्दहरु क्रमशः कुनै एउटा एकसर्गको पूर्ण अभिव्यक्तिका लागि प्रयोग भएका नभई विश्रृङ्खलित रुपमा यत्रतत्र छरिएर रहेका छन् ।

यसरी कविको छन्दगत पाण्डित्य प्रदर्शनका कारण छन्दवाचनको उचित ज्ञान नभएका पाठकहरु निकै अलमलमा पर्ने देखिन्छ । यसो भए पनि कविले खण्डकाव्यमा छन्दको नामोल्लेख गरेर नै त्यस छन्दमा पद्यको निर्माण गरेका छन् । जे होस समयचक्र खण्डकाव्य बुद्धि घिमिरेको छन्दगत पाडित्य प्रदर्शनको चरम परिणतिका रुपमा देखापरेको काव्यकृति हो ।

यस खण्डकाव्यको ‘उपक्रम’ खण्डमा शादूलविक्रीडित छन्दका एघार पद्य, विषय प्रवेश खण्डमा क्रमशः एघार श्लोक वसन्ततिलका, अठार श्लोक शार्दूलविक्रीडित र आठ श्लोक मन्दाक्रान्ता छन्दमा रचना गरिएका छन् । यस्तै समयबोध एकमा शार्दूलविक्रीडित छन्दका एकचालिस पद्य, समयबोध-दुईमा वसन्ततिलका छन्दका बत्तीस, शार्दूलविक्रीडित छन्दका सत्र, शालिनी छन्दका चार, उपजाति छन्दका पाँच र स्वागता छन्दका तीन पद्य क्रमशः राखिएका छन् । यस्तै उपसंहार खण्डमा क्रमशः उपजाति छन्दका एघार, वसन्ततिलका छन्दका दुई,

शालिनी छन्दका अठार वसन्ततिलका छन्दका चार, श्रग्धरा छन्दको एक र शिखरिणी छन्दका पाँच पद्य राखिएका छन् ।

यसका साथै अन्त्यानुप्रासको कुशल संयोजन सरल सुललित किसिमका शब्द चयनका कारण यस खण्डकाव्यको लयविधान मझौलो श्रुतिरम्य एवं साङ्गीतिक रुपमा प्रकटीकृत हुन पुगेको पाइन्छ ।

### ४.५.८ अलङ्कार योजना

बिम्व, प्रतीक एवं अलङ्कार योजनाका दृष्टिले समयचक्र खण्डकाव्य सफल रहेको छ । यहाँ शब्दालङ्कारका तहमा अनुप्रास र श्लेषको प्रयोग भएको छ । अन्त्यानुप्रासको प्रयोग प्राय सबै श्लोकका दुई-दुई पाउमा भएको देखिन्छ भने श्लेषको प्रयोग कताकति मात्र भेटिन्छ । यसै गरी उपमा, दृष्टान्त, आर्थान्तरन्यास, रुपक उत्प्रेक्षा जस्ता प्रचालित अलङ्कार तथा रित्तो वाग, बूढो पात, फूल, विषालु साप, थाङ्ने बालक, अँध्यारो जस्ता बिम्ब, प्रतीकको प्रयोगले प्रस्तुत खण्डकाव्य निकै सुन्दर बन्न सकेको छ ।

### उपमा अलङ्कारको प्रयोग

मान्छे कोही विषालु साप सरिका दुर्वाच्यका सागर !

कोही दुर्वल हीनमान ममता ईर्ष्या भरेको घर !

सापै हो तर छैन त्यो गरल लौ यस्तै छ मान्छे कतै

आफै शुद्ध र बुद्ध घोषित बन्यो मान्छे घमण्डी हुँदै ॥

### अर्थान्तरन्यासको प्रयोग

ठूलो छैन खडेरीले बीउ पनि सारा डढेरै गयो

बाँझो खेत उजाड टार अहिले चौरी समानै भयो !

भोको मानिस खाद्य छैन घरमा नाउँ किसानी छ यो !

बच्चा लल्ल र विल्ल छन् यि-बबुरा झूप्रो चुहूने भयो

## दृष्टान्त अलङ्कारको प्रयोग

एशीयाका ज्योतिको जन्म जाहाँ !

के होला लौ ? अन्धकारै नि ! त्याहाँ ?

बत्ती बल्दा फेदमा अन्धकार !

कस्तो हो यो ? मूर्खताको बिचार !!

### ४.५.८ सर्गयोजना

समयचक्र खण्डकाव्य उपक्रम, विषय प्रवेश, समय बोध-एक, समयबोध-दुई र उपसंहार गरी जम्मा पाँच सर्ग खण्ड वा भागमा विभाजन गरिएको छ । उपक्रम शीर्षकको पहिलो सर्गमा शार्दूलविक्रीडित छन्दका एघार पद्य राखिएका छन् भने विषय प्रवेश शीर्षकको दोश्रो सर्ग वा खण्डमा वसन्ततिलका, शार्दूलविक्रीडित र मन्दाक्रान्ता छन्दका सैंतीस श्लोक राखिएका छन् । यस्तै समयबोध-एकमा शार्दूलविक्रीडित छन्दका एकचालीस पद्य र समयबोध दुईमा वसन्ततिलका, शार्दूलविक्रीडित, उपजाति र स्वागता छन्दका एकसठी श्लोक रहेका छन् । उपसंहार शीर्षकको खण्डकाव्यको पाँचौ तथा अन्तिम सर्गमा उपजाति, वसन्ततिलका, शालिनी, श्रग्धरा र शिखरिणी छन्दका उनन्चालीस श्लोक रहेका छन् । यसरी हेर्दा समयचक्र खण्डकाव्य जम्मा एक सय एकानब्बे (१९१) श्लोकको संरचनामा रहेको छ ।

पूर्वीय खण्डकाव्य सिद्धान्तका शास्त्रका सर्गबद्धतालाई खण्डकाव्यको अनिवार्य तत्व नमाने तापनि नेपाली खण्डकाव्यको इतिहासमा भने यो स्थापित भैसकेको छ । यसदृष्टिले हेर्दा एक अर्कोसँग अन्तर सम्बन्धित भएका पाँचवटा सर्ग वा खण्डमा रचना गरिएको समयचक्र खण्डकाव्य सर्गयोजनाका दृष्टिले सफल रहेको मान्नु पर्छ ।

### ४.५.१० भाषाशैली

बुद्धि घिमिरेको समयचक्र खण्डकाव्यमा शब्दविन्यास वाक्यविन्यास एवं वर्ण विन्यासमा माधुर्य कलाकारिता र प्रभावात्मक सौन्दर्यसहित शैलीगत सङ्क्षिप्तता र तीव्रताको पालना भएको पाइन्छ । कविप्रौढोक्ति शैलीमा रचना गरिएको यस खण्डकाव्यमा तत्सम, तद्भव, आगन्तुक, ठेट नेपाली प्रायः सबैप्रकारका शब्दको प्रयोग गरिएको छ । "अवर्त, इरान, आनन्द, प्रभाव, मन्द, शान्ति, सम, ज्ञान, दया सागर, कीर्ति, सूर्य, सृष्टि, सुनौला, अर्पण, दम्भ, ममता, बुद्ध, भीषण, नवपालुवा, चर्मचक्षु, जलधारा, यक्ष सिक्री खेताला, तावा, खस्रो जस्ता तत्सम र तद्भव शब्दहरु कर्फ्यू, बम, रोवर्ट, लास, कलस जस्ता आगन्तुक शब्दहरु, पासा, झुट, झिना जस्ता प्राकृत स्रोतका शब्दहरु झुत्रो, थाङ्ना फड्को आदि नेपाली पाराका शब्दहरु ढकमक्क, झसङग जस्ता अनुकरणात्मक शब्दहरु र निपातहरुको प्रयोग गरिए पनि भाषा शैलीमा कुनै जटिलता भने आएको छैन ।"[६७] कविले यस खण्डकाव्यमा आफ्नो छन्दगत कालिगडीको बेजोड परिचय समेत दिएका छन् । कविको छन्दगत पाण्डित्य प्रदर्शन र रामायण महाभारतका कतिपय प्रसङ्गलाई सूत्रात्मक रुपमा व्यक्त गर्ने शैलीका कारण पूर्वीय दर्शनको ज्ञान नभएका एवम् छन्दवाचनको अभ्यास नभएका कतिपय पाठकलाई भने यसले अप्ठेरोमा पार्ने देखिन्छ । यसो भए पनि प्रस्तुत खण्डकाव्यमा भएको सरलता, सहजता, बोधगम्यता एवं रसमय आलङ्कारिक अभिव्यक्तिका कारण यसको भाषाशैली उत्कृष्ट रहेको छ ।

### ४.५.११ उद्देश्य

खण्डकाव्यकार बुद्धि घिमिरेले समयचक्र खण्डकाव्यमा वर्तमान समयको गतिचक्रमा फँसिरहेको नेपाल र नेपालीहरुलाई मुक्त गर्ने चाहाना व्यक्त गरेका छन् । यस खण्डकाव्यमा वर्तमान समयमा विश्व नै अशान्तिको भूँमरीमा रुमलिइरहेको यथार्थ प्रस्तुत गर्दै समयले घुमाएको कालचक्रको गतिलाई बुझेर त्यसबाट मुक्त हुन आह्वान गरिएको छ । "हाम्रो देश नेपाल पनि विश्वभित्रै रहेको र यसै समयसँग गुज्रदै गरेको हुँदा होहल्ला, द्वन्द्व, आतङ्क र खिचातानीभन्दा पर रहन सक्दैन भन्ने

---

[६७] ऐजन ।

मैले ठानेको छु । यसैको प्रतिविम्ब वा छाप यस लघु संरचनाभित्र देखिन सक्छ । आत्मसाक्षी राखेर नेपालीले एक मुठी माटो समातेर कसम खाने बेला आएको छ । समयले विशाल वस्तुलाई तिवत् र तिललाई पहाड बनाउँदै गरेको विश्वपरिस्थितिमा एशिया, अफ्रिका र ल्याटिन अमेरिकाली अविकसित वा अल्पविकसित देशहरुका गरिब जनता नै यस भूँमरीमा परेका छन् । मान्छे भएर पनि बाँच्न पाएका छैनन् । यही विडम्वनापूर्ण परिस्थिति समयचक्रमा प्रतिविम्बित छ ।"[६८]

यसरी मानव जीवनका असल र खराव दुबै प्रवृत्तिका पात्रहरुको चयन गर्दै मानव समाजलाई हत्या हिंसार आतङ्कबाट मुक्त पर्ने चाहाना नै प्रस्तुत खण्डकाव्यको उद्देश्य हो ।

## ४.६ बुद्धि घिमिरेको मूलभूत प्राप्तिको विधा एवं कृति

काव्य सिर्जनामा लागेको चालीस दशक पार गरि सकेका बुद्धि घिमिरेले नेपाली साहित्यका म ुख्यतया कविता, विधाका खण्डकाव्य र समालोचनामा कलम चलाएको पाइन्छ । यी मध्ये एउटा कविता सङ्ग्रह र तीनवटा खण्डकाव्य मात्र पुस्तकाकार कृतिका रुपमा प्रकाशन भएका देखिन्छन् । घिमिरेका फुटकर कविता तथा समालोचनाहरू भने विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका देखिन्छन् । घिमिरेका फुटकर कविता तथा समालोचनाहरू भने विभिन्न पत्रपत्रिकामा प्रकाशित भैरहेकै छन् । अर्को एउटा कविता सङ्ग्रह र समालोचना सङ्ग्रह प्रकाशित हुने तयारीमा रहे पनि प्रकाशित भै सकेका छैनन् । प्रकाशित भएका कृति म बाँचेको छु कविता सङ्ग्रह, किसान, मान्छे र समयचक्र खण्डकाव्यलाई हेर्दा खण्डकाव्य विधामा नै घिमिरेको काव्यकालिगढीताप्रतिको निपूर्णता देख्न सकिन्छ । त्यसैले समालोचना सङ्ग्रह प्रकाशित नभई सकेको वर्तमान सन्दर्भमा घिमिरेको मूलभूत प्राप्तिको विधा खण्डकाव्य नै हो भन्न सकिन्छ ।

---

[६८] बुद्धि घिमिरे, पूर्ववत् ।

## ४.७ समालोचकका रुपमा बुद्धि घिमिरेको उपस्थिति

### ४.७.१ समालोचना कुसुमको संक्षिप्त परिचय

आधुनिक कविता र काव्य विधामा शसक्त रुपमा कलम चलाउने बुद्धि घिमिरेले तीनवटा खण्डकाव्यहरू 'किसान' 'मान्छे' र 'समयचक्र र 'म बाँचेको छु' कविता संग्रह नेपाली साहित्य बाटिकामा थप्ने कार्य पूरा गरिसकेपछि त्यसको १० वर्षपछि वि.सं. २०६५ सालमा "समालोचना कुसुम" प्रकाशित गरेर नेपाली समालोचनाको क्षेत्रमा एउटा ईंटा थप्ने कार्य गरेका छन् ।

यो संगालोको बाहिरी आवरण बढो आकर्षक ढङ्गको छ । हिमाल मुनिको हरियाली जङ्गलको बीचमा बसेर समालोचकले विभिन्न साहित्यकारहरुको समालोचना गर्दै गरेको आकर्षक आवरण प्रस्तुत गरिएको छ । साहित्यकार चूडामणि रेग्मीले यसको भूमिकामा उल्लेख गरेको विवरण यस्तो छ । 'यो संगालोमा जम्मा १६ वटा लेखहरु छन् । केही लेख समालोचनाका सिद्धान्तका आधारमा चिन्तन गरिएका छन् । केही लेखमा यस्ता चिन्तन मिसाएर विधागत इतिहासको क्रममा चियाइएको छ । यस्ता लेखहरु हुन्- (१) महाकाव्यको विकास र नेपाली महाकाव्य (२) खण्डकाव्य सिद्धान्त एवम् नेपाली खण्डकाव्यको विकासक्रम र वर्गीकरण (३) पर्वीय साहित्यका सन्दर्भमा ध्वनिवाद (४) नेपाली साहित्यको सन्दर्भमा आधुनिकता, प्रगतिशीलता र यथार्थवाद संस्कृतका केही काव्यशास्त्रीय र शास्त्रीय चिन्तनहरु चिनाउने लेखमा (क) संस्कृत काव्यशास्त्र छोटो चिनारी, (ख) हिन्दू संस्कृतिमा प्राचीन गुरुकुल परम्परा समीक्षात्मक अध्ययन, कृति र कृतिकारको परिचयात्मक विश्लेषणात्मक लेखहरु हुन् (१) बालकृष्ण सम र आगो र पानी खण्डकाव्यको समीक्षात्मक अध्ययन (२) लेखनाथ र उनको नव्यकाव्य तरुणतपसी मीमांसा (३) सोमनाथ सिग्देल र उनको महाकाव्य आदर्श राघर्वको परिचय र विश्लेषण, (४) देवासुर संग्राम परिचयात्मक चिन्तन (५) विश्वेरप्रसाद कोइरालाका उपन्यासमा नारी अस्मिताको सन्दर्भ (६) माधव भँडारीको पौराणिक कथा संग्रह पावर्ती परिणय एक समीक्षा (७) क्यालेण्डरका घुम्तीहरु कथा संग्रहको छोटो समीक्षा (८) कथाकार विष्णु नवीन  र लोग्ने स्वास्नी कथाको छोटो विवेचना कवि श्यामकृष्ण श्रेष्ठका कवितामा छन्द प्रयोग र सौन्दर्य चेतना उक समीक्षा । यसरी

यी नौ वटा लेखहरुमा केहीमा नेपाली खण्डकाव्य, महाकाव्य र तिनका कृतिकारका महत्वपूर्ण पक्षको चर्चा परिचय, व्याख्या विश्लेषण गरिएको छ । पोखराका बुद्ध धर्मावलम्बी हाँस्य व्यङ्ग्यकार, विश्व शाक्यबारेको लेख, पोखरेली प्रतिनिधि हाँस्य व्यङग्यकार विश्व शाक्यको छोटो चर्चा गरिएको छ । यी सबै लेखहरु समालोचकमा हुनुपर्ने मूल्याङ्कनले परिपूर्ण छन् ।' यो समालोचनाक 'कुसुम' जम्मा १५८ पृष्ठको रहेको छ । यसको शुरुको पानामा समालोचनाको शीर्षक र रचनाकारको नाम उल्लेख गरिएको छ । दोश्रो पानामा सादर समर्पण समालोचकका आमाबाबुलाई प्रकट गरिएको छ । तेश्रोत पृष्ठमा चूणामणि रेग्मीको भूमिका प्रस्तुत छ भने चौथो पृष्ठमा समालोचक बुद्धि घिमिरेको आफ्ना भनाई राखिएको छ । पाचौं पृष्ठमा प्रकाशकीय टिका घिमिरेको मन्तव्य राखिएको छ । छैटौं पृष्ठमा विषयक्रम राखिएको छ ।

✡✡✡

# परिच्छेद पाँच

## उपसंहार

### ५.१ बुद्धि घिमिरेको जीवनी, व्यक्तित्व, कृतित्व र कवित्वको समग्र मूल्याङ्कन

दृढ इच्छाशक्ति भएका व्यक्तिहरू नै जीवनमा सफल बन्न सक्छन् । सानातिना कठिनाई र अभावमा तिघ्रा कमाउनेहरूले जीवनमा सफलता हासिल गर्न सक्तैनन् । कुनै एउटा सफल व्यक्तिको जीवनभित्र यस्ता दुःख पीडाका अनेकौं कथा-व्यथा लुकेका हुन सक्छन् । जीवन यात्रामा आफ्ना पाइला गतिमान बनाउँदै जानेले बाटामा सानो अवरोध देखेर फर्कियो भने अथवा केही रमाइलो वस्तु देखेर त्यसैमा लोभिएर बस्यो भने कहाँ लक्ष्यमा पुग्न सक्छ र ! फेरी 'लगनपछिको पोतेको के काम' भने झैं समय र उमेर वितिसकेपछि आएको बुद्धिको पनि केही अर्थ रहदैन ।

यसरी हेर्दा एउटा सामान्य शिक्षित परिवारमा जन्मिएका बुद्धि घिमिरेमा सानैदेखि संस्कृत पढेर माधव भण्डारी गुरु जस्तै विद्वान बन्ने जुन प्रेरणा पलायो त्यसलाई साकार पार्न निकै कठिनाई वेहोर्नु परेको देखिन्छ । सानै उमेरमा राम्रो संस्कृत पढाइ हुले विद्यालयको खोजमा बृन्दावन, खर्साङ र वनारसतिर जाँदा उनले दुःख, कष्ट मात्र नभएर भिन्न-भिन्न समाज, संस्कृति र विविध विचार भएका व्यक्तिहरूसँग रहेर बैचारिक अनुभव समेत सङ्गाल्ने अवसर प्राप्त गरे । यसै क्रममा उनले साहित्याचार्य, साहित्यरत्न र नेपालीमा स्नातकोत्तर तह समेत उत्तीर्ण गरेर एक कुशल शैक्षिक व्यक्तित्वका रुपमा आफूलाई स्थापित गर्न सकेको पाइन्छ । तेह्र वर्ष लामो वनारस बसाइले घिमिरेको जीवनमा ठूलो परिवर्तन ल्याइदियो । यसै क्रममा उनले पढाइका अतिरिक्त साहित्यिक पत्रकारिता, विद्यार्थी राजनीति, प्रध्यापन जस्ता सम्मानित कार्यमा हात हालिसकेका थिए, जसलाई हालसम्म पनि घिमिरेले निरन्तरता दिइरहेकै छन् ।

वि.सं. २०६२ मा 'मुटु जल्न लागेको छ कविता प्रकाशित गरेर औपचारिक कवि जीवनमा प्रवेश गरेका बुद्धि घिमिरे वर्तमानसम्म काव्य सिर्जना एवम् विविध साहित्यिक गतिविधिमा निकै सक्रियताका साथ लागिरहेका छन् । जीवनको पूर्वाद्ध

अथवा अध्ययन कालमा निकै सङ्घर्ष गरेका घिमिरेले काव्य सिर्जनामा आफूलाई निरन्तर समाहित गरिरहन सकेका कारण एकपछि अर्को गर्दै सफलताका सिंढीहरू उकाल्न सकेका छन् । जीवनमा धेरै दुःख कष्ट, पीडा, आँसु र हाँसो बेहोर्दै संस्कृत एवम् नेपाली साहित्यको गहिरो अध्ययन गरेका घिमिरेका परिपक्व विचारका अभिव्यक्तिहरू उनका साहित्यिक रचनामा यथेष्ट पाइन्छ । 'म बाँचेको छु' (वि.सं. २०५४) कविता सङ्ग्रह, किसान र मान्छे (वि.सं. २०६१) खण्डकाव्यद्वय र समयचक्र (वि.सं. २०६२) खण्डकाव्य गरी चारवटा कृति प्रकाशन गरिसकेका घिमिरेका फुटकर रचनाहरू विभिन्न साहित्यिक पत्र पत्रिकामा यथेष्ट पढ्न पाइन्छ । त्यसो त उनको पद्य कविता सङ्ग्रह र समालोचना सङ्ग्रह पनि प्रकाशित हुने अन्तिम तयारीमा रहेका छन् ।

जीवन निर्वाहको प्रमुख पेशाका रुपमा प्राध्यापनलाई लिएता पनि घिमिरेले साहित्य सिर्जना र प्रकाशनमा पनि निकै श्रम, समय र अर्थ खर्च गरिरहेका छन् । यसकै परिणाम भनौ घिमिरेमा प्राध्यापक व्यक्तित्व, सम्पादक व्यक्तित्व, खण्डकाव्यकार व्यक्तित्व जस्ता व्यक्तित्वका विविध पक्षहरू विकसित हुने अवसर पाएको देखिन्छ ।

पद्यलाई बढी मनपराएता पनि गद्य-पद्य दुवैमा घिमिरेले फुटकर कविता रचना गरेका छन् । रस, भाव, अलङ्कार एवं परिष्कृत भाषा शैलीका कारण घिमिरेका फुटकर कविताहरू निकै ओजपूर्ण बनेका छन् । सरल किसिमका बिम्ब प्रतीकको प्रयोग, समसामयिक विश्व राजनैतिक घटनाक्रमको बेजोड प्रस्तुतीकरण एवं देशको वर्तमान राजनैतिक घटनाक्रममा नै उनका फुटकर कविताहरू विशेष केन्द्रित रहेको पाइन्छ ।

किसान, मान्छे र समयचक्र गरी तीनवटा खण्डकाव्यात्मक रचनाहरू पनि घिमिरेले प्रकाशन गरिसकेका छन् । फुटकर कविताबाट अघि बढेको घिमिरेले कवितायात्राले अहिलेसम्ममा कविताको मझौलो रुप खण्डकाव्यसम्म पुग्ने अवसर प्राप्त गरिसकेको छ । आकारको दृष्टिले 'किसान' र 'मान्छे' खण्डकाव्य निकै दुब्ला देखिएतापनि 'समयचक्र' खण्डकाव्य भने केही वाक्लो रहेको छ । 'किसान' खण्डकाव्यमा १६१ श्लोक र 'मान्छे' खण्डकाव्यमा ११४ श्लोक रहे पनि 'समय चक्र'

खण्डकाव्यमा भने १९१ श्लोक रहेका छन् । ‘किसान’ खण्डकाव्यमा आफू जीवनभर पसिना बगाएर संसारको प्राण रक्षा गर्ने किसानले भोग्नु परेका दुःख, कष्ट र पीडाहरूलाई कारुणिक रुपमा उठान गरिएको छ । ‘मान्छे’ खण्डकाव्यमा मान्छे-मान्छे बीच रहेको असमानता र विभेदले सिर्जना गरेको वर्तमान विकराल परिस्थितिको चित्रण गरिएको छ । यसैगरी ‘समयचक्र’ खण्डकाव्यमा समयरुपी चक्रमा पिसिइरहेका वर्तमान मानवका अवस्थाहरूको चित्रण गरिएको छ । ‘समयचक्र’ खण्डकाव्य घिमिरेको मूलभूत प्राप्तिको कृति हो भने खण्डकाव्य विधा उनको मूलभूत प्राप्तिको विधा हो ।

घिमिरेका तीनवटै खण्डकाव्यहरू शास्त्रीयछन्दमा रचना गरिएका छन् । रस, भाव, अलङ्कार, बिम्ब, प्रतीक आदिको समुचित व्यवस्थापनले खण्डकाव्यमा घिमिरेको काव्य कालिगढीप्रतिको सिर्जनात्मक निपुणता स्पष्ट देख्न सकिन्छ । घिमिरेका खण्डकाव्यमा विषयवस्तुगत केही नवीनता झल्के पनि प्रस्तुति र शैली भने परम्परागत नै रहेको छ । भावका दृष्टिले खण्डकाव्यकार प्रगतिवादी हुन् भन्न डराउनु पर्ने स्थिति छैन । तथापि शैलीशिल्पलाई हेर्दा भने घिमिरेले परम्परालई पूर्णरुपमा छोड्न नसकेको देखिन्छ । यसरी हेर्दा परम्परा र प्रगति शीलताको तानातानिमा घिमिरेका रचनाहरू अल्झि रहेको आभास हुन्छ । त्यसैले साहित्यकार बुद्धि घिमिरेलाई शास्त्रीयतावादी अथवा प्रगतिवादी के हुन् भनेर ठ्याक्कै छुट्याउन नसकिने देखिन्छ तै पनि निम्न बर्गीय परिस्थिति र जनसाधारणको पक्षमा वकालत गर्ने कृतिहरूका आधारमा प्रगतिवादी खेमाका सशक्त हस्ताक्षर कैरुपमा मूल्याङ्कन गर्नु त्यति अर्घेल्याइँ हुनेछैन ।

“सधै अघि बढिरहने हो भने पछिलाई छोडि रहन सक्नुपर्छ । पछिलाई पनि साथै लिएर अघि जान सक्नु असम्भव छ । मायालाग्दो हुन्छ त्यसलाई रुँघेर बसिरहनु जस्तो पनि लाग्छ, कति बसिरहेकै पनि हुन्छन् तर युग र समयसँग हिड्न नसक्ने, गति मिलाउन नसक्नेहरू यथास्थिति र पुरातन हुँदै छोडिदै जान्छन्”[६९] कृष्ण धरावासीको यस भनाइले पनि के सङ्केत गर्छ भने साहितयकारहरू नयाँ

[६९] कृष्ण धरावासी, प्रयोगहरू भनेका वालुवामा टेकिएका पाइलाहरू हुन्, साहित्यिक सङ्गम वर्ष-५, अङ्क-४, ( २०६३ बैसाख जेष्ठ ) पृ.-९ ।

पनका भोका हुन्छन् तर पुरानोलाई पनि माया गरिराख्छन् अनि दोधारमै परिरहन्छन् । एकातिर परम्परा भाँचिएला कि भन्ने डर अर्कातिर नवीनताको खहरेमा लागेर आफूलाई स्थापित गर्न नसकिएला कि भन्ने डर । हनु त हरेक मान्छेहरूका विचारहरू आफ्नै अर्थ र सापेक्षतामा ठीक भैरहेका हुन्छन् । त्यसैले सर्जकहरू आफूले अँगालेको पद्धतिलाई स्थापित गर्न आ-आफ्नै पाराले बहस पनि गरिरहेका हुन्छन् । तथापि यो कुरा प्राय निर्विवाद छ कि युग, परिस्थिति अब बदलिएको छ अथवा पाठकहरू नवीनताका भोका छन् । साहित्यकारहरूले केही नयाँ खुराक दिउन् भन्ने अपेक्षा गर्छन् । त्यसैले साहित्यकारहरूले परम्पराको निर्वाह गरेर मात्र अब पुग्दैन केही नयाँ खुराक अवस्य पस्कन सक्नुपर्छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने साहित्यकार बुद्धि घिमिरे जस्ता सिद्धहस्त परिपक्क विचारशील एवं बौद्धिक कविका हातबाट आजका नवीनता चाहने बोद्धिक पाठकले अपेक्षा गरे अनुसारको साहित्य सिर्जना हुनसके नेपाली साहित्यले अवस्य फड्को मार्नेछ । त्यसो त घिमिरेका जे जति रचना अहिलेसम्म प्रकाशित भैसकेका छन् तिनीहरूले नेपाली साहित्यमा एउटा इँटा अवस्य थपिएको छ । आशा गरौं अरु इँटाहरू अझ थपिदै जानेछन् । यसका साथै घिमिरेको अध्ययनकालको सङ्घर्षमय जीवनकथालाई मनन् गरेर सहजरुपमा प्राप्त गर्न सकिने आजको शिक्षा दीक्षाको प्रबन्धलाई आजका अध्येताहरूले दुरुप्रयोग नगरुन् । जीवनमा सङ्घर्ष गरेरै भए पनि आवशयक शिक्षा प्राप्त गर्न सक्नुपर्ने रहेछ भन्ने प्रेरणा प्रापग गर्न सकन् । साहित्यको सिर्जना र संरक्षणमा सबैले एक चित्तले लाग्नु हाम्रो परम् कर्तव्य हो भन्ने प्रेरणा घिमिरेबाट प्राप्त गर्न सकिन्छ ।

## ५.२ भावी कार्यको सम्भावना

यस शोधकार्यमा बुद्धि घिमिरेका पुस्तकाकार रुपमा प्रकाशित कृति बाहेकका प्रकाशित फुटकर कविताहरू, समालोचनाहरू र प्रकाशोन्मुख पद्य कविता संग्रह तथा समालोचना संग्रहका बारेमा प्रकाश पार्न सम्भव भएन । अतः घिमिरेका प्रकाशोन्मुख कृतिहरू तथा पत्रपत्रिकाहरूमा प्रकाशित रचनालाई लिएर भविष्यमा कुनै व्यक्ति वा शोधकर्ताले शोधपत्र तयार पार्नसक्ने सम्भावना रहेको छ । त्यसो त यहाँ चर्चा गरिएकै कृतिहरूलाई पनि भविष्यमा अन्य साहित्यिक तत्व तथा सिद्धान्तका आधारमा गहन अध्ययन गरी शोधकार्य गर्नसक्ने सम्भावना पनि रहेकै छ ।

**यस कार्यका लागि सम्भावित शीर्षकहरू निम्न बमोजिम रहेका छन्:-**

(क) प्रगतिवादी दृष्टिकोणबाट बुद्धि घिमिरेका कविता र खण्डकाव्यको अध्ययन विश्लेषण र मूल्याङ्कन ।

(ख) शास्त्रीयतावादी दृष्टिकोणबाट बुद्धि घिमिरेको कवित्वको विश्लेषण र मूल्याङ्कन ।

(ग) बुद्धि घिमिरेको खण्डकाव्यकारिता

✡✡✡